# मध्यमकालीन खर्च संरचना

## आ.ब.२०८०/०८१-२०८२/०८३

# Medium Term Expenditure Framework

## F.Y-2023/024 - 2025/026

# मालारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## खनदह, अर्घाखाँची, लुम्बिनी प्रदेश ।

# परिच्छेद- १
# परिचय र उद्देश्य

## १.१ पृष्ठभूमि :

गाउँपालिकाको आवधिक योजना, बार्षिक बजेट तथा कार्यक्रम र बिभिन्न क्षेत्रगत रणनीतिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक खर्च ब्यवस्थापनको महत्वपुर्ण भूमिका हुन्छ। आवधिक योजनालाई वार्षिक बजेट र कार्यक्रमसंग जोड्ने वित्तीय अनुशासनको औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक श्रोत ब्यवस्थापनलाई प्रभावकारी बनाउँन सहयोग गर्दछ। नेपालमा आ.व. २०५९/६० वाट उपयोगमा ल्याइएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य सरकारले गर्ने सबै खर्च प्राथमिकताका आधारमा बाडफाँड गरी खर्चको प्रभावकारिता बढाउनु हो ।स्थानीय तहमा पनि यसले विकास योजनाको लक्षित नतिजा हासिल गर्न श्रोत-साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउँन महत्वपूर्ण भूमिका निर्बाह गर्दछ।

## १.२ अबधारणा र उद्देश्य

### १.२.१ अबधारणा

सार्वजनिक बित्त ब्यवस्थापनको एक औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले गाउँपालिकासंग उपलब्ध सीमित श्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र त्यसलाई आवधिक विकास योजनाले लिएका प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस अन्तर्गत संघ तथा प्रदेशबाट गाउँपालिका लाई विभिन्न शिर्षकमा प्राप्त हुने श्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य श्रोत समेत आंकलन गरी समष्टिगत वित्तीय खाका निर्धारण गरिन्छ। यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरुप बिषयगत कार्यालय/शाखा र गाउँपालिकाको अन्य निकायसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक मध्यम अबधिको बजेट विनियोजन गर्न मध्यमकालीन खर्च अनुमानको विषयगत सीमा तयार गरिन्छ ।यसरी निर्धारण भएको बजेटको सीमा भित्र रहेर बिषयगत कार्यालय/शाखाले नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक खर्चको कार्यक्रम तथा आयोजनागत विनियोजन अनुमान गर्दछन्। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ । यसमा पहिलो वर्ष बजेटको वास्तविक अनुमान हुन्छ भने बाँकी दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ ।जसमा पहिलो वर्षको प्रगति समिक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन गरी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ ।यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ ।

### १.२.२. उद्देश्यहरु;

गाउँपालिकाले तर्जुमा गर्ने मध्यमकालीन खर्च संरचनाको मूख्य उद्धेश्य देहाय बमोजिम रहेका छन्;

१) आवधिक योजना र बार्षिक बिकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी श्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

२) आयोजनाहरुको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई श्रोतको सुनिश्चितता गर्न,

३) सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि गाउँपालिका लाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जूमा गर्नु,

४) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

५) बजेट अनुमानलाई बढी वास्तविक बनाउनु,

१.३ कानुनी तथा नीतिगत ब्यवस्थाः

सार्बजनिक खर्च ब्यबस्थापनको सन्दर्भमा संविधानले ब्यबस्था गरेको प्राबधानहरु एबं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक,सामाजिक, वाताबरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित बिभिन्न नीति,ऐन,नियमको कार्यान्वयन तथा दिर्घकालिन योजना,आवधिक योजना र बिषयगत रणनीतिक योजनाको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आबश्यक छ | सोहि मुताबिक यो मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधार लिएको छ;

- नेपालको संबिधान
- स्थानीय सरकार संचालन ऐन,२०७४
- अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६,
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन,२०७८ (परिमार्जित)
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- मालारानी गाउँपालिकाको प्रथम आवधिक योजना
- गाउँपालिकाको गाउँ पार्श्वचित्र, बार्षिक नीति तथा कार्यक्रम एबम योजना र बिषयक्षेत्रगत नीति |

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियाः

मालारानी गाउँपालिकाले आफ्नो प्रथम मध्यमकालीन खर्च संरचना (आ.ब.०८०/८१-०८२/८३) देहायको तालिका न.१ बमोजिमको प्रक्रिया बमोजिम तर्जुमा गरेको छ भने आगामी आर्थिक बर्ष देखि तर्जुमा हुने मध्यमकालीन खर्च संरचनाको हकमा गाउँपालिकाले स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) मा भएको व्यवस्था अनुरुपको प्रक्रिया र समयसीमा अनुसरण गर्नेछ।

तालिका न.१

| **क्रियाकलाप** | **जिम्मेवारी** |
|---|---|
| कार्यपालिकाका सदस्यहरु र विषयगत शाखा प्रमुखलाई अभिमुखीकरण गर्ने | कार्यदल |
| चालु आवधिक योजना तथा अन्य क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको समिक्षा गर्ने | कार्यपालिका |
| त्रीवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र श्रोतको आंकलन तथा बजेट र मध्यमकालीन खर्च संरचना तर्जुमा मार्गदर्शन तयारी | स्रोत अनुमान समिति |
| मध्यमकालीन खर्च संरचनाको श्रोत अनुमान, बजेट सीमा र मार्गदर्शन पारित गर्ने | कार्यपालिका |
| क्षेत्रगत बजेट सीमा र मार्गदर्शन विषयगत समिति वडा कार्यालय र विषयगत शाखामा पठाउने | प्रमुख प्रशासकीय अधिकृत |

| | |
|---|---|
| बिषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी | बिषयगत शाखा/कार्यदल |
| विषयक्षेत्रगत रुपमा छलफल र प्राथमिकीकरणः<br>- आयोजना अन्तिम प्राथमिकताक्रम सहितको सुची तयार गर्ने (आयोजनाहरू गाभ्ने, हटाउने र आयोजनाको पुन प्राथमिकीकरण गर्ने) | विषयगत समिति |
| मध्यमकालीन खर्च संरचना, कार्यक्रम र बजेट प्रस्ताव गर्ने<br>- नयाँ आयोजना (श्रोतको अवस्था हेरी) छलफल गर्ने, पहिचान भएका आयोजनाको आवश्यकता, तयारी अबस्था र औचित्य हेरी बजेट छलफल गर्ने<br>- मध्यमकालीन प्रक्षेपण (बजेट स्रोत तथा खर्चको प्रक्षेपण) सहितको खाका तयार गर्ने<br>- आयोजनाको विवरण तयारी गर्ने<br>- नतिजा खाका तयारी गर्ने | कार्यदल |
| मध्यमकालीन खर्च संरचना छलफल/परिमार्जन तथा आवश्यकता अनुसार सुझाव सहित कार्यपालिकामा पेश गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| बार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचना उपर छलफल/परिमार्जन र स्वीकृत गर्ने | कार्यपालिका |
| बार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचना अनुमोदन गर्ने | गाउँसभा |

क) त्रिवर्षीय प्रक्षेपण सहित कुल बजेट र श्रोतको आकार तयारी गर्नेः गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको प्रक्षेपित अवस्था, सङ्घ र प्रदेश सरकारबाट प्राप्त स्रोतको आधारमा आगामी ३ वर्षको बजेट तथा कार्यक्रम बारेमा वडा कार्यालय, सम्बन्धित बिषयगत कार्यालय, योजना तथा प्राविधिक महाशाखा र गाउँपालिका को कार्यपालिकाले नीतिगत छलफल गरी आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गरी प्रारम्भिक प्रतिवेदन गरिएको छ । यो कार्य गर्दा सम्बन्धित निकायहरूको संलग्नतामा योजना तथा प्राविधिक शाखाले समग्रमा पुनरावलोकन गरी अवधारणापत्र तयार गरेको छ भने स्रोत समितिले गाउँपालिका को अर्थतन्त्रको वर्तमान स्थिति, चालु आवधिक योजना, सङ्घ र प्रदेश सरकारवाट बिभिन्न शिर्षकमा प्राप्त हुने बजेट स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम तथा रोयल्टी बापत प्राप्त हुने रकम, बाह्य एवम् आन्तरिक वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको कुल बजेटको आकार तयार गरिन्छ।

ख) बजेट सीमा निर्धारण तथा बाँडफाँट : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी ३ वर्षको स्रोत तथा खर्च अनुमान तथा प्रक्षेपणका आधारमा योजना शाखाद्वारा निकायगत र विषयगत रुपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार गरियो ।माथि उल्लेख भएअनुसार तयार भएको निकायगत/विषयगत बजेट सीमा र मार्गदर्शन कार्यदलमा पेश भै आबश्यक छलफल तथा परिमार्जन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति मार्फत कार्यपालिकामा स्वीकृतिको लागि पेश गरिएको थियो | कार्यपालिकावाट स्वीकृत बजेट सीमा र मार्गदर्शनलाई वडा कार्यालयसँगको प्रत्यक्ष सम्पर्क र सहयोग समेतको आधारमा बिषय उपक्षेत्रगत र क्षेत्रगत रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्न सम्बन्धित शाखामा प्रेषित गर्ने |

ग) बिषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारीः

गाउँ कार्यपालिकावाट स्वीकृत गरी पठाएको बजेट सीमा र मार्गदर्शनभित्र रही सम्बन्धित बिषयगत शाखाले आफ्नो बिषय क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा आयोजनामध्ये वडा कार्यालयसँगको समेत समन्वयमा आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना/कार्यक्रमहरूको त्रिबर्षीय खर्च प्रक्षेपण सहितको बिषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना विवरण तयार गरियो र यसरी उपक्षेत्रगत रुपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको विवरणलाई कार्यदलले सम्बन्धित शाखा प्रमुखसँगको सहकार्यमा बिषयक्षेत्रगत रुपमा एकिकृत गरी बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार गरी गाउँपालिकाको आबाधिक योजना, नीति तथा कार्यक्रम, स्थानीय प्राथमिकता र बिषयक्षेत्रगत नीति तथा गुरुयोजना अनुरुप आबश्यक छलफल एबम् परिमार्जनको लागि सम्बन्धित विषयगत समितिमा पेश गरियो। बिषयक्षेत्रगत रुपमा प्रस्तावित मध्यमकालीन खर्च संरचनामा प्रस्तावित आयोजना/कार्यक्रम तथा उपक्षेत्रको रणनीतिक स्तम्भ, प्राथमिकीकरण, जलवायु संकेत, लैंगिक संकेत र दिगो विकास लक्ष्यका आधारमा सांकेतीकरण समेत गर्नुपर्दछ ।

घ) विषयगत समितिमा छलफल तथा परिमार्जनः बिभिन्न बिषयगत शाखाबाट प्रस्तावित भई कार्यदलले तयार गरेको आयोजना/कार्यक्रमहरूको त्रिबर्षिय खर्च प्रक्षेपण सहितको बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट माथी सम्बन्धित विषयगत समितिमा दफावार छलफल गर्नुपर्दछ। यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान र नीतिहरू र सम्बन्धित स्थानीय तहको कार्यक्षेत्र/क्षेत्राधिकार), राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, प्रादेशिक आबाधिक योजना, गाउँपालिकाको आवधिक योजना, नीति तथा कार्यक्रम, आवश्यकता, समस्या र सम्भावना, क्रमागत आयोजना/कार्यक्रम, दिगो विकास लक्ष्य स्थानीयकरणका सवाल समेतको आधारमा छलफल गरी आयोजना/कार्यक्रम तथा उपक्षेत्रको प्राथमिकीकरण एवम् बजेट बाँडफाँट गर्नुपर्दछ।

ङ) एकिकृत मस्यौदा तयारः विषयगत समितिमा दफावार छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजना तथा उपक्षेत्रगत त्रिवर्षिय खर्च प्रक्षेपण सहितको बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यदलको सहयोगमा आबश्यक छलफल तथा परिमार्जन सहित मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा तयारी गरियो। सो क्रममा बजेट तथा कार्यक्रम तर्जुमा समितिले खर्चको माग र उपलब्ध स्रोत वीच सामन्जस्यता कायम हुनेगरी विश्लेषण गरी बिषय क्षेत्रगत माग र स्रोतको विवरण तयार गर्नुपर्दछ |

च) कार्यपालिकामा पेश तथा स्वीकृतिः बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको मध्यमकालीनखर्च संरचनाको एकिकृत मस्यौदा स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्नुपर्दछ । पेश भएको एकिकृत मस्यौदा उपर गाउँकार्यपालिकामा छलफल भई आबश्यकता अनुसार परिमार्जन सहित स्वीकृत गर्ने | कार्यपालिकावाट स्वीकृत भएको मध्यमकालीन खर्च संरचनालाई अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने |

# परिच्छेद- २

## मध्यमकालीन खर्च संरचना

### २.१ पृष्ठभूमी

सार्वजनिक बित्त ब्यवस्थापनको एक औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित श्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत संघ तथा प्रदेशबाट गाउँपालिकालाई विभिन्न शिर्षकमा प्राप्त हुने श्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य श्रोत समेत आंकलन गरी समष्टिगत वित्तीय खाका निर्धारण गरिन्छ।यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरुप बिषयगत शाखा र गाउँपालिकाको अन्य निकायहरूसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक मध्यम अबधिको बजेट विनियोजन गर्न मध्यमकालीन खर्च अनुमानको विषयगत सीमा तयार गरिन्छ।यसरी निर्धारण भएको बजेटको सीमा भित्र रहेर बिषयगत शाखाहरुले नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक खर्चको कार्यक्रम तथा आयोजनागत विनियोजन अनुमान गर्दछन्।यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ ।यसमा पहिलो वर्ष बजेटको वास्तविक अनुमान हुन्छ भने बाँकी दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ।पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ।जसमा पहिलो वर्षको प्रगति समिक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन गरी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ ।यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ।यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ ।मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको बजेट बिनियोजन तथा कार्यान्वयन कुशलता मार्फत गाउँपालिकाको दिगो विकास तर्फ मार्गदर्शन गर्दछ ।

नेपालमा विकास योजनाहरुवाट अपेक्षित उपलब्धि हासिल हुन नसक्नुको एक प्रमुख कारण उपलब्ध स्रोत साधनको सन्तुलित एवम् वस्तुपरक र प्राथमिकताका आधारमा बिनियोजन हुन नसक्नु हो । जसले गर्दा न्यून पुँजीगत खर्च, आर्थिक बर्षको अन्त्यमा गएर खर्च हुने, आर्थिक अनुशासन कायम हुन नसक्दा लगानी र सम्पन्न आयोजना/कार्यक्रमले दिगो एवम् समाबेशी प्रतिफल दिन नसक्दा हाम्रा समस्या समाधान हुन् सकेको छैनन् । यसको प्रतक्ष्य असर सार्बजनिक बित्त क्षेत्रको अतिरिक्त समग्र अर्थतन्त्र र आर्थिक-सामाजिक विकासमा पर्न गएको छ । नेपालको संविधानले परिकल्पना गरे बमोजिमको आर्थिक सामाजिक एवं भौतिक विकास प्राप्त गर्न नेपाल सरकारको दीर्घकालीन सोंच सहितको पन्ध्रौ आवधिक योजना, दिगो विकास लक्ष्यका स्थानीय सवाल, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना, गाउँपालिकाको प्रथम आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रम र मध्यम अबधिमा हासिल गर्ने उपलब्धिको घोषणा तथा प्राथमिकतावीच तादात्म्यता कायम हुनेगरी आगामी ३ बर्षको प्रथम मध्यमकालीन खर्च संरचना (२०८०/८१-०८२/८३) तर्जुमा गरिएको छ ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको आवधिक योजना, हालसम्मको बार्षिक बजेट तथा कार्यक्रम र नीतिलाई प्रमुख आधारको रुपमा लिइएको छ ।गाउँ विकासको आवधिक योजनामा उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य, प्राथमिकता तथा रणनीति र विषय क्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य र रणनीतिलाई यस चक्रीय योजनाको समष्टिगत सोच, लक्ष्य उद्देश्य तथा रणनीति विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिका रुपमा उल्लेख गरिएको छ ।गाउँ स्थिति पत्र, तथा चालु आर्थिक बर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना एवं राष्ट्रिय, प्रदेश र गाउँपालिकाको आवधिक योजना र विषयगत नीतिलाई समावेश गरिएको छ।सो अनुसार मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.२.१ गाउँ विकासको दीर्घकालीन सोच

"कृषि, पर्यटन र सहकारीः समृद्ध मालारानी"

### २.२.२ गाउँ विकासको लक्ष्य

**"कृषि र पशुपंक्षीको व्यावसायिक उत्पादनबाट आत्मनिर्भर हुने"**

माथि उल्लेखित सोच हासिल गर्न आवधिक योजनामा "कृषि र पशुपंक्षीको व्यावसायिक उत्पादनबाट आत्मनिर्भर हुने" भन्ने लक्ष्य निर्धारण गरिएको छ प्रस्तुत मुख्य सोचको अतिरिक्त गाउँपालिकाको समग्र सोचलाई देहाय बमोजिम थप स्पस्ट पारिएको छ : "आधुनिक कृषि प्रणाली, पर्यटन, दिगो पूर्वाधार, गुणस्तरीय तथा सहज शिक्षा र स्वास्थ्य तथा रोजगारी प्रबर्द्धन मार्फत सुशासनयुक्त र समृद्ध मालारानिको निर्माण गर्ने"

### २.२.३ गाउँ विकासको उद्देश्य

गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा भौतिक बिकासको लागि लगानी बृद्धि गरी उपरोक्त लक्ष्य हासिल गर्न देहायअनुसारको उद्देश्य लिईएको छ

१ कृषि र पशुपंक्षीको व्यावसायिक उत्पादन, बजारीकरण तथा पर्यटन क्षेत्रको विकास र बिस्तार मार्फत रोजगारी अभिवृद्धि, आर्थिक वृद्धि र गरिबी निवारण गर्दै आमनागरिकको जीवनस्तरमा सुधार गर्नु ।

२ शिक्षा, स्वास्थ्य तथा पोषण र सामाजिक सुरक्षामा गुणस्तरीय सुधार गर्दै समतामूलक समाजको विकास गर्नु।

३ आधारभूत भौतिक पूर्वाधारका दिगो विकास निर्माण गर्नु ।

४ वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन र विपद् उत्थानशिलता प्रवद्र्धन गर्नु, ।

५ सङ्घ, प्रदेश, विकास साझेदारनिकाय र गाउँपालिकाबिचमा समन्वय र सहकार्य गरी सन्तुलित दिगो विकासमा परिमाणात्मक र गुणात्मक सुधार गर्नु ।

६. गाउँपालिकाको सुशासन, सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्थितिमा गुणात्मक वृद्धि गर्नु

### २.२.४ गाउँ विकासको रणनीति

गाउँ विकासको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहायअनुसारका सात प्रमुख रणनीतिहरू अबलम्बन गरिनेछ :

१ कृषिको दिगो उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर हुने ।

२ बाख्रापालनलाई मिसन आयोजनाका रूपमा कार्यान्वयन गर्ने ।

३ गुणस्तरीय, सुलभ शिक्षा र स्वास्थ्य तथा पोषणमा पहुँच पुऱ्याउने ।

४ पर्यटन प्रबर्द्धन तथा दिगो पूर्वाधार विकास गर्ने ।

५ जलवायु परिवर्तन, विपद् व्यवस्थापन, दिगो विकास र वातावरणमैत्री भौतिक पूर्वाधारमा जोड दिने ।

६ गाउँपालिका, वडा, विषयगत शाखा, उपभोक्ता समिति र मानवस्रोतको संस्थागत क्षमता र सुशासन अभिवृद्धि गर्दै सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन र नतिजामुखी अनुगमन–मूल्याङ्कनमा विशेष जोड दिने ।

७ सङ्घ, प्रदेश र विकास साझेदार निकायहरूलाई आवधिक योजनाले तय गरेका योजनामा लगानी गर्न पहल गर्ने |

## २.२.५ गाउँ विकासको प्राथमिकता तथा तुलनात्मक लाभको क्षेत्र

गाउँ विकासको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य र रणनीति हासिल गर्न देहायअनुसारका प्रमुख प्राथमिकता तथा तुलनात्मक लाभको क्षेत्र पहिचान गरिएको छ :

- ✓ कृषि, पशुपालन (बाख्रापालन) र पर्यटन
- ✓ स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र सामाजिक समावेशीकरण सहितको सामाजिक न्याय,
- ✓ आधारभूत भौतिक पूर्वाधार (सडक,पूल, संचार प्रबिधि, बैकल्पिक उर्जा, सुरक्षित आवास तथा भवन),
- ✓ विपद ब्यबस्थापन र जल्बायू अनुकुलन तथा वाताबरण संरक्षण,
- ✓ संस्थागत क्षमता विकास र सुशासन प्रबर्द्धन |

## २.३ समष्टिगत आर्थिक खाका

मालारानी गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच, गाउँ विकासको लक्ष्य, उद्देश्य तथा रणनीति अनुरुप गाउँ क्षेत्रभित्र उत्पादन, रोजगारी, आय र लगानी लगायत सूचकहरुमा विगत आर्थिक वर्षको अवस्था, उपलब्धी, चालु आर्थिक वर्षको समीक्षाका आधारमा मध्यम अवधिको समष्टिगत आर्थिक खाका तयार गरिन्छ। खाका तयार गर्ने सिलसिलामा आवधिक योजनाको आधारमा बार्षिक योजनाको प्रभाव र असर तहको प्रमुख नतिजा सूचकलाई समेत आधार लिइएको हुन्छ।यस गाउँपालिकाको समष्टिगत आर्थिक खाका देहायअनुसार रहेको छः

**तालिका २.१ प्रमुख समष्टिगत आर्थिक खाका (स्रोतःप्रथम आवधिक योजना)**

| सि.नं. | सूचक/लक्ष्य | एकाई | गत आ.व. को उपलवधी | चालु आव. को अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य (गाउँपालिका) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
| १ | बार्षिक उत्पादन | रु.लाखमा | | | | | |
| १.१ | कृषि क्षेत्रको उत्पादन | रु.लाखमा | | | | | |
| १.२ | गैर कृषि क्षेत्रको उत्पादन | रु.लाखमा | | | | | |
| २ | औषत पारिवारिक आय | रु.हजारमा | ९० | ९५ | १०८ | ११५ | १३० |
| ३ | उद्योग,व्यापार र व्यावसाय | संख्या | १०६ | ११५ | १२५ | १३७ | १५० |
| ४ | औपचारिक क्षेत्रमारोजगारी सिर्जना | कार्यदिन | ४५००० | ५१५०० | ५७८०० | ६०५०० | ६३००० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | संख्या | १३२० | १३६० | १४२८ | १५०० | १६५० |

## २.४ प्रमुख नतिजा सूचक तथा समस्टिगत मध्यमकालीन नतिजा खाका

"समृद्ध नेपाल र सखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको आवधिक योजनाको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक बर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

तालिका २.२ प्रमुख समस्टिगत नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| क.स. | सूचक/लक्ष्य | एकाई | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष ०७९/८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
| 1 | आफ्नो उत्पादनले ९ देखि १२ महिनासम्म खान पुग्ने परिवार | प्रतिशत | १५ | १७ | १९ | २१ |
| 2 | बार्षिक थप रोजगारी सिर्जना | संख्या | १५ | २५ | ३० | ३५ |
| 3 | खाद्यान्न बाली उत्पादन | मे.टन | ३००० | ३१५० | ३२४५ | ३३४२ |
| 4 | वार्षिक ३ लाख भन्दा बढी आम्दानी हुने घरपरिवार | प्रतिशत | ७०० | ७३५ | ७५७ | ७७५ |
| 5 | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | संख्या | १२ | १५ | १९ | २५ |
| ६ | खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ६६५० | ६७०० | ६७५० | ६८४० |
| ७ | १२ है महिना सिंचाई हुने क्षेत्र (जम्मा खेतीयोग्य जमिनको) | प्रतिशत | २ | २.५ | २.८ | 3.5 |
| ८ | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि | ३२ | ४० | ५२ | ६० |
| ९ | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३५ | ४० | ४७ | ५१ |
| 10 | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ७७ | ८५ | ९२ | १०० |
| 1१ | विद्यालय वाहिर रहेका (५—१५ वर्ष) बालबालिका | संख्या | १.४ | १.२ | १ | ०.८ |
| १२ | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ०.७२ | ०.६ | ०.५ | ०.४ |
| १३ | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | ८०.५ | ८४ | ८८ | ९३ |
| १४ | सुरक्षित शौचालय भएका घरधुरी | प्रतिशत | ७३ | ७५ | ७८ | ८२ |

*नोटः प्रथम आवधिक योजनामा समाबेश विवरण र बार्षिक बजेट तथा कार्यक्रम तथा सम्बन्धित शाखावाट प्राप्त विवरणको आधारमा तयार गरिएको )*

## २.५ समष्टिगत मध्यमकालीन बजेट खाका

गाउँपालिकाको खर्च अनुमान तथा स्रोत आँकलन गर्दा देहायका आधार अपनाइएको छ;

१. आर्थिक बर्ष २०७८/७९ र २०७९/८० को बार्षिक बजेट तथा कार्यक्रमको विवरण र खर्च को आधारमा आर्थिक बर्ष ०८०/८१ को खर्च तथा आयको प्रक्षेपण गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रम, लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ ।

२. यसै गरी ३ आर्थिक बर्षको स्रोत अनुमानको सन्दर्भमा सङ्घ सरकारबाट प्राप्त ३ आर्थिक बर्षको बिभिन्न अनुदान शिर्षकमा प्राप्त हुने बजेट सिलिंग,, सङ्घ र प्रदेशको राजस्व बाँडबाँटवाट प्राप्त हुने रकम, प्रदेश सरकारवाट प्राप्त हुने अनुदान, आन्तरिक आय र उपलब्ध हुने अन्य स्रोत को अनुमान तथा प्रक्षेपण गरिएको छ भने सोहि आधारमा आयोजना/कार्यक्रम तथा प्रशासनिक खर्चको लागि आबश्यक चालु एबं पुँजीगत खर्च अनुमान गरिएको छ ।

३ . उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. २ अर्ब २ करोड ४१ लाख १८ हजार ( सबै किसिमका सशर्त अनुदान समेत गरी प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु. १ अर्ब ५२ करोड ४७ लाख ७३ हजार (सशर्त अनुदानको चालु खर्च समेत) र पुँजीगत खर्च रु. ४९ करोड ९३ लाख ४६ हजार रुपैया रहने प्रक्षेपण गरिएको छ | यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

तालिका न. २.३ आगामी तीन आर्थिक बर्षकोलागि गाउँपालिकाको आय-व्यय विवरण (स्रोतः आर्थिक प्रशासन शाखा)

| क्र.स. | विवरण | आ.व. ०७८/७९ को यथार्थ | आ.व. ०७९/०८० को संशोधित अनुमान | मध्यमकालीन वजेट अनुमान र प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | तीन वर्षको कूल |
| १ | खर्च अनुमान | ६०७०७९ | ६८४५७२ | ६३१५५० | ६६३१२८ | ७२९४४० | २०२४११८ |
| | चालु खर्च | ३९५०२९ | ४८६८७४ | ४८४९७८ | ५०७४६४ | ५३२३३१ | १५२४७७३ |
| | पुँजीगत खर्च | १८६७६३ | १९७६९८ | १४६५७२ | १५५६६५ | १९७१०९ | ४९९३४६ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | 0 | |
| | कुल | ५८१७९२ | ६८४५७२ | ६३१५५० | ६६३१२९ | ७२९४४० | २०२४११९ |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | ६२९९ | ३९२३९ | ४६९४६ | ४९२९३ | ५४२२३ | १५०४६२ |
| २.२ | प्रदेश राजस्व बाँडफाँटबाट प्राप्त रकम | ६३४७ | ६८५८ | ४५९५ | ४८२५ | ५३०७ | १४७२७ |
| २.३ | संघीय राजस्व बाँडफाँटबाट प्राप्त रकम | ८६८४४ | ९५८५२ | ९३९२२ | ९८६१८ | १०८४८० | ३०१०२० |
| २.३ | रोयल्टी बाँडफाँट | ० | ० | ० | 0 | 0 | ० |
| | क. वन रोयल्टी | ० | ४३ | ४३ | ४५ | ५० | १३८ |
| | ख. खानी रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |
| | ग. विद्युत रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |
| | ङ. पानी तथा अन्य रोयल्टी | ० | ० | ० | 0 | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **2.4** | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ४७३१२० | ५०६३२१ | ४६०५०० | ४८३५२५ | ५३१८७८ | १४७५९०३ |
| | समानिकरण अनुदान | ११२१०० | ११९९०० | १०४२०० | १०९४१० | १२०३५१ | ३३३९६१ |
| | शसर्त अनुदान (चालु र पुँजीगत) | ३४२०२० | ३६७४२१ | ३४०३०० | ३५७३१५ | ३९३०४७ | १०९०६६२ |
| | विषेश अनुदान | १३२०० | ७००० | ८००० | ८४०० | ९२४० | २५६४० |
| | समपुरक अनुदान | ५८०० | १२००० | ८००० | ८४०० | ९२४० | २५६४० |
| **2.5** | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ३४४६९ | ३६२५८ | २५५८७ | २६८६६ | २९५५३ | ८२००६ |
| | क.समानीकरण अनुदान | ५२३८ | ६४५८ | ७४३७ | ७८०९ | ८५९० | २३८३६ |
| | ख.सशर्त अनुदान (चालु र पुँजीगत) | ८५४४ | ८००० | ८१५० | ८५५८ | ९४१३ | २६१२१ |
| | ग. बिशेष अनुदान | ६००० | ६८०० | ० | ० | 0 | ० |
| | घ. समपूरक अनुदान | १४६८७ | १५००० | १०००० | १०५०० | ११५५० | ३२०५० |
| २.६ | आन्तरिक ऋण | ० | ० | ० | ० | 0 | ० |
| २.७ | अन्य आय (सावा र ब्याज) | ० | ० | ० | ० | 0 | ० |
| २.८ | जनसहभागिता | ० | ० | ० | ० | 0 | ० |
| ३ | मौज्दात रकम (आन्तरिक आयमा गणना गरिएको ) | ० | ० | ० | ० | 0 | ० |
| | कुल | ६०७०७९ | ६८४५७१ | ६३१५५० | ६६३१२८ | ७२९४४० | २०२४११८ |
| | बचत (–) न्यून (+) | | | | | | |

## २.६ वजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

विभिन्न आधारमा गरिएको मध्यमकालीन अबधिको (आ.ब.०७९/८०-०८१/०८२) बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

**क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट** रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण देहाय बमोजिम तालिका २.४ मा ढाँचा प्रस्तुत गरिएको छ ।

*तालिका २.४ **रणनीतिक स्तम्भको आधारमा आगामी तीन बर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)***

| सि. नं. | रणनीतिक स्तम्भ | २०८०/८१ को अनुमान | | २०८१/०८२ को प्रस्तावित | | २०८२/०८३ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| 1 | कृषिको दिगो उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर हुने । | ३०,५०५ | ४.८३ | ३३५५६ | ५.०६ | ४००३२ | ५.४९ |
| 2 | बाख्रापालन मिसन आयोजनाका रूपमा कार्यान्वयन गर्ने | ८,६०० | १.३६ | ९४६० | १.४३ | १०४०६ | १.४३ |
| 3 | गुणस्तरीय, सुलभ शिक्षा र स्वास्थ्य तथा पोषणमा पहँुच पुऱ्याउने । | ३३२,९२१ | ५२.७१ | ३४९७७९ | ५२.७५ | ३८४७५७ | ५२.७५ |
| 4 | पर्यटन प्रबर्द्धन तथा दिगो पूर्वाधार विकास गर्ने । | ४,५८७ | ०.७३ | ४८१६ | ०.७३ | ५२९८ | ०.७३ |
| 5 | जलवायु परिवर्तन, विपद् व्यवस्थापन, दिगो विकास र वातावरणमैत्री भौतिक पूर्वाधारमा जोड दिने । | 121302 | १९.२१ | १२४१५१ | १८.७२ | १३३४४८ | १८.२९ |
| 6 | गाउँपालिका, वडा, विषयगत शाखा, उपभोक्ता समिति र मानवस्रोतको संस्थागत क्षमता र सुशासन अभिवृद्धि गर्दै सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन र नतिजामुखी अनुगमन—मूल्याङ्कनमा विशेष जोड दिने । | 131434 | २०.८१ | १३८००६ | २०.८१ | १५१८०६ | २०.८१ |
| 7 | सङ्घ, प्रदेश र विकास साझेदार निकायहरूलाई आवधिक योजनाले तय गरेका योजनामा लगानी गर्न पहल गर्ने | २,२०१ | ०.३५ | ३३६० | ०.५१ | ३६९३ | ०.५१ |
| **जम्मा** | | ६४२५५० | ६३१५५० | १०० | ६६३१२८ | १०० | ७२९४४० |

**ख. प्राथमिकताको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

तालिका २.५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रम | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | | २७७९०० | ४४ | ३८४६१४ | ५८ | ४४४९५८ | ६१ |
| प्राथमिकता पहिलो (P2) | | ३५३६५० | ५६ | २७८५१४ | ४२ | २८४४८२ | ३९ |
| जम्मा | | ६३१५५० | १०० | ६६३१२८ | १०० | ७२९४४० | १०० |

नोटः ***गाउँपालिकाको आवधिक योजना बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखासँग (SuTRA) को समन्वयमा तयार गरिएको छ ।***

**ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| सं. नं. | दीगो विकासका लक्ष्यहरु | आयोजना कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | | ६४४९ | १.०२ | ७,०९४ | १.०७ | ८,८६७ | १.२२ |
| २ | शुन्य भोकमरी | | २५४२४ | ४.०३ | २७,९६६ | ४.२२ | ३०,७६३ | ४.२ |
| ३ | स्वस्थ्य जीवन | | ३५५४० | ५.६३ | ३९,०९४ | ५.९ | ४४,९५८ | ६.१६ |
| ४ | गुणस्तरीय शिक्षा | | ३०६७८८ | ४८.५८ | ३१२,९२४ | ४७.१९ | ३४४,२१६ | ४७.१९ |
| ५ | लैंगिक समानता | | ४०४३ | ०.६४ | ४,२४५ | ०.६४ | ५,०९४ | ०.७ |
| ६ | सफा पानी र स्वच्छता | | ७४५९ | १.१८ | ७,८३२ | १.२ | ८,६१५ | १.१८ |
| ७ | आधुनिक उर्जामा पहुँच | | ४५०० | ०.७१ | ४,७२५ | ०.७१ | ५,१९८ | ०.७१ |
| ८ | समावेशी आर्थिक बृद्धि र मर्यादित काम | | १२०५२ | १.९१ | १२,६५५ | १.९ | १४,५५३ | २. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | | ६३१५३ | १०. | ६६,३११ | १०. | ७३,६०५ | १०.० ९ |
| १० | असमानता न्यूनीकरण | | ४६०५ | ०.७३ | ४,८३५ | ०.७३ | ५,८०२ | ०.८ |
| ११ | दीगो शहर र समुदाय | | ३६५३३ | ५.७८ | ३८,३६० | ५.७८ | ४०,२७८ | ५.५२ |
| १२ | दीगो उपभोग र उत्पादन | | ८००० | १ | ८,४०० | १.२७ | ९,२४० | १.२७ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | | ७३२३ | १.१६ | ७,६८९ | १.१६ | ८,४५८ | १.१६ |
| १४ | पानी मुनीको जीवन | | 0 | ०. | ० | ०. | ० | ०. |
| १५ | जमीन माथिको जीवन | | 0 | ०. | ० | ०. | ३२४ | ०.०४ |
| १६ | शान्ति तथा न्यायपूर्ण र सशक्त समाज | | १०९६८१ | १७.३७ | १२०,९९९ | १८.२५ | १२९,४६९ | १७.७५ |
| १७ | दीगो विकासका लागि साझेदारी | | 0 | ०. | ० | ०. | ० | ०. |
| | जम्मा | | ६३१५५० | १०० | ६६३१२८ | १०० | ७२९४४० | १०० |

*स्रोतः प्रथम आवधिक योजना, गत आ.ब तथा चालू आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा* **(SuTRA)**

**घ. लैंगिक संकेतको आधारमा बाँडफाँटः**

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ।

तालिका २.७ लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

*स्रोतः आवधिक योजना, गत आ.ब तथा चालू आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा (SuTRA)*

| लैंगिक संकेत | आयोजना / कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिस्ट | | १३५०६७ | २१.३९ | १४८५७४ | २२.४ | १७०८६० | २३.४२ |
| प्रतक्ष्य | | २७५३५० | ४३.६ | २९५३५० | ४४.५४ | ३१८९७८ | ४३.७३ |
| तटस्थ | | २२११३३ | ३५.०१ | २१९२०४ | ३३.०६ | २३९६०२ | ३२.८५ |
| जम्मा | | ६३१५५० | १०० | ६६३१२८ | १०० | ७२९४४० | १०० |

**ङ. जलवायु संकेतको आधारमा बाँडफाँट**

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ ।

तालिका २.८ जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

*स्रोतः आवधिक योजना, गत आ.ब तथा चालू आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा*

(रु. हजारमा)

| जलबायु संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अति सान्दर्भिक | | ७१,५०५ | ११.३२ | ७८६५६ | ११.८६ | ९४३८७ | १२.९४ |
| सान्दर्भिक | | १४७,१५१ | २३.३ | १६१८६६ | २४.४१ | १८६१४६ | २५.५२ |
| तटस्थ | | ४१२,८९४ | ६५.३८ | ४२२६०६ | ६३.७३ | ४४८९०७ | ६१.५४ |
| जम्मा | | ६३१५५० | १०० | ६६३१२८ | १०० | ७२९४४० | १०० |

## २.६ विषय क्षेत्रगत बाँडफाँड

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण सम्बन्धी विस्तृत विवरण अनुसूची १ र २ मा उल्लेख गरिएको छ ।

तालिका २.९ आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.स. | क्षेत्र | २०८०/८१ को व्यय अनुमान | | | २०८१/८२ को खर्च प्रक्षेपण | | | २०८२/८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजिगत | कूल | चालु | पुँजिगत | कूल | चालु | पुँजिगत |
| १ | आर्थिक विकास | ३९१९६ | २७४३७ | ११७५९ | ४५०७५ | २७०४५ | १८०३० | ४९५८३ | २९७५० | १९८३३ |
| २ | सामाजिक विकास | ३५३५५९ | ३०७५०६ | ४६०५३ | ३७१२३७ | ३२२८८१ | ४८३५६ | ४०८३६१ | ३३९०२५ | ६९३३५ |
| ३ | पूर्वाधार विकास | ८३७४७ | ४१८७ | ७९५६० | ८७९३४ | ४३९७ | ८३५३८ | ९६७२८ | ४८३६ | ९१८९१ |
| ४ | वन,वाताबरण तथा विपद ब्यबस्थापन | ३७६५ | २१२९ | १६३६ | ४५७३ | २२३५ | २३३८ | ५०२९ | २५५९ | २४७० |
| ५ | सार्बजनिक सेवा प्रबाह तथा संस्थागत सुशासन | १५१२८३ | १४३७१९ | ७५६४ | १५४३०९ | १५०९०५ | ३४०४ | १६९७४० | १५६१६० | १३५७९ |
| | जम्मा | ६३१५५० | ४८४९७८ | १४६५७२ | ६६३१२८ | ५०७४६४ | १५५६६५ | ७२९४४० | ५३२३३१ | १९७१०९ |

*स्रोत : आवधिक योजना बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा* **(SuTRA)**

**आर्थिक वर्ष २०८०/०८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ । यसैगरी कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र संकेतको आधारमा बिषय क्षेत्रगत ३ आर्थिक बर्षको खर्च र स्रोतको अनुमान तथा प्रक्षेपण अनुसूची ३ मा समावेश गरिएको छ ।**

# परिच्क्षेद ३

# आर्थिक विकास

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमी

मालारनी गाउँपालिकामा कृषि मुख्य आर्थिक क्षेत्रको रूपमा रहेको छ । विकासको प्रारम्भिक चरणमा रहेको गाउँपालिका आर्थिक रूपमा कृषिमा निर्भर रहेको छ ।कृषि विकासको लागि गाउँपालिकाले स्थापनाकालदेखि नै प्राथमिकता दिँदै आएको छ । यहाँको मुख्य खाद्यान्न बालीमा मकै, गहुँ रहेको छ । तरकारीमा मुख्य आलु रहेको छ । फलफूलमा सुन्तला, कागती र केरा रहेका छन् । नगदे बालीमा अदुवा र बेसार रहेको छ । ६ सय ८३ हेक्टर खेत र ४ हजार ९ सय ६६ हेक्टर पाखो जमिन कृषि योग्य रहेको छ । ३ ओटा कृषि हाटबजार रहेका छन् । ७ नं. वडामा केरा खेती, ६ नं. वडा मा सुन्तला बगैचा एक ओटा, ५ नं. वडा टारीमा तरकारी र ३ नं. वडामा आलु खेती हुँदै आएको छ । हाल गाउँपालिकामा १ ओटा तरकारी फर्म, ३ ओटा तरकारी तथा फलफूल फार्म, १ सय ८ ओटा कृषि तथा पशुपंक्षी, ६ ओटा कृषि फार्म, ३ ओटा फलफूल र पशुपंक्षी फार्म, २७ ओटा महिला कृषक समूह, ४१ ओटा अन्य समूह र १५ ओटा कृषि सहकारी संस्था रहेका छन् । **(तथ्यांक स्रोतः आवधिक योजना)**

### ३.१.२ संभावना तथा अवसर

गाउँपालिकाले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नु, चार ओटा कोल्डस्टोर निर्माणाधीन अवस्थामा हुनु, स्थानीय कृषि वस्तुहरू कोसेली घरमार्फत विक्रीवितरण हुनु, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन हुनु, सुन्तला, कागती, तरकारी, अदुवा र बेसार जस्ता उच्च मूल्य पर्ने कृषि उपज उत्पादनमा केन्द्रित हुनु, कृषि विकास बैङ्कसँग युवा स्वरोजगार कार्यक्रमका लागि कृषि ऋण सम्झौता गरी कार्यान्वयनमा आउनु र प्राङ्गारिक कृषि प्रणालीप्रति चासो बढ्दै जानु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ३.१.३ समस्या तथा चुनौती

यस गाउँपालिकाका कृषि विकासका संभावना हुदाहुदै पनि जंगलि जनावरवाट हुने नोक्सानी, कृषिको मूल्य श्रृङ्खलाको सवलिकरण तथा बजार संजालको विकास नहुँदा किसानहरु कृषि पेशाबाट पलायन हुँदै जानु, उत्पादकत्व बढाउँने प्रयास नहुँनु, परम्पारगत बालिहरु लोप हुँदै जानु, कृषकमा व्यवसायिक तथा उत्पादनको बजारिकरणबारे ज्ञान कम हुँनु, उत्पादन पकेट क्षेत्रहरुमा १२ महिना यातायात चल्ने सडक नहुँनु तथा आवश्यक मात्रामा सिँचाईको व्यवस्था नहुँनु, कृषिमा यान्त्रिकरण र आधुनिकिकरण नहुँनु र आपूर्ति श्रृङ्खलाको दिगो व्यवस्थापन नहुनु जस्ता यस पालिका भित्रका कृषि सँग जोडिएका चुनौतीहरु हुँन् ।

त्यसै गरी परम्परागत कृषि प्रणालि, बढि लाभको क्षेत्रको उपयोग गर्न नसक्नु, भएका खेतीमा पनि लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, स्थानीय रैथाने जातको संरक्षण हुन नसक्नु, पकेट खेती विकास कार्यक्रम राम्रो सँग नहुनु एवं प्रवद्र्धनात्मक कार्यक्रम संचालन नहुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । अन्य

समस्याहरुमा माटोको नियमित परीक्षण नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, बजार संजालको निर्माण नहुँनु, प्राविधिक जनशक्तिको अभाव हुनुजस्ता समस्याहरु पनि विद्यमान रहेका देखिन्छन् ।

## ३.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### सोच

"कृषिलाई आधुनिकीकरण एवम् व्यावसायीकरण।"

### लक्ष्य

"तरकारी र फलफूल (सुन्तला र कागती) मा आत्मनिर्भर भई निर्यात गर्ने" |

### उद्देश्य

गाउँपालिकाका कृषि तथा खाध सुरक्षा उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. कृषि क्षेत्रको यान्त्रिकीकरण, विविधिकरण तथा व्यवसायिकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु,

२. दिगो खाध सुरक्षा प्रत्याभूत तथा कृषिलाई रोजगारमूलक उद्यमको रुपमा प्रवद्र्धन गरी रोजगारीको अवसर सिर्जना गर्न कृषिमा लगानी वृद्धि गर्नु,

३. जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी गाउँपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य र बिषय उपक्षेत्रगत लक्ष्य-उद्धेश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१ खाध सुरक्षा सुनिस्चितताको लागि कृषि क्षेत्रको आधुनिकिकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, कृषि उपजको दिगो ब्यबस्थापन तथा बजार प्रबर्द्धनका लागि लगानी बिस्तार गर्ने |

२ जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री तथा प्रतिस्पर्धात्मक कृषि प्रविधिको विकास र विस्तार गर्ने ।

३ कृषि क्षेत्रमा विकास साझेदार निकाय, निजी, समूह र सहकारी क्षेत्रको लगानी अभिवृद्धि र अनुदानको व्यवस्था गर्ने ।

४ तरकारी र फलफूललाई व्यावसायीकरण र बजारीकरण गर्ने ।

### ३.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको उपक्षेत्रगत सूचक र मध्यम अवधिको लक्ष्य देहायअनुसार तालिका ३.१.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.१.१ नतिजा सूचक तथा लक्ष्य (स्रोतः प्रोफाइल, आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | संख्या | २०० | २१० | २३१ | २५५ |
| उन्नत विउ, जैविक मल तथा विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | संख्या | ५१०० | ५१५० | ५२०० | ५३०० |
| आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | संख्या | १३६० | १४२८ | १५०० | १६५० |
| वार्षिक ३ लाख भन्दा बढी आम्दानी हुने घरपरिवार | प्रतिशत | १७ | १९ | २१ | २३ |
| खेती गरिएको जमिन | हेक्टर | ३३९० | ३४५० | ३५६६ | ३७२० |
| साना किसानको औषत वार्षिक आय | रु. हजारमा | ९० | ९५ | ९९ | १०३ |
| तरकारी उत्पादन | मे.टन | ५५० | ५७० | ५९५ | ६१२ |
| अन्नवाली | मे.टन | ३०० | ३१५० | ३२४५ | ३३२० |
| फलफुल उत्पादन | मे.टन | ८०० | ८४० | ८६५ | ८९२ |
| नगदे वाली उत्पादन | मे.टन | २ | २.१ | २ | २.३ |
| संचालित कृषि संकलन केन्द्र | ० | ० | १ | २ | २ |

### ३.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक बिकास क्षेत्रको खर्च र स्रोतको अनुमान समग्रमा अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

### ३.१.७ आगामी ३ आर्थिक बर्षको अबधिमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्र अन्तर्गतका कृषि तथा खाध सुरक्षा उपक्षेत्रगत रुपमा मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.१.३ मा प्रस्तुत गरिएको छ।

(आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रममा समाबेश भएका क्रियाकलापलाई समुहिकृत तथा एकीकृत बनाई प्रस्तुत गरिएको छ

तालिका ३.१.३ कृषि तथा खाध्य सुरक्षा उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम को अवधि (शुरु र समासी) | अनुमानित लागत(रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1 | कृषि तथा पशु तथ्याङ्क र विकास योजना तर्जुमा | कृषि सम्बन्धी तथ्याङ्कको आधार तयार गर्ने तथा कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउने | २०७९/८० | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | कृषि क्षेत्रको स्थिति पत्र र कृषि विकास योजना तयार हुनेछ । |
| २ | कृषि प्राविधिक तथा कृषक अनुदान कार्यक्रम (सुन्तला र कागती) | कृषि प्राविधिक सेवा र कृषि अभ्यासलाई व्यवहारिक बनाउने | २०७९/८० देखी निरन्तर | | | कृषि उत्पादनको व्यवसायीकरण र उत्पादकत्व बृद्धि हुनेछ । |
| ३ | सामुदायिक विउ बैंक र कृषि सेवाकेन्द्रको स्थापना | स्थानीय जातका विउको संरक्षण तथा विउको उपलब्धता सहज बनाउने | सालबसाली | | | १/१ वटा गाउँस्तरीय सामुदायीक विउ बैंक स्थापना र संचालन हुनेछ |
| ४ | तरकारी (गोलभेडा, च्याउ,आलु लगायत) पकेट क्षेत्र विकास कार्यक्रम | आयात कम गरी निर्यात बृद्धि गर्न | सालबसाली | | | च्याउ तथा गोलभेडा पकेट क्षेत्र निधारण भएको हुनेछ । |
| ५ | नमूना कृषि फार्म र व्यवसायिक खेती प्रवद्र्धनका लागि अनुदान वितरण कार्यक्रम | कृषि प्रसार सेवा र उत्पादनलाई विविधिकरण गर्ने | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | कृषकको आत्म निर्भरता, कषि उत्पादनको बृद्धि र उपजको बिविधिकरण हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कृषि तथा पशु प्राबिधिक शिक्षा प्रवद्र्धन | विद्यार्थीलाई जीवनपयोगी र प्राविधिक शिक्षा प्रदान गर्ने र ज्ञान हस्तान्तरण गर्ने | २०७८/७९ देखी २०८०/०८१ | | | स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलब्धता हुनेछ । |
| ७ | कृषि सहकारी, उपजको बजारीकरण र प्रवद्र्धनको लागि अनुदान वितरणतथा विकास कार्यक्रम | उत्पादित कृषि उपजहरुको बजारीकरण, भण्डारण तथा विक्रि वितरण सहजीकरण गने । | सालासाली | | | कृषि संकलन केन्द्र, शीत भण्डार, कृषि सहकारी र कृषि एम्बुलेन्स स्थापना र संचालन हुनेछ |
| ८ | कृषक, समूह तथा सहकारी क्षमता विकास कार्यक्रम | समुह तथा सहकारीमार्फत कृषिको व्यवसायिकरण गर्न | सालवसाली | | आवधिक योजनाको प्राथमिकता | कृषक समूह तथा सहकारी संस्था कृषि उत्पादन, व्यवसाय र प्रसोधनमा संलग्न हुनेछन् । |
| ९ | व्यवसायिक फूल नर्सरी र खेती विस्तार कार्यक्रम | फुलको निर्यातमा बृद्धि गर्न | सालबसाली | | आवधिक योजनाको प्राथमिकता | व्यवसायिक फूल नर्सरी र खेती विस्तार भएका हुनेछन् । |
| 1० | खाद्यान्न बाली विकासको लागि बिभिन्न कार्यक्रम ( मकै, धान, गहुँ, कोदो आदी ) | खाद्यान्य बालीको उत्पादन बृद्धि गर्न | सालबसाली | | | खाद्यान्न बालीको उत्पादनमा १० प्रतिशले बृद्धि हुनेछ । |
| 1१ | व्यवसायिक मौरीपालन कार्यक्रम | गाउँमा मह उत्पादन बृद्धि गर्न | सालबसाली | | | महको उत्पादमा बृद्धि भएको हुनेछ । |
| 1२ | जैविक मल तथा रोग एबं किरा फटयांग्रा नियन्त्रणकोलागि विषादी प्रवद्र्धन कार्यक्रम | जैविक मलको उत्पादनमा बृद्धि गर्ने | सालबसाली | | आवधिक योजनाको प्राथमिकता | जैविक मल उत्पादन बृधि हुनुका साथै रोग एबं किरा फटयांग्रावाट बालिनाली उत्पादनमा हुने नोक्सानी न्यूनीकरण हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1३ | कृषि उपजको गुणस्तर तथा विषादी परीक्षण, नियन्त्रण र नियमन सम्बन्धि कार्यक्रम | नागरिकको गुणस्तरीय खाद्यन्य उपलब्ध गराउन | सालबसाली | | | एक वटा गुणस्तर परिक्षण केन्द्रको स्थापना हुनेछ । |
| 1४ | कृषि क्षेत्र अनुदानका अन्य सालबसाली कार्यक्रम | कृषि व्यवसाय र उत्पादनमा बृद्धि गर्ने | सालबसाली | | | वास्तविक कृषक लाभान्वित हुनेछन् । |

### ३.१.८ जोखिम पक्ष तथा अनुगमन

यस उपक्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ। गाउँपालिका क्षेत्रमा कृषिको व्यवसायीकरण, कृषि पर्यटन, जैविक तथा वातावरणमैत्री कृषि प्रवद्र्धन, फूलखेती समेत उच्च मूल्यका कृषि उपजको प्रवद्र्धन, खाद्य स्वच्छता, पोषण र माटो व्यवस्थापन लगायत कृषि क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा कृषि उत्पादन, व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ|

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, कृषि प्रविधि, विउविजन, यान्त्रिकीकरण, भरपर्दो सिंचाई प्रणाली, भूस्वामित्व, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ ।यसका अलवा जलवायु परिवर्तनको असर, कृषि उपजको आयात र कृषि जमीन उपयोगमा परिवर्तन यस क्षेत्रका संभावित जोखिम पक्षको रुपमा रहेका छन् । छिमेकी मूलक भारतबाट आयातित उपजसँग प्रतिष्पर्धा र कृषि उपजको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् ।

# ३.२ पशुपंक्षी विकास

## ३.२.१ पृष्ठभूमी

पशुपंक्षी पालन व्यवसाय गाउँपालिकाको अभिन्न अङ्ग भएर रहेको छ । सबै वडामा बाख्रापालनको प्रचुर सम्भावना रहेको छ। एक स्थानीय तह एक उत्पादन कार्यक्रमअन्तर्गत बाख्रापालन कार्यक्रम प्रदेश सरकारबाट सञ्चालनमा आएको छ । बाख्रापालन कार्यक्रमलाई ९ वटै वडामा मिसनका रूपमा कार्यान्वयन गर्न आवधिक योजनाले दीर्घकालीन सोंच लिएको छ । त्यस्तै, गाउँपालिका र हेफर संस्थाको सहकार्यमा बाख्रापालन कार्यक्रम सञ्चालनमा आएको छ । डाले घाँस इपिल–इपिल र भुँइ घाँस जै, मकै चरी, टियोसेन्ट्रि, नेपियर सबै गरेर ५ सय के.जी. बिउ वितरण भएको छ । वहुसङ्ख्यक कृषकहरू खुल्ला चरिचरणमा निर्भर रहेका छन् । १०० भन्दा बढी बाख्रापालन गरेका फार्मको सङ्ख्या ४ ओटा रहेका छन् । विगतक आर्थिक बर्षको बार्षिक बजेट तथा कार्यक्रममा पशुपंक्षी (बिशेष गरी बाख्रा) पालन कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ। गाउँपालिका क्षेत्रभित्र पशुपंक्षी पालन क्षेत्रमा रहेका अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ।

## ३.२.२ संभावना तथा अवसर

पशुपंक्षीजन्य उत्पादनको माग तीव्र गतिमा वढनु, सहकारीमार्फत पशुपंक्षीसम्बन्धी कार्यक्रमहरू सञ्चालनमा आउनु, गाउँपालिकाले कृषि विकास बैङ्कसँग स्वरोजगार कार्यक्रमका लागि सम्झौता गरी सहुलियत दरमा ऋण प्रदानमार्फत १ सय ८१ जना लाभान्वित हुनु, मुख्यमन्त्री ग्रामीण रोजगार कार्यक्रम र हेफरमार्फत पशुपालन कार्यक्रम सञ्चालनमा आउनु, निजी क्षेत्र यसतर्फ आकर्षित हुँदै जानु, विदेशबाट फर्किएका युवाहरू सिप, ज्ञान, पूँजी र उन्नत प्रविधिसहित पशुपंक्षी क्षेत्रमा आकर्षित हुँदै जानु, मासु तथा दुग्धजन्य वस्तुहरूको उपभोगमा वृद्धि हुँदै जानु र सुलभ ऋण, पशुपंक्षी बिमा र नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु यस क्षेत्रका अवसरका रूपमा रहेका छन्।

## ३.२.३ समस्या तथा चुनौती

पशुपालन तर्फ उन्नत जातको गाईभैंसी, बाख्रापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा अझै कमी, उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जाको व्यवस्था नहुनु उत्पादकत्व वृद्धि, बजार संजाल निर्माण, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्य अझैपनि चुनौतिको रुपमा रहिरहेको छ । दुग्ध उत्पादन क्षेत्रमा गाईका बाच्छको व्यवस्था गर्नु ठूलो चुनौतीको बिषय रहेको छ।कुना काप्चामा एग्रोभेटको अभाव, उन्नत जातको घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको अझै कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्ष पनि थप समस्याको रुपमा रहेको छ ।

कृषकले उत्पादन लागतअनुसारको मूल्य नपाउनु र बजारीकरणमा बिचौलियाहरू हावी हुनु, नयाँ–नयाँ तथा पटक पटक देखिने जुनोटिक एवम् महामारीजन्य रोगहरूको प्रकोप देखिनु, वन्यजन्तुको आक्रमण, उन्नत घाँस खेतीको अभाव, बिमा, सुलभ ऋण जस्ता सेवामा कृषकहरूको पहुँच नपुग्नु, जलवायु परिवर्तनले पारेको नकारात्मक प्रभाव र पशुपंक्षीजन्य उत्पादनलाई मूल्य शृङ्खलासँग जोड्न नसक्दा बजारीकरणमा समस्या देखिनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ३.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

" मालारानी गाउँपालिकाको मुख्य ध्येयः समृद्धिको यात्रामा पशुपंछी ब्यबसाय"

**लक्ष्य**

पशुपंछीजन्य उत्पादन वृद्धिबाट आत्मनिर्भरताको साथै जनताको आय स्तरमा सुधार ल्याउँने ।

**उद्देश्य**

गाउँपालिकाका पशुपंक्षी विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. पशुपंक्षी जन्य उत्पादनको वृद्धि, व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्नु,

२. पशुपंक्षी व्यवसायमा संलग्न कृषक र कृषक समुहको क्षमता विकास तथा रोजगारमूलक उद्यमको रुपमा प्रवद्र्धन गर्नु,,

३. बाख्रा उत्पादन र उत्पादकत्वमा वृद्धि साथै गोठ सुधार र पशु बिमा प्रबर्द्धन गर्नु ।

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत एबम बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनामा भएको रणनीति र कार्यनीतिको अध्ययन मार्फत थप परिष्कृत बानाइएको);

१. पशुपंक्षीजन्य क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र विविधिकरण गरी उत्पादनमा वृद्धि गर्ने,

२ आवश्यक पूर्वाधारको विकास सहित पशुपंक्षीजन्य उपजको बजार प्रवद्र्धन गर्ने ।

३ पशुपंक्षीजन्य रोगको निदानको लागि स्वास्थ्य तथा उपचार सेवा र बिमाको प्रभावकारी व्यवस्थापन गर्ने ।

४ कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गर्न क्षमता अभिवृद्धि गरी कृषक उद्यमी तथा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने ।

५ गाउँपालिकालाई बाख्रा ब्रान्डका रूपमा राष्ट्रिय स्तरमा पहिचान बनाउने ।

६ उत्पादन लागत घटाउन घाँस खेती र बिमालाई प्राथमिकता दिने ।

## ३.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

आर्थिक विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.२.१ पशुपंक्षी विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पशपंक्षी तथा माछा विकास विकास | | | | | |
| कुखुरा/पन्छीको बार्षिक मासु उत्पादन | मे.टन | १७ | १८ | १९ | २० |
| कुखुरा चल्ला उत्पाद (लाख) | गेटा | ८ | ८.४ | ९ | ९.३ |
| खसी, वोकाको बार्षिक मासु उत्पादन | मे.टन | ४५ | ४७ | ४९ | ५२ |
| राँगाको बार्षिक मासु उत्पादन | मे.टन | ८ | ८.७ | ९.५ | १०.३ |
| बार्षिक दूध उत्पादन (हजार) | लिटर | २३५०६० | २४६८१३ | २५४२१७ | २६१८४४ |
| भैसी र गाई फार्म | संख्या | २३ | २५ | २७ | ३० |
| कुखुरा फार्म | संख्या | १२ | १५ | १७ | १९ |
| ठुला डेरी | संख्या | २ | ३ | ३ | ४ |
| बाखा फार्म | संख्या | २३४ | २४० | २४७ | २५५ |
| उन्नत घाँसको उत्पादन क्षेत्र | रोपनी | ५० | ५५ | ५९ | ६७ |

## ३.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आथिक विकास क्षेत्रको समग्र खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ३.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्र अन्तर्गतको पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.२.२ मा प्रस्तुत गरिएको छ।

(आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण तयार गर्दा आवधिक योजनाको कार्यनीति तथा क्रियाकलाप र बजेटलाई मुख्य आधार बनाई समुहिकृत गरी एकीकृत रुपमा तयार गरिएको छ )

तालिका ३.२.२ पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमकोअवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1 | पशुपंछी श्रोत केन्द्रको स्थापना कार्यक्रम (गाई, भैसी, कुखुरा, बंगुर ) | पशुपंक्षी व्यवसाय बृद्धि रोजगारीको अवसर सृजना गर्न | निरन्तर | | गाउँपालिकाको प्रथम आवधिक योजना तथा बार्षिक बजेट तथा कार्यक्रमको प्राथमिकता | पशुपंछी श्रोत केन्द्रको स्थापना र संचालन हुनेछ । |
| | बाखा श्रोत केन्द्रको स्थापना तथा बाखा पालन ब्यबसाय प्रबर्द्धन कार्यक्रम | बाखा पालन व्यवसाय बृद्धि तथा स्वरोजगारीको अवसर सृजना गर्नु | सालवसाली (मिसन कार्यक्रम) | | | बाखा श्रोत केन्द्रको स्थापना र संचालन तथा बाखा पालन ब्यबसायको थप बिस्तार हुनेछ । |
| २ | पशु स्वास्थ्य तथा बिमा कार्यक्रम | पशुपालन व्यवसाय प्रबर्द्धन तथा प्रोत्साहन गर्न | सालवसाली | | | व्यवसायिक कृषकहरु प्रतक्ष्य लाभान्वित हुनेछन । |
| ३ | पशु आहार व्यवस्थापन कार्यक्रम | व्यवसायिक पशुपालनमा बृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | पशुपंक्षी बिकासमा सहयोग पुग्ने । |
| ४ | व्यवसायिक पशुपालन तथा पकेट क्षेत्र (बाखा) अनुदान कार्यकम | पशुपंक्षी जन्य उत्पादन बृद्धि गरी निर्यात प्रबर्द्धन गर्ने | सालवसाली | | | नमूना पशुपंक्षी (बाखा) फर्म संचालन हुनेछन् । |
| ५ | क्षमता विकास कार्यक्रम | पशु व्यवसाय र उत्पादन बृद्धि गर्ने | सालवसाली | | | प्राबिधिक तथा कृषकहरुको क्षमता विकास हुनेछ । |
| ६ | पशुपंक्षी सेवा सालवसाली कार्यक्रम | निरन्तर कार्यक्रम | सालवसाली | | नीति तथा कार्यक्रम | कृषक लाभान्वित हुनेछन् |

### ३.२.८ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा पशु नश्ल सुधार र पशु आहार व्यवस्थापन लगायत पशुपंक्षी विकास क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा पशुपंक्षीजन्य उत्पादनको ,व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन पशु आहार, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ। छिमेकी मूलक भारतबाट आयातित उपजसँग प्रतिष्पर्धा र पशुपंक्षीजन्य उपजको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् ।

## ३.३ पर्यटन तथा संस्कृति

### ३.३.१ पृष्ठभूमी

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा अङ्गीकार गरेको। रोजगारीको हक लाई मौलिक हक अन्तरगत राखिएको छ । नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको सहकार्यमा उक्त अधिकार सुनिश्चित गर्न योजनावद्ध ढंगले प्रयास गर्न आवश्यक छ । यस तथ्यलाई मनन गर्दै गाउँ क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि पर्यटन क्षेत्रको विकास र प्रवद्र्धन मार्फत रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकाको सन्दर्भमा पर्यटन विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ३.३.२ संभावना तथा अवसर

मालारानी मन्दिर, घेराको लेक, नरसिंहस्थान, नरसिंहदेवी, ५२ हात अग्लो र ५२ हात फराकिलो शिला, जालकाँडा, सिद्धबाबास्थान, भागिरथी मन्दिर, खन गुफा, दारेघोडा, काम्लेचचौर मन्दिर, मनचिन्ते पानी खनदह, सिमे देउराली, हिलेकाचौर, महादेव मन्दिर, राँगामारे भगवती मन्दिर, देउराली तथा महादेव मन्दिर बाँगी, छहरामाई क्षेत्र, लोहोरीको लेक, शिवालय मन्दिर रतनमारे, तीनसल्ली भगवती मन्दिर, शिवालय, कोदाले खोला छहरा, भण्डारथुम र वराहथान खेलमैदान, छेडाका ठाँटी, सिद्धबाबा आश्रम, बरमकोट झोलुङ्गे पुल र सौतामारे, (अर्घाखाँची, गुल्मी र प्युठानको सङ्गमस्थल) यी विभिन्न पर्यटकीय स्थलहरूको पूर्वाधार विकास गर्दै लैजान सकिएमा पर्यटकहरूको बसाइमा वृद्धि भई गाउँपालिकाको आर्थिक क्षेत्रमा वृद्धि हुने छ ।

मालारानी मन्दिर, नरसिंहस्थान, दारेगौडा, जालकाँडा, र घेराको लेक लगायत स्वर्ग जाने झरना, राँगामारे, मनचिन्तेपानी, लोहोरीको लेक, अपूर्व छहरा, खन गुफा, भागिरथी स्मृति प्रतिष्ठान, बरमकोट झोलुङ्गे पुल, जालकाँडा रकगार्डेन आदि हुनु, गाउँपालिकाले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य संवाहक मान्नु, गाउँपालिकाको सहजीकरण तथा समन्वयमा होमस्टे सञ्चालन हुनु, समुदायको पर्यटन क्षेत्रमा चासो र लगानी वृद्धि हुँदै जानु र कोसेली घरको निर्माण हुनु अवसरका रूपमा रहेका छन् ।

### ३.३.३ समस्या तथा चुनौती

गाउँपालिकामा पर्यटकीय होटल नहुनु, पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण नहुनु, बाह्रै महिना सञ्चालन हुने सडक तथा यातायातको भरपर्दो व्यवस्था नहुनु र भएका ऐतिहासिक, धार्मिक मठ–मन्दिरहरूको प्रचार–प्रसार नहुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन। पर्यटकहरूको पूर्ण अभिलेख राख्नु, पर्यटकीय स्थलहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकास गर्नु, पर्यटन क्षेत्रका साझेदारसँग प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार विकासमा पर्याप्त लगानी बढाउनु, पर्यटनका लागि आवश्यक पर्ने स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्नु, पर्यटकीय उपजहरूको बारेमा राष्ट्रिय स्तरमा प्रचार–प्रसार गर्नु र पर्यटन क्षेत्रको दिगो विकास तथा व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवद्र्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि कुनै योजना नहुनु, व्यवस्थित रुपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलव्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु एवं व्यवस्थित होटल नहुनु, पर्यटन प्रवद्र्धनको निम्ति आवश्यक नीतिनियम तथा ज्ञानको अभाव, पर्यटकीय विकासको लागि आवश्यकीय सूचना, बाटो, धारा, पथ प्रदर्शकहरु होटल व्यवसाय, बैंक, वित्तिय संस्था आदिको अभाव प्रमुख समस्याको रुपमा रहेको छ ।सांस्कृतिक परिवर्तन तथा मौलिकतामा ह्रास हुँदै गएको छ।स्थानीय प्रतिभाको सम्मान तथा प्रोत्साहनमा कमी रहेको छ ।

## ३.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"मालारानी क्षेत्र समृद्धिको अर्को आधारः सांस्कृतिक तथा पर्या पर्यटन र पर्यटन पूर्वाधार"

**लक्ष्य**

"सम्पदा मैत्री पर्यटन विकास मार्फत रोजगारी प्रबर्द्धन र आर्थिक विकास गर्ने"

**उद्देश्य**

१ पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवद्र्धन गर्नु ।

२ मालारानीमा पर्यटकको सङ्ख्यामा वृद्धि गर्नु ।

३ पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र पर्यटकीय सेवाको विकास, विस्तार तथा विविधिकरण मार्फत रोजगारीको अवसर सिर्जना गर्नु ।

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनाको रणनीति तथा कार्यनीतिको आधारमा थप परिष्कृत पारिएको छ) ;

१ स्थानीय प्राकृतिक एबम् धार्मिक सम्पदा तथा सांस्कृतिक विशिष्टताको पहिचान, अध्ययन, अनुसन्धान, संरक्षण एवं प्रवद्र्धन र प्रचार प्रसार मार्फत पर्यटन क्षेत्रको विकास गर्ने ।

२ पर्यटन क्षेत्रको विशिष्टीकरण तथा दिगो पर्यटन पूर्वाधारको विकासको माध्यमद्वारा रोजगारी सिर्जना र आय वृद्धि गर्ने ।

३ गाउँपालिकामा भएका पर्यटकीय स्थलहरूको एक वडा एक विशिष्ट पहिचान गरी प्रवद्र्धनात्मक कार्यक्रम गर्ने ।

४ पर्यटन प्रवद्र्धन र विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने ।

### ३.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

पर्यटन तथा संस्कृति विषय उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.३.१ पर्यटन तथा संस्कृति उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पर्यटन विकास | | | | | |
| भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक÷वाह्य) | संख्या | ३००० | ३३५० | ३७०० | ४००० |
| व्यवस्थित होमस्टे/ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | २ | २ | ३ |
| कृषि पर्यटन सञ्चालन स्थान | संख्या | ६ | ६ | ७ | ७ |
| सरदार पर्यटक बसाई | दिन | ० | १ | १ | २ |

### ३.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

पर्यटन तथा संस्कृति विकास उपक्षेत्र अन्तर्गतका आयोजना तथा कार्यक्रम र बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.३.२. मा प्रस्तुत गरिएको छ (आवधिक योजनामा उलीख गरिएका आयोजना तथा कार्यक्रम र बजेटलाई आधार मानेर तयार गरिएको छ)।

तालिका ३.३.२ पर्यटन तथा संस्कृति विकास उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | पर्यटकहरु आकर्षण तथा आवागमनमा वृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | पर्यटकीय स्थल निर्माण भई सुचारु हुनेछ । |
| २ | पर्यटकीय सेवा क्षमता विकास कार्यक्रम | पर्यटनलाई व्यवसायको रुपमा विकास गर्ने | सालवसाली | | | पर्यटकीय व्यवसायीको सीप तथा क्षमता विकास हुनेछ । |
| ३ | मौलिक संस्कृति, धार्मिक क्षेत्र, मेला तथा पर्व संरक्षण एवं प्रवद्र्धन कार्यक्रम | स्थानीय संस्कृति संरक्षण र प्रवद्र्धन गर्ने | सालवसाली | | | मौलिक संस्कृति एवं धार्मिक क्षेत्रको संरक्षण र प्रबर्धन भएको हुने |
| ४ | ग्रामिण पर्यटन तथा होमस्टे संचालन तथा प्रबर्द्धन | रोजगारी तथा स्थानीय आय वृद्धि गर्नु | सालवसाली | | | रोजगारीको अवसरमा वृद्धि हुने |
| ५ | कृषि पर्यटन कार्यक्रम एवं अन्य सालबसाली कार्यक्रम | कृषि उत्पादनमा बृद्धि तथा प्रचार गर्न | सालवसाली | | | गाउँमा कृषि पर्यटन सुरुवात हुनेछ । |

## ३.३.८ जोखिम पक्ष तथा अनुगमन

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ। गाउँपालिका क्षेत्रमा सांस्कृतिक तथा पर्यापर्यटनको विकास गर्न सकिने अनुमान गर्न सकिन्छ तर संघ र प्रदेश सरकार स्थानीय नागरिक र निजि क्षेत्र बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, निजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ३.४ सिंचाई

### ३.४.१ पृष्ठभूमी

गाउँपालिकाको योजनाबद्ध र सन्तुलित विकासको लागि उद्योग व्यवसाय, पर्यटन, सिंचाई र कृषि क्षेत्रको विकास र प्रवद्र्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

सिँचाइको सुबिधा तथा प्रबर्द्धन सम्भाबनाको दृष्टिले मालारानी गाउँपालिका अर्घाखाँची जिल्लाकै कम सम्भावना भएको गाउँपालिकामा पर्दछ । जम्मा ८२ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ । ५ नं. वडा बाँसटारी सिँचाइ योजना १२ हेक्टर, ८ नं. वडा बाँझखर्क सिँचाइ योजना २५ हेक्टर, ७ नं. वडा द्वावारे खोला सिँचाइ योजना २५ हेक्टर त्यस्तै, मर्मत तर्फ ५ नं. वडा मलझेङ् खोला सातबिसे सिँचाइ योजना १० हेक्टर र ५ नं. वडा गौरीकुलो सिँचाइ योजना १० हेक्टरमा सिँचाइ हुँदै आएको छ । यी आयोजनाहरूको कार्यान्वयन जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचीले गर्दै आएको छ । सम्भावित सिँचाइका योजनाहरू पनि नगन्य मात्रामा रहेका छन् । गाउँपालिकामा सामान्य सिँचाइका योजनाहरूबाहेक उल्लेख्य योजनाहरू कार्यान्वयन भएका छैनन् ।

### ३.४.२ संभावना तथा अवसर

सामूहिक सिँचाइ पद्धतिको परम्परा रहनु, सिँचाइका नयाँ प्रविधिहरू उपलब्ध हुँदै जानु, लगानीका लागि विकास साझेदारहरूको रूचि बढ्दै जानु र जनसहभागिताको सम्भावना प्रशस्त हुनु अवसरका रूपमा रहेका छन् । पहाडी उच्च भेगमा वर्षादको पनि संकलन, थोपा सिँचाई, प्लाष्टिक पोखरी, रिचार्ज पोखरी जस्ता प्रविधिबाट सिँचाई गर्न सकिनेछ ।

### ३.४.३ समस्या तथा चुनौती

सिँचाइका स्रोतहरू पर्याप्त मात्रामा नहुनु, गाउँपालिकाको सिँचाइमा ध्यान नपुग्नु, प्राथमिकतामा नपर्नु, सिँचाइलाई ठुलो बजेटको आवश्यकता पर्नु, सिँचाइ गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु, समथर जमिन नहुनु, ठुला आयोजनाको सम्भाव्यता अध्ययन नहुनु, भएका सिँचाइ आयोजनाहरू नियमित मर्मत सम्भार हुन नसक्नु, सिँचाइ शुल्क उठ्न नसक्नु, नयाँ प्रविधिमा आधारित प्लास्टिक पोखरी, थोपा, ड्रिप र स्प्रिङ्कल आदि सिँचाइको विस्तार हुन नसक्नु, पुराना पोखरी नासिँदै जानु र विद्युतीय सिँचाइ प्रणालीको महसुल कृषकले धान्न नसक्नु, अन्य भौतिक पूर्वाधारहरूको तुलनामा सिँचाइ पूर्वाधारप्रति समुदायको चासो कम रहनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

सिँचाइ प्रणालीको लागत उच्च हुनु, सर्वयाम सिँचाइ सुविधा उपलब्ध नहुनु, सामूहिकरूपमा माग नआउनु, जनसहभागिता जुटाई आयोजनाहरूलाई दिगोरूपमा सञ्चालन गर्नु, सिँचाइमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु र ठुला सिँचाइ आयोजना सञ्चालन गर्नका लागि आवश्यक लगानी जुटाउनु चुनौतीका रूपमा रहेका छन् ।

## ३.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"कृषि योग्य जमिनमा दिगो, सन्तुलित र व्यवस्थित सिंचाई प्रणाली स्थापना"

**लक्ष्य**

"बहुउद्देश्यीय सिँचाइ प्रणालीद्वारा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने"

**उद्देश्य**

गाउँपालिकाका सिंचाई विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

१ बहुउद्देश्यीय सिँचाइ योजना सञ्चालन गर्नु ।

२ सिँचाइका स्रोतहरूको संरक्षण र सम्वर्धन गर्नु ।

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१. परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने ।

२ आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने ।

३ खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गरिनेछ ।

४ छोटो समयमा सम्पन्न हुने सिँचाइ योजनाहरू जनसहभागिताबाट निर्माण र संचालन गर्ने ।

५ सिँचाइ आयोजनाहरूको मुहान, सिंचित क्षेत्र संरक्षण र वैकल्पिक तथा आधुनिक प्रविधिद्वारा निर्माण गर्ने ।

## ३.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सिंचाई विकास उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.४.१ सिंचाई विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| खेतीयोग्य जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | मे.टन | २.३ | २.५ | २.७ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ है महिना सिंचाई हुने क्षेत्र (जम्मा खेतीयोग्य जमिनको) | प्रतिशत | २० | २५ | ३० | ४० |
| प्रयोग भएका सिंचाईका प्रविधि (लिफ्ट, सतह) | संख्या | २ | २ | २ | ३ |

### ३.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सिंचाई विकास बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.४.२ मा प्रस्तुत गरिएको छ (आवधिक विकास योजनामा समाबेश क्रियाकलाप तथा आयोजना र बजेटलाई मुख्य आधार मानिएको छ )।

तालिका ३.४.२ सिंचाई विकास बिषय उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1 | सिंचाई सुविधा विस्तार तथा स्तरोन्नति र संरक्षण कार्यक्रम | थप सिंचाई सुविधा विस्तार गर्न | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | उत्पादकत्व वृद्धि हुनेछ । |
| 2 | बैकल्पिक सिँचाई सुविधा विस्तार लिप्टिङ्ग, पोखरी निर्माण तथा थोपा सिंचाई प्रबर्द्धन) | सिँचाई सुबिभा बृद्धि गर्न | सालबसाली | | | सिंचाई सुविधा विस्तार भई उत्पादकत्व हुनेछ । |
| 3 | कुलो तथा पोखरी संरक्षण, मर्मतसंभार र स्तरोन्नति | उपलब्ध श्रोतको समुचित उपयोग गर्ने | सालबसाली | | | परम्परागत कुलो तथा पोखरी निर्माण र संरक्षण हुनेछ। |

### ३.४.८ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । गाउँपालिका क्षेत्रमा प्रस्तावित कार्यक्रम तथा आयोजना प्रभाबकारी कार्यन्वयन हुँदा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि हुन गई गाउँ वासीको जीवनस्तरमा आर्थिक सामजिक सुधार हुनेछ ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन भरपर्दो सिंचाई प्रणाली, संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ३.५ उद्योग, ब्यापार तथा ब्यबसाय, श्रम र रोजगारी

### ३.५.१ पृष्ठभूमी

गाउँपालिकामा साना तथा मझौला घरेलु उद्योग जस्तैः कृषि र पशुपंक्षीको विकास र विस्तारका लागि वातावरण सिर्जना गर्नु आवश्यक छ । कृषि तथा पशुपंक्षी, नगदे बालीमा अुदुवा र वेसारको प्रशोधन कार्य हुन आवश्यक छ । एक ओटा औधोगिक ग्रामको सिल्यान्यास, डिपिआर र जग्गा छनोट कार्य सम्पन्न भएको छ । व्यापार, व्यवसाय, सेवा र साना उद्योग गरी कुल जम्मा ८ सय ४१ ओटा रहेका छन् ।गाउँपालिकाको योजनाबद्ध र सन्तुलित विकासको लागि उद्योग व्यवसाय, पर्यटन र कृषि क्षेत्रको विकास र प्रवद्र्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गरी गरिवी निवारण गर्न उपयुक्त योजना तर्जुमा एवम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

### ३.५.२ संभावना तथा अवसर

कृषि, पशुपंक्षी, वन, जडीबुटी एवम् पर्यटन क्षेत्रलाई उद्योगसँग आवद्ध गरी विस्तार गर्ने प्रचुर सम्भावना हुनु, स्थिर सरकार हुनु, राजनीतिक स्थिरता, खाद्यान्नमा आत्मनिर्भरताका लागि स्थानीय स्तरमा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने प्रयासको निरन्तरता हुनु र खनदहमा व्यापारिक केन्द्र विस्तार हुनुले व्यापारमा सहज हुनु अवसरका रूपमा रहेका छन् ।

गाउँपालिकामा रोजगार शाखा स्थापना भई कार्य सञ्चालन हुनु, शैक्षिक बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई स्वरोजगार कार्यक्रममार्फत ऋण सुविधा उपलब्ध हुनु यस क्षेत्रका अवसर रहेका छन् ।

### ३.५.३ समस्या तथा चुनौती

उद्यमशील सोचको विकास हुन नसक्नु, लघु, घरेलु तथा साना उद्योग प्रवद्र्धनमा पूँजी, सिप, कच्चा पदार्थ र प्रविधिको संयोजन गर्न निजी क्षेत्रले नसक्नु, स्थानीय कच्चा पदार्थको कम उपयोग हुनु समस्याका रूपमा रहेका छन। अत्यावश्यक वस्तु तथा सेवा गुणस्तरीय एवम् सहजरूपमा उपलब्ध हुन नसक्नु, खाद्यमा हुने मिसावट, ठगी, कालोबजारी, कार्टेलिङग् र सिण्डिकेट जस्ता विकृतिका कारण बजारमा कृत्रिम अभाव सिर्जना हुनु, बजार अनुगमन प्रभावकारी हुन नसक्नु, संस्थागत क्षमता कमजोर हुनु, सबै वडामा उत्पादन हुने अतिरिक्त खाद्यवस्तुको सङ्कलन र उचित व्यवस्थापन एवम् भण्डारण गरी अभाव भएका समुदायमा सहजै वितरण गर्ने सरल र छिटो तथा भरपर्दो संरचना नहुनु यस क्षेत्रका समस्या रहेका छन् ।

औद्योगिक ग्राम पूर्वाधारको विकास गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ्ग र प्याकेजिङ्गसम्बन्धी क्षमता अभिवृद्धि गर्नु, आत्मनिर्भर हुन सक्ने कृषिजन्य उत्पादनका साथै, विलासिताका वस्तुहरूको आयात निरूत्साहित गर्नु र आयात हुने वस्तुहरूको गाउँपालिकामा नै उत्पादन बढाउनु चुनौतीका रूपमा रहेका छन। त्यसै गरी गाउँपालिकामा भित्रिएको विप्रेषण पाउँने परिवारलाई समेटी उत्पादनमूलक कार्यमा लगाउँन नसक्नु र उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक परामर्श सेवा तथा सूचना कमिजस्ता उद्योग व्यवसाय विकासको चुनौतिको रुपमा रहेका छन् ।

## ३.५.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"स्थानीय श्रोत तथा साधनको उपयोगबाट उद्यम र रोजगारीमा वृद्धिः मालारानी वासीको समृद्धि" ।

**लक्ष्य**

"स्थानीय स्रोतमा आधारित उद्योग तथा बाणिँज्यको माध्यमबाट गाउँपालिकाबासिको जीवनस्तरमा सुधार ल्याउन उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्ने"

**उद्देश्य**

गाउँपालिकाका उद्योग, व्यापार तथा व्यवसाय एबम् श्रम तथा रोजगारी उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. उद्यम तथा व्यवसाय सिर्जना र विकासका लागि उद्यमशिलताको तालिम प्रदान गरी छरिएर रहेको स्रोत साधन, जनशक्ति र सम्पदाहरुलाई अवसरहरुको रुपमा अधिकतम उपयोग हुँने गरी उद्यम स्थापना गर्नु।

२. उद्योग, व्यापार तथा व्यवसाय र आपूर्ति व्यबस्थाको विकास तथा विस्तार गर्नु,

३. स्थानीयस्तरमा उपलब्ध रोजगारीको विस्तार तथा रोजगारमूलक उद्यमको प्रवद्र्धन मार्फत गरिवी निवारण गर्नु,

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१: लघु, साना, मझौला तथा ठूला उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा वातावरण तयार गर्ने ।

२ अत्यावस्यक सामाग्रीको सहज आपूर्ति तथा गुणस्तरीयताको लागि सघन अनुगमनको सुनिश्चितता गर्ने ।

३ स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजिकरण एवम् प्रोत्साहन मार्फत रोजगारीको अवसर सिर्जना गर्ने ।

४ स्थानीय उत्पादनको गुणस्तरीयता सुनिश्चित गर्दै बजार प्रवद्र्धन गर्ने ।

५ वैदेशिक रोजगारी बाट फर्केका युवाको परिवारलाई उद्यम स्थापनामा सहजिकरण र प्रोत्साहित गर्ने |

## ३.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगार उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.५.१ आर्थिक विकास क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोत:सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| उद्यम तथा ब्यबसाय | संख्या | ८४१ | ८७० | ८९० | ९०० |

| | | | | | |
|---|---|---|---|---|---|
| मध्यम स्तरीय होटल तथा लज | संख्या | ५ | ५ | ६ | ७ |
| चालु घरेलु तथा साना उद्योग | संख्या | १०१ | ११० | ११५ | १२१ |
| रोजगारमूलक नयाँ आयोजना÷कार्यक्रम | संख्या | १ | २ | ३ | ४ |
| बार्षिक थप रोजगारी सिर्जना | संख्या | २०० | ३०० | ३५० | ४०० |
| बैदेशिक रोजगारीमा जानेको बार्षिक संख्या | संख्या | १९१७ | १८९० | १७५० | १५५० |

### ३.५.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगार उपक्षेत्रको बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, विवरण देहायअनुसार तालिका ३.५.२ मा प्रस्तुत गरिएको छ।

तालिका ३.५.२ उद्योग, ब्यापार तथा ब्यबसाय, श्रम र रोजगार उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | डिजिटल प्रणालीमा आधारित ब्यापार व्यवसाय प्रोफाइल तयारी | ब्यापार तथा ब्यबसाय संचालन सहज तुल्याउनु | २०७९/०८० | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | डिजिटल प्रणालीमा आधारित व्यवसाय प्रोफाइल तयारी हुनेछ । |
| २ | स्थानीय कच्चा पदार्थ, ज्ञान, सीप र प्रविधि सम्बन्धी अध्ययन, संरक्षण र प्रवद्र्धन बिबिध कार्यक्रम | उद्योग व्यवसाय सिर्जनाको वातावरण तयार गर्ने | सालवसाली | | | नयाँ उद्यम तथा व्यवसाय सिर्जना र विकास हुनेछन् । |
| ३ | ब्यबसायिक सिप बिकास सम्बन्धि बिबिध तालिम (कुटानी, मिस्त्री, कूक, वेटर, प्लम्बिङ्ग, अचार बनाउने आदि) | रोजगार सृजना गर्न | सालवसाली | | | बार्षिक करिब १०० जनाले सिपमुलक तालिम पाउनेछन् । |
| ४ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधि/निर्देशिका तर्जुमा | व्यवसाय दर्ता तथा नविकरणको व्यवस्था गर्ने | २०७८/०७९ | | | व्यावसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा र कार्यान्वयन हुनेछ |
| ५ | उद्यमशीलता, व्यवसाय सिर्जना र विकास कार्यक्रम | रोजगारी सृजना गर्न | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | |
| | श्रम तथा रोजगार | | | | | |
| ६ | गाउँस्तरीय रोजगार योजना तर्जुमा | तत्कालिन ताथ दीर्घकालिन रोजगारीको आधार तयार गर्ने | २०७९/०८० | | | रोजगार योजना तर्जुमा भएको हुनेछ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | स्थानीय रोजगार प्रवद्र्धन तथा सिपमुलक तालिम र प्रविधि हस्तान्तरण संचालन कार्यक्रम | सीपयुक्त, अनुभवी र दक्ष स्थानीय व्यक्तिको पलायन रोक्ने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | करिब ७५० जना रोजगार कार्यक्रमबाट लाभान्वित भएका हुनेछन् । |
| ८ | श्रमिक सामाजिक सुरक्षा कार्यक्रम | श्रमिकको न्युनतम सुरक्षा सुनिश्चित हुने व्यवस्था गर्ने | सालवसाली | | | करिब ६५० श्रमिक सामाजिक सुरक्षाबाट लाभान्वित हुनेछन् । |
| ९ | बैदेशिक रोजगारीवाट फर्किएका युवा लक्षित रोजगार प्रबर्द्धन कार्यक्रम | रोजगारी मार्फत गरिवी निवारण गर्नु | सालबसाली | | | बार्षिक करिब २५ जना युवा प्रत्यक्ष लाभान्वित हुने | |

### ३.५.८ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । गाउँपालिका क्षेत्र भित्रका युवाहरुलाई स्थानीय, राष्ट्रिय अन्तराष्ट्रिय बजारको माग अनुसारको ज्ञान, सीप र प्रविधि प्रदान गर्न, क्षमता तथा उद्यमशिलता विकास गरी रोजगारीको अवसरमा परिचालन गर्न आवश्यक छ ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ । संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ३.६ सहकारी तथा वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमी

गाउँपालिकाले सहकारी र यसमा आवद्ध नागरिकको एकीकृत योजना तर्जुमा तथा कार्यान्वयन र प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एबम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले बनाएको सहकारी ऐन कार्यान्वयनको प्रक्रियामा रहेको छ । सहकारी संस्थाको दर्ता, नवीकरणदेखि नियमन गर्ने र अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरू गाउँपालिकाबाट हुन थालेका छन् । ११ ओटा कृषि सहकारी, ९ ओटा बचत तथा ऋण सहकारी, ३ ओटा साना किसान, १ ओटा उपभोक्ता र १ ओटा बहुउद्देश्यीय कृषि गरी २५ ओटा सहकारी सञ्चालनमा रहेका छन् । सबै सहकारीमा गरी जम्मा ८ हजार ९ सय ४३ सेयर सदस्य रहेका छन् । जसमा ६ हजार ४ सय ३० महिला र २ हजार ५ सय १३ पुरुष सेयर सदस्य रहेका छन ।८ वटा बैंक तथा वित्तीय संस्थाको शाखा रहेका छन् भने वडा न. २ र ६ नं. मा शाखारहित बैङ्क रहेका छन.| आर्थिक विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न सहकारी तथा वित्तीय सेवा सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ३.६.२ संभावना तथा अवसर

सहकारीलाई गाउँपालिकाको अर्थतन्त्रको एक बलियो आधारको रूपमा लिइनु, कृषि उत्पादनका मूल्य शृङ्खलामा सहकारी संस्थाहरूलाई आबद्ध गर्दै लैजाने सम्भावना रहनु, सहकारीमा महिला तथा विपन्न वर्गको पहुँच स्थापित हुने खालका कार्यक्रमहरू सञ्चालन हुनु, स्थानीय सरकारले सहकारी क्षेत्रलाई प्राथमिकतामा राख्नु, सहकारी क्षेत्रसँग रहेको पूँजी उत्पादनको क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहनु, निजी क्षेत्र र सहकारी क्षेत्रबिच सहकार्य वृद्धि हुँदै जानु, सहकारी सञ्चालकहरू उत्पादनको क्षेत्रमा लगानी गर्न थप उत्सुक हुनु, सहकारीमार्फत कोसेली घर सञ्चालनमा आउनु, नागरिकलाई आवश्यक पर्ने ऋण सहजै उपलब्ध हुनु र व्यवसाय सुरु गर्दा बजेट सहजरूपमा उपलब्ध हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ३.६.३ समस्या तथा चुनौती

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तिय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ। सहकारी संस्थामा विधिको अज्ञानता वा पर्याप्त प्रशिक्षणको कमीले अनुशासन तथा सुशासनको अवस्था सन्तोषजनक नहुनु, सहकारी क्षेत्रको पूँजी उत्पादनशील क्षेत्रमा लगानी तथा परिचालन हुन नसक्नु, गाउँपालिकामा प्रशिक्षण, नियमन, सूचना प्रणालीको संरचना स्थापना नहुनु, सहकारीको पूजी, निक्षेप र लगानीको तथ्याङ्क तथा विवरणमा पालिका जानकार हुन नसक्नु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

वित्तीय अनुशासन बढाउनु, सहकारी संस्था सञ्चालन एवम् व्यवस्थापनका लागि क्षमता र दक्षता वृद्धि गर्नु र गाउँपालिकामा नियमनकारी निकायको संरचना स्थापना गरी प्रभावकारी नियमन गर्नु आदि यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ३.६.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"सहकारीमार्फत सामाजिक र आर्थिक विकास ।"

**लक्ष्य**

"बैंक, सहकारी तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्ने"

**उद्देश्य**

गाउँपालिकाका बैंक तथा वित्तीय सेवा उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- वित्तीय सेवा तथा सहकारीमा गाउँवासीको पहुँच वृद्धि गर्दै नागरिकको हितमा परिचालित गर्न समन्वय गर्नु ।

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१ गाउँपालिका क्षेत्र भित्रका नागरिकको वित्तीय सेवामा सहज पहुँच विस्तार तथा सुदृढ गर्ने ।

२ सहकारी क्षेत्रलाई ब्यबस्थित, भरोसायोग्य र सदस्यको अधिकतम हितमा परिचालन गर्ने गरी प्रवर्धन एवं विकास गर्ने |

३ सहकारीलाई गाउँपालिकाको अर्थतन्त्रको एक प्रमुख स्तम्भका रूपमा स्थापित गर्ने ।

४ सहकारीको पूँजीलाई दिगो उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गर्ने ।

### ३.६.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सहकारी तथा वित्तीय सेवा क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यम अवधिको लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.६.१ सहकारी तथा वित्तीय सेवा क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| ८. बैक तथा वित्तिय सेवा | संख्या | | | | |
| बैक तथा वित्तीय संस्था शाखा | संख्या | ८ | ९ | ९ | १० |
| बैंक खाता भएका घरपरिवार | संख्या | ३००० | ३१५० | ३३०० | ३५०० |
| सहकारी र वित्तीय संस्थामा आवद्ध परिवार | प्रतिशत | ६० | ६३ | ६५ | ६७ |

| | | | | | |
|---|---|---|---|---|---|
| सहकारीमा आवद्ध जनसंख्या | संख्या | ८००० | ८४०० | ८६५२ | ८९०० |
| सहकारी संख्या ★ | संख्या | २४ | २३ | २० | १८ |
| बैक तथा वित्तीय संस्था शाखा | संख्या | ८ | ९ | ९ | १० |

★ प्रकृति मिल्ने सहकारीलाई एक आपसमा गाभ्न र गाभिन तथा थप सवाल हुन प्रोत्साहित गरिनेछ ।

## ३.६.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको त्रिबर्शीय अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ३.६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सहकारी तथा वित्तीय सेवा बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ४.७.३ मा प्रस्तुत गरिएको छ।

तालिका ४.७.३ सहकारी तथा वित्तीय सेवा उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1 | सहकारी सुपथ व्यवसाय तथा पसल सञ्चालन तथा साझेदारी अनुदान कार्यक्रम | गाउँमा सुलभ मुल्यका पसल सञ्चालन गर्न सान्झेदारी गर्ने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | सुलभ पसल स्थापना हुनेछन् । |
| २ | लक्षित वर्ग सहकारी सचेतना तथा प्रबद्र्धन र सहकारी तालिम कार्यक्रम | लक्षित वर्गमा वित्तीय सेवा तथा सुविधाको पहुँच बृद्धि गर्ने | सालवसाली | | | लक्षित क्षेत्र, वर्ग तथा समुदायमा वित्तीय सेवा र सुविधाको सहज पहुँच बृद्धि हुनेछ। |
| ३ | कर शिक्षा तथा व्यवसाय योजना तर्जुमा तालिम | गाउँमा आम्दानी बृद्धि गर्न | सालवसाली | | | वर्षमा १ पटक हुनेछन् |
| ४ | सहकारी प्रबर्द्धन तथा सबलीकरण | सहकारीको क्षमता विकास गरी सदस्यको हितमा परिचालन गर्नु | सालवसाली | | | लक्षित क्षेत्र, वर्ग तथा समुदायमा सहकारी प्रतिको विश्वसनीयता वृद्धि हुनुका साथै सदस्यको उच्चतम हितमा परिचालन भएको हुनेछ। |

## ३.६.८ जोखिम पक्ष तथा अनुगमन

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । संघ, प्रदेश र स्थानीय सरकार, वित्तीय संघ संस्था, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

# परिच्छेद – ४

# सामाजिक विकास क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले आधारभुत एबम् माध्यमिक शिक्षाको हकलाई संविधानको भाग ३ को धारा ३१ मा मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । उच्च शिक्षालाई सहुलियतपूर्ण बनाउने व्यवस्था गरेको छ । संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ। नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत सबैको लागि गुणस्तरीय शिक्षा समाबेश गरिएको छ । वर्तमान १५ औं राष्ट्रिय योजनाले समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने कुरालाई महत्व दिएको छ ।

मालारानी गाउँपालिकामा ४ ओटा बालविकास केन्द्र, ४५ ओटा सामुदायिक आधारभूत विद्यालय, ५ ओटा निजी आधारभूत विद्यालय, १४ ओटा माध्यमिक विद्यालय र १ ओटा स्नातकतहसम्म अध्ययन गराउने क्याम्पस गरी कुल ६९ ओटा शैक्षिक संस्था रहेका छन् । वडा न. १, ३ र ६ सामुदायिक सिकाइ केन्द्र रहेका छन्। वडा न. ४ को कालिका नेरा मा.वि. वडा न. ३ को आदर्श मा.वि. र वडा न. ९ को सूर्य मा.वि.मा नमुना विद्यालयको रूपमा कार्यक्रम सञ्चालन हुँदै आएको छ । प्राविधिक शिक्षा तर्फ कालिका नेरा मा.वि.ले सिभिल इन्जिनियरिङ (१८ महिना) र शान्ति मा.वि. ले कम्प्युटर इन्जिनियरिङ कक्षा ९ देखि १२ सम्म अध्ययन गराइ रहेका छन् । विरेन्द्र मा.वि.ले इलेक्ट्रीकल इन्जिनियरिङ कक्षा ९–१२ सम्म स्वीकृत लिएको तर सञ्चालनमा आएको छैन | आदर्श मा.वि. ले १ ओटा बस सेवा सञ्चालनमा ल्याएको छ । गाउँपालिकाले शिक्षा ऐन, २०७५ र आधारभूत तथा माध्यमिक शिक्षा नियमावली, २०७५ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । ८ नं. वडामा रहेको श्री बालशिक्षा आ.वि.लाई माध्यमिक विद्यालयमा स्तरोन्नति गरिएको छ । कक्षा १–५ समायोजन र दरबन्दी मिलान कार्य सम्पन्न भएको छ ।

### ४.१.२ संभावना र अवसर

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको मुल नीतिअनुसार संरचनागत तथा नीतिगत आधारहरु परिपक्क बन्दै गएका छन्। मालारानी क्षेत्र गाउँपालिकाको समृद्धिका लागि शैक्षिक विकासका क्षेत्रमा गाउँपालिकामा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चूनौति पहिचान गरी प्रथम शिक्षा क्षेत्र सुधार योजना सम्पन्न गरिएको छ। यस गाउँपालिकामा उपलब्ध शिक्षा संरचनाको अवस्था राम्रो भएको भएतानि कतिपयको संरचना थप तथा सुधार गर्नु पर्ने र केहि विद्यालयमा शिक्षक दरबन्दिको थप व्यवस्था गर्नु पर्ने अवस्था छ । यस गाउँपालिकाको शिक्षा क्षत्रमा स्तरोन्नती गर्न कक्षाकोठाहरुलाई प्रविधि सँग जोड्ने, ई–लाईब्रेरीको स्थापना लगायतका कार्यहरु गरी शिक्षामा सुधार गर्न सकिने संभावना रहेको छ ।

### ४.१.३ समस्या र चुनौती

विषयगत शिक्षक दरवन्दीको माग र आपूर्तिबिच सन्तुलन नहुनु, प्राविधिक तथा व्यावसायिक धारका विद्यालय र जनशक्ति न्यून हुनु, शिक्षण सिकाइ खासगरी विज्ञान, गणित र अङ्ग्रेजी जस्ता विषयमा कमजोर हुनु, प्रतिभाहरूको पलाईन हुनु र प्राविधिक धारका विद्यालय पर्याप्त नहुनु समस्याका रूपमा रहेका छन ।

सार्वजनिक शिक्षा तथा व्यावसायिक शिक्षा गुणस्तरीय बनाउनु, बालविकास/पूर्व प्राथमिक शिक्षामा सहभागिता वृद्धि गर्नु र यसको गुणस्तरमा सुधार ल्याउनु, सामुदायिक विद्यालयमा मुख्य गरी दलित, जनजाति, विपन्न र फरक क्षमता भएका बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, दक्ष शिक्षकको व्यवस्था गर्नु, विद्यालय छाड्ने दरमा कमी ल्याउनु, समकालीन सूचना सञ्चार तथा शैक्षणिक प्रविधिको प्रयोग सुधार र विकास गर्नु चुनौतीका रूपमा रहेका छन्।

### ४.१.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

" शिक्षित समाजको सिर्जना"

**लक्ष्य**

- शिक्षित, सभ्य र सृजनशील मानव पुँजीको निर्माण गर्ने

**उद्देशय**

गाउँपालिकाको शिक्षा विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छनः

१ ब्यबहारिक, गुणस्तरीय, प्राबिधिक र जीवनउपयोगी शिक्षाका अवसर तयार गर्नु,
२ शैक्षिक पूर्वाधारको सुधार तथा प्रविधिमा जोड दिनु
३ विद्यालय उमेर समूहका सबै बालबालिकाको शिक्षामा पूर्ण पहुँच तथा गुणस्तरको सुनिश्चित गर्नु ।

**रणनीति**

शिक्षा तथा प्रबिधि विकास उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनाको रणनीति र कार्यनीतिको आधारमा तयार गरिएको :

१ गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संरचनागत र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

२ प्रारम्भिक बाल विकास तह देखि उच्च शिक्षा र प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तालिम तथा क्षमता अभिवृद्धिको संस्थागत विकास गर्ने।

३ बिद्यालय उमेर समुहका सबै बालबालिकाका लागि शिक्षाको पहुँच सुनिश्चित गर्ने।
४ विद्यालय शिक्षालाई गुणस्तरीय व्यवहारिक, व्यवसायिक, सीपमूलक र जीवनपयोगी बनाउने
५ शिक्षण सिकाई, प्रशासनीक कार्य तथा अनुगमनमा विद्युतीय सूचना प्रविधिको उपयोग गर्ने
६ दलित, विपन्न, अल्पसङ्ख्यक, सीमान्तकृत, फरक क्षमता र जनजाति समुदायका विद्यार्थीहरूलाई स्नातकोत्तर तहसम्मको शिक्षामा पहुँच पुर्‍याउनु ।

### ४.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

शिक्षा विकास उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१.१ शिक्षा विकास उपक्षेत्रगत नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना , सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| शिक्षा | | | | | |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १७० | १८० | १९५ | २१५ |
| उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ७७ | ८५ | ९२ | १०० |
| विद्यालय वचैमा छोड्ने दर | प्रतिशत | २ | १.५ | १ | ०.५ |
| विद्यालय वाहिर रहेका (५—१५ वर्ष) बालबालिका | प्रतिशत | १.४० | १.२ | १ | ०.८ |
| प्रारम्भिक बालकक्षामा अध्ययनरत ४—५ बर्षका बालबालिका | जना | ७६२ | ७९० | ८१० | ८२५ |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९२ | ९३ | ९४.५ | ९६ |
| कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९३ | ९४.५ | ९५.५ | ९७ |
| एसइइको भौगोलिक उत्तिर्ण दर (अंग्रेजी) | प्रतिशत | ५४.३७ | ५७ | ६१ | ६७ |
| एसइइको भौगोलिक उत्तिर्ण दर (गणित) | प्रतिशत | ४५.३१ | ५१ | ५७ | ६५ |

### ४.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

शिक्षा विकास उपक्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.१.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१.२ शिक्षा विकास तर्फका कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण (स्रोतः आवधिक योजनामा समावेश गरिएका बिस्तृत क्रियाकलाप तथा आयोजनालाई एकीकृत गरि तयार गरिएको छ)**

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1.1 | विद्यालय भवन निर्माण, मर्मत तथा संरचना सुधार कार्यक्रम | सामुदायिक विद्यालयको आकर्षण वृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार विकास हुने |
| 1.२ | प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन कार्यक्रम | बालवालिकाको सिकाइ वातावरण तयार गर्ने | सालवसाली | | | बाल विकास केन्द्रहरु व्यवस्थित हुनेछन् |
| 1.३ | सूचना प्रविधिमैत्री पठन-पाठन विस्तार कार्यक्रम | प्रविधिमैत्री विद्यालय तयार गर्न | सालवसाली | | | सवै विद्यालयहरु प्रविधिमैत्री हुनेछन् |
| 1.४ | नमुना विद्यालय सञ्चालन कार्यक्रम | शैक्षिक गुणस्तर बृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | नमुना विद्यालय तयार हुनेछन् |
| 1.५ | शैक्षिक गुणस्तर अभिबृद्धिको लागि सुधार कार्यक्रम | सिकाई उपलब्धी दर बृद्धि गर्ने | सालवसाली | | | सवै विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि हुनेछन् । |
| 1.६ | विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | विद्यालय शिक्षाको गुणस्तर बृद्धि गर्ने | सालवसाली | | | सवै विधालयमा आवश्यक जनशक्ति पुगेको हुनेछ । |
| 1.७ | विद्यार्थी प्रोत्साहन कार्यक्रम | विधार्थीको निरन्तता दर बृद्धि गर्न | | | | विद्यार्थीको बिद्यालय टिकाउ डर र निरन्तरता बृद्धि हुनेछ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1.८ | प्रतिभा पहिचान तथा प्रोत्साहान कार्यक्रम | सिर्जनशीलताका साथै अध्ययनको प्रभावकारित बढाउने | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | बिद्यार्थी प्रतिभा प्रोत्साहित हुनेछन। |
| 1.९ | शिक्षा क्षेत्र सालबसाली कार्यक्रम | शैक्षिक सेवा सुचारु गर्ने | सालवसाली | | | विद्यालय व्यवस्थित रुपमा संचालन हुनेछन् । |

## ४.१.८ जोखिम पक्ष तथा अनुगमन

शैक्षिक संस्थाहरुमा आबश्यक पर्याप्त भौतिक पूर्वाधार विकास र दक्ष जनशक्तिको उपलब्धता सहित गुणस्तरीय, प्रबिधिमैत्री, रोजगारमुलक, जिवनउपयोगी, प्रतिष्पर्धी शिक्षा प्रणाली विकास गर्नु आजको मुख्य चुनौती रहेको छ| आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सुबिधा अझैसम्म पनि सवै वर्ग, समुदाय र क्षेत्रका जनतामा सहज, सुलभ तथा सरल रुपमा पुग्न सकेको छैन। माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.२ जनस्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभुत स्वास्थ्य तथा पोषणको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ | राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रका जनताको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चिताका लागि निर्देशित गरेको छ भने सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ | गाउँपालिकामा अर्थराइटिस, दम, बाथ, कान पाक्ने, छाला, आँखा, ब्लड प्रेसर, पाइल्स पाठेघरको समस्या, महिलामा रक्तअल्पता, बालबालिकामा निमोनिया, झाडापखाला र पानीजन्य रोगहरू बढी रहेका छन् । बहुसङ्ख्यक जनताले प्राथमिक स्वास्थ्य सेवा लिन सफल भएका छन् । अस्पताल नभएता पनि स्थानीय स्वास्थ्य चौकीबाट स्वास्थ्य सेवा प्रदान भइरहेको छ । ठुला किसिमका रोगहरू लागेमा सन्धिखर्क, बुटवल र काठमाडौं जानु पर्ने अवस्था रहेको छ । गाउँघर क्लिनिक तथा स्थानीय मेडिकलहरू पनि सञ्चालनमा आएका छन् । १, ३, ४, ५, ६ र ९ नं. वडामा स्वास्थ्य चौकी, २, ७ र ८ नं. वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र, २० ओटा खोप केन्द्र, १० ओटा गाउँघर क्लिनिक, ४ ओटा बर्थिङ्ग सेन्टर, १३० जना महिला स्वास्थ्य स्वयंसेविका र १३० ओटा स्वास्थ्य आमा समूह रहेका छन् । ४ र ६ नं. वडामा एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ। ९ जना स्वास्थ्य बिमा कार्यकर्तामार्फत स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन हुँदै आएको छ । हालसम्म स्वास्थ्य बिमा गरेका घरधुरीको सङ्ख्या २११० रहेको छ । ७ ओटा दर्ता भएका निजी मेडिकल रहेका छन।६ ओटा स्वास्थ्य संस्था मध्ये ४ ओटा स्वास्थ्य चौकीबाट २४ सै घण्टा नियमित रूपमा प्रसूति सेवा र २ ओटा स्वास्थ्य चौकीबाट सुरक्षित गर्भपतन सेवा प्रदान हुँदै आएको छ।१५ शैयाको आधारभूत अस्पताल शिलान्यास भई निर्माणको क्रममा रहेको छ।

लुम्बिनी प्रदेशको पहिलो आवधिक योजना तथा गाउँपालिकाको आवधिक योजनाले स्वास्थ्य तथा पोषणको सुनिस्चितततालाई विकासको मुख्य शर्तका रुपमा लिएको देखिन्छ ।

### ४.२.२ संभावना र अवसर

यस गाउँपालिकामा एउटा प्राथमिक स्वास्थ्य केन्द्र, ६ ओटा स्वास्थ्य चौकी र २ ओटा आयुर्वेद औषधालय। रहेका छन् भने अस्पतालको संख्या शुन्य रहेको छ । यी स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको संख्या ४७ रहेको छ । ६ ओटा वार्डमा २० ओटा गाउँघर क्लिनिक र २७ ओटा खोप क्लिनिक संचालनमा रहेका छन। गाउँपालिकामा जम्मा ७७ जना महिला सामुदायिक स्वास्थ्य स्वंम सेविकाहरु कार्यरत छन् ।संविधान प्रदत्त राज्यका सङ्घ, प्रदेश र स्थानीय तहबिच स्वास्थ्य सेवासम्बन्धी अधिकारको सूची बाँडफाँड हुनु, संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवासम्बन्धी नीति तथा कानुनहरू निर्माण हुँदै जानु, १५ शैयाको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा हुनु, स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सिर्जना हुनु, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै जानु, दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि हुनु र स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार हुँदै जानु अवसरका रूपमा रहेका छन् ।

## ४.२.३ समस्या र चुनौती

गाउँपालिकामा आयुर्वेद औषधालय नहुनु, स्वास्थ्य जनशक्ति र उपयोगबिच सामन्जस्यता हुन नसक्नु, स्वास्थ्य संस्थाहरूमा आवश्यकताअनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकको कमी हुनु, सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवनशैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु, प्रजनन् उमेरका महिला र पाँच वर्षमुनिका बालबालिकाहरूको पोषणमा सुधार हुन नसक्नु, जनताले अपेक्षा गरेअनुरूप गुणस्तरसहितको स्वास्थ्य सेवाको पहुँच र एकरूपता कायम गर्न नसक्नु, पाँच वर्षमुनिका धेरैजसो बालबालिका र प्रजनन उमेर समूहका महिलामा न्यून पोषण हुनु समस्याका रूपमा रहेका छन् ।

स्वास्थ्य बिमालाई सबै नागरिकमा पुऱ्याउनु, स्वास्थ्य सेवामा गुणस्तरको सुनिश्चितता गरी समग्र स्वास्थ्य तथा पोषण क्षेत्रमा सुशासन कायम गर्नु, सेवा प्रवाहसँगै सन्तुलन गर्नु, बदलिँदो जीवनशैली तथा आहार—व्यवहार र आम नागरिकमा स्वास्थ्यसम्बन्धी सचेतना जगाउनु, स्वास्थ्य क्षेत्रमा बढ्दो निजी तथा गैरसरकारी स्वास्थ्य सेवाको दायरा, समन्वय र सहकार्य तथा नियमन गर्ने कार्य चुनौतीका रूपमा रहेका छन् ।

## ४.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### सोच

"गुणस्तरीय स्वास्थ्य सेवा तथा दिगो पोषणमा पहुँचको सुनिस्चितताः मालारानी गाउँपालिकाको प्रतिबद्धता "

### लक्ष्य

गुणस्तरीय स्वास्थ्य र पोषणमा नागरिकको सहज पहुच र उपभोग सुनिस्चितता गरी नागरिकको स्वास्थ्यमा सुधार गर्ने ।

### उद्देशय

गाउँपालिकाको स्वास्थ्य तथा पोषण उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन

१ स्वास्थ्य क्षेत्रको प्रवद्र्धनात्मक, निरोधात्मक एवम् उपचारात्मक सेवामा जनताको पहुँच पुऱ्याउनु ।

२ विज्ञ सेवा सहितको स्तरीय उपचार साथै आयुर्वेद स्वास्थ्य सेवाको प्रवद्र्धन गर्नु पोषण तथा गुणस्तरीय स्वास्थ्य सेवाको सहज पहुँच अभिवृद्धि गर्नु,

### रणनीति

स्वास्थ्य तथा पोषण उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनाको रणनीति तथा कार्यनीतिको आधारमा तयार गरिएको)ः

१ आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने

२ स्थानीय स्वास्थ्य संस्थाको सुदृढीकरण तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने |

३ बैकल्पिक चिकित्सा प्रणालीको विकास र विस्तार गर्ने।

४ जनस्वास्थ्य प्रवद्र्धनका लागि समुदायस्तर सम्मको संरचना र कार्यक्रमलाई प्रभावकारी गराउने ।

५ पूर्ण खोपको सुनिस्चितता गर्ने |

६ सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण बिशेष सेवामा पहुँच सुनिश्चित गर्ने ।

## ४.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

जनस्वास्थ्य तथा पोषण उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२.१ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना , सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| स्वास्थ्य ताथ पोषण | | | | | |
| स्वास्थ्य संस्थामा पुग्न लाग्ने औसत समय | मिनेट | ६० | ३० | ३० | ३० |
| विरामी पर्नासाथ स्वास्थ्य संस्था जाने जनसंख्या | प्रतिशत | २५ | ३५ | ४० | ५० |
| कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ०.७२ | ०.६ | ०.५ | ०.४ |
| पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | ८०.५ | ८४ | ८८ | ९३ |
| जन्मदा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | २ | १.८ | १.५ | १ |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ३४.६ | ३७ | ४२ | ५० |
| झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | ६८.७ | ६० | ५५ | ५० |
| झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | २२१ | २०० | १५० | १०० |
| स्वाशप्रश्वासको संक्रमण दर (प्रति हजारमा) | जना | ४५१ | ३५० | ३०० | २५० |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | २९ | ३५ | ४३ | ५० |

## ४.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ४.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजनाको विवरण (आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रमको आधारमा तयार गरिएको) उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.२.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.२.२ **जनस्वास्थ्य तथा पोषण तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि (शुरु र समाप्ती) | अनुमानित लाग(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्था सुदृढिकरण तथा स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम | स्वास्थ्य सेवालाई व्यवस्थित तथा सहज बनाउन | निरन्तर | | गाउँपालिकाको प्रथम आवधिक योजना र बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरु निर्माण हुनेछन् । |
| 2 | स्वास्थ्य सेवा प्रवद्र्धन कार्यक्रम | स्वास्थ्य सेवा दिगो, सुपथ र सहँज बनाउन | सालवसाली | | | गाउँवासीलाइ स्वास्थ्य सेवा लिन सहँज हुनेछ । |
| 3 | पोषण सुधार कार्यक्रम | मातृ तथा नवजात स्वास्थ्य सुधार गर्न | सालवसाली | | | गाउँमा २५ प्रतिशतले पोषणमा सुधार भएको हुनेछ । |
| 4 | स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | व्यवस्थित तथा सुलभ सेवा प्रवाह गर्न | सालवसाली | | | सवै स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन भएको हुनेछ । |
| 5 | लक्षित वर्ग स्वास्थ्य सेवा कार्यक्रम | स्वास्थ्य सेवामा सवैको सहज पहुँच बृद्धि गर्न | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजना र बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | सवै वडामा विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन हुनेछ । |
| ६ | मातृशिसु तथा गर्भवती स्याहार कार्यक्रम | मातृ स्वास्थ्य सुधार गर्न | सालवसाली | | | सुरक्षित मातृत्व र पोषण सेवा २५ प्रतिशतले बृद्धि हुनेछ । |
| 7 | विद्यालय नर्स कार्यक्रम | स्वास्थ्यमैत्री विद्यालय निर्माण गर्न | सालवसाली | | | विद्यालयमा नर्सको व्यवस्था हुनेछ । |
| 8 | महामारी नियन्त्रण पूर्वतयारी | सजह स्वास्थ्य उपाचार अभिबृद्धि गर्न | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजना र | महामारी नियन्त्रण पूर्वतयारी युनिट तयार हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 9 | स्वास्थ्य विमा प्रवद्र्धन | जडिबुटीको प्रयोग बढाउने | सालवसाली | | बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | ८० प्रतिशत नागरिकले स्वास्थ्य बिमा गरेका हुनेछन् |
| 10 | परिवार नियोजन सेवा विस्तार कार्यक्रम | सवै वर्गको स्वास्थ्यमा सहज पहुँच बृद्धि गर्न | सालवसाली | | | ३० प्रतिशतले परिवार नियोजनको साधा प्रयोगमा बृद्धि हनेछ । |
| 11 | बाल स्वास्थ्य सुधार कार्यक्रम | साधन प्रयोगमा बृद्धि गर्न | सालवसाली | | | सवै वडामा सञ्चालन हुनेछन् । |
| 12 | स्वास्थ्य सेवासँग सम्बन्धित बिबिध सालवसाली कार्यक्रम सशर्त समेत | सवै प्रकारको स्वास्थ्य सेवा उपलब्ध गराउन | सालवसाली | | | स्वास्थ्य सेवा सहज र गुणस्तरीय भएको हुनेछ। |

## ५.१.८ जोखिम पक्ष तथा अनुमान

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सुबिधा अझैसम्म पनि सवै वर्ग, समुदाय र क्षेत्रका जनतामा सहज, सुलभ तथा सरल रुपमा पुग्न सकेको छैन। बढ्दो अव्यवस्थित शहरीकरणका कारण एकातिर सरूवा रोगको नियन्त्रणमा चुनौती रहेको छ भने बदि्लदो खानपान र जीवनशैलीका कारण नसर्ने रोगको भार बढदो छ। साथै जलवायु परिर्वतनका कारण नयाँ रोग तथा प्राकृतिक प्रकोपका कारण स्वास्थ्य प्रणालीमा ठूलो चुनौती थपिएको छ। कोभिड १९ विश्वव्यापी महामारीले स्वास्थ्य क्षेत्रमा ठूलो चूनौति ल्याएको र मानवीय, आर्थिक र सामाजिक क्षति पुगेको छ। विद्यमान स्वास्थ्य सेवा प्रणाली कोभिड १९ लगायत अन्य माहामारी र अन्य स्वास्थ्य समस्यालाई सम्बोधन गर्न नसक्ने अवस्था देखिएको छ। माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, तथा स्वास्थ्य समुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समेत समावेश गरिएको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा संघीय सरकार प्रदेश सरकार तथा गाउँपालिकाले उच्च प्राथमिकता रहेको छ। लुम्बिनी प्रदेशको पहिलो आवधिक विकास योजनाले स्वच्छ खानेपानी आपूर्ती र सरसफाईमा घरधुरीहरुको पहुँच सत प्रतिशत पुर्याउने उद्देश्य लिएको छ । गाउँपालिकाको बहुसङ्ख्यक घरधुरीहरू पाइपको खानेपानी प्रयोग गर्दछन। पूर्ण सरसफाइका कार्यक्रमहरू सञ्चालनका लागि विशेष जोड दिइएको छ । खनदह बजारमा ढल निकासको व्यवस्था भएको छ।

गाउँपालिकामा शौचालयको अवस्थाः सेप्टी टङ्की जोडिएको सुरक्षित सौचालय बनाएका घरधुरी संख्या ६०७० अर्थात ८१.८९ प्रतिशत तथा सामान्य सौचालय प्रयोग गर्ने १७ प्रतिशत घरधुरीहरू रहेका छन भने करिब १ प्रतिशत घर परिवारको घरमा शौचालय निर्माण हुन सकेको छैन। खानेपानी र सरसफाइमा नमुना गाउँपालिका बनाउने लक्ष्यका साथ पूर्ण सरसफाइ कार्यमा प्रवद्र्धनात्मक र क्षमता विकासका कार्यहरू गर्दै आइरहेको छ|

गाउँपालिकामा खानेपानीको प्रयोगको अवस्था असुरक्षित मुहान १.१९ प्रतिशत ८८ घरधुरीहरूले, योजनाको निजीधारा २१.५० प्रतिशत १ हजार ५ सय ८८ घरधुरीले, योजनाको सार्वजनिक धारा ५३.१९ प्रतिशत ३ हजार ९ सय २९ घरधुरीले, संरक्षित मुहान २१.०६ प्रतिशतले १ हजार ५ सय ५६ घरधुरीले, सतहको पानी प्रयोग ३.०४ प्रतिशत २ सय २५ घरधुरीले गरेका छन् । शैक्षिक संस्थाहरूमा खानेपानी सुविधाको अवस्था गाउँपालिकामा जम्मा ६९ ओटा विद्यालयमध्ये सधैंभरि खानेपानी उपलब्ध हुने विद्यालय ५८ प्रतिशत रहेका छन् । त्यस्तै, सधैंभरि उपलब्ध नहुने विद्यालय ४२ प्रतिशत रहेका छन् । खानेपानी आयोजनाको व्यवस्थापन उपभोक्ता समिति मार्फत हुने अभ्यास रहेको छ ।आबश्यकता अनुरुप सार्वजनिक शौचालय निर्माण र संचालनमा जोड दिने गरिएको छ ।

### ४.३.२ संभावना र अवसर

नेपालको संविधानले खानेपानी तथा सरसफाइलाई नागरिकको मौलिक हकका रूपमा राख्नु, खानेपानी तथा सरसफाइमा नागरिकहरूको चेतना अभिवृद्धि हुनु, खानेपानी तथा सरसफाइ गाउँपालिकाको प्राथमिकतामा पर्नु, विकास साझेदारहरूको सहभागिता रहनु, विद्युत वा सौर्य ऊर्जा प्रयोग गरी खानेपानी सुविधा पुऱ्याउनु र खोला तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु अवसरका रूपमा रहेका छन् ।

नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई स्वच्छ पिउने पानी र सरसफाईलाई महत्वपूर्ण रुपमा उठान गरेको छ । फोहर व्यवस्थापनलाई पनि नसड्ने प्लाष्टिकजन्य फोहरलाई संकलन गर्न बाटोको सुविधा भएका कारण एकतृत गर्न सकिने र सड्ने प्रकारका फोहरलाई कम्पोष्ट बिन राखी जैविक मल तयार गर्न सकिने प्रशस्त संभावना रहेको छ । व्यक्तिगत सरसफाईको सचेतनाका लागि महिला स्वास्थ्य स्वयं सेविकाहरुको परिचालनबाट संभावना रहेको अवस्था छ ।

### ४.३.३ समस्या र चुनौती

खानेपानीका पर्याप्त स्रोत नहुनु र भएका पनि संरक्षण नहुनु, सरसफाइ चेतनाको कमी, गाउँपालिकाको खानेपानीसम्बन्धी ऐन कानुन तथा नीति, नियम तयार भई नसक्नु, खानेपानी मूलसम्बन्धी विवाद रहनु, अधुरा आयोजनाको सङ्ख्या उल्लेखनीय रहनु, ठुला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन नहुनु र मुहानहरू दर्ता व्यवस्थापनमा समस्या आउनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

खानेपानीको स्रोत बस्तीबाट टाढा हुनु, धेरै आयोजना सीमित जनशक्तिबाट गर्नु, खानेपानीको सुविधा विस्तार गर्नु, योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको क्षमता, दक्षता अभिवृद्धि गर्नु र छरिएर बसेका बस्ती यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

### ४.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामार्फत जनस्वास्थ्यमा सुधार "

**लक्ष्य**

गाउँपालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा पूर्ण सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देशय**

गाउँपालिकाको खानेपानी तथा सरसफाई उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन

१ एक घर, एक धारा अभियान सञ्चालन गर्नु ।

२ गाउँपालिकालाई वि.सं. २०८२ सम्म पूर्ण सरसफाइ उन्मुख बनाउनु ।

**रणनीति**

खानेपानी तथा सरसफाई उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१ सबै घरपरिवारमा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्ने।

२ आधारभूत स्वच्छ खानेपानीमा सहज पहुँच, खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने।

३ वातावरणीय स्वच्छता र पूर्ण सरसफाई अभियानलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने|

४. फोहोरमैला व्यवस्थापनलाई दिगो तथा प्रभाबकारी गराउन आवश्यक आधार तयार गर्ने ।

### ४.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

खानेपानी तथा सरसफाई उपक्षेत्रको विषय उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.३.१ खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| खानेपानी तथा सरसफाई | | | | | |
| खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ८७ | ८९ | ९१ | ९३ |
| सुरक्षित शौचालय भएका घरधुरी | प्रतिशत | ८१ | ८४ | ८७ | ९० |
| जोखिमयुक्त अवस्थामा साबुन पानीले हातधुने अभ्यास गर्ने घरपरिवार | प्रतिशत | ५२ | ६० | ७० | ८२ |
| फोहोर विसर्जन स्थल भएको घरपरिवार | प्रतिशत | २० | ४० | ६० | ८० |
| फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | १० | १५ | २१ | २७ |

### ४.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

खानेपानी तथा सरसफाई उपक्षेत्रको आगामी ३ बर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.३.२ मा प्रस्तुत गरिएको छ ।(आवधिक योजनामा समाबेश गरिएका आयोजना तथा क्रियाकलापलाई एकीकृत तथा संश्लेषण गरी तयार गरिएको छ )

## तालिका ४.३.२ खानेपानी तथा सरसफाई उपक्षेत्रका कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि(शुरु र समाप्ती) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1 | खानेपानी आयोजना मर्मत तथा सुधार र विस्तार कार्यक्रम | सुरक्षित खानेपानी सुविधा सहज उपलब्ध गराउने | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | मौजुदा साना तथा ठूला आयोजनाको मर्मत सुधार भई सूचारु र दिगो हुनेछन् |
| २ | सार्वजनिक शौचालय निर्माण | पूर्ण सरसफाई र खुला दिशामुक्त क्षेत्र कायम राख्ने | निरन्तर | | | थप सार्वजनिक शौचालय निर्माण भई संचालन हुनेछ |
| ३ | खानेपानी गुणस्तर परिक्षण तथा सुधार | स्वच्छ खानपानीको व्यवस्था गर्ने | सालवसाली | | | घरपरिवारमा पानीको स्वक्ष खानेपानीको सहज रुपमा उपलब्ध हुनेछ |
| ४ | सरसफाई सचेतना कार्यक्रम | स्वच्छता र स्वच्छ व्यवहारको अभिबृद्धि गर्ने | सालवसाली | | | बार्षिक रुपमा समुदायको स्वस्फुर्त सहभागितामा कार्यक्रम संचालन हुनेछ |
| ५ | फोहोरमैला व्यवस्थापन | फोहोर विसर्जन परिमाण घटाउने र व्यवस्थापन सहज बनाउने | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | शहरी क्षेत्रमा बसोबास गर्ने घरपरिवारलाई उपयुक्त प्रविधि हस्तान्तरण हुनेछ । |
| ६ | सालवसाली कार्यक्रम सशर्त समेत | निरन्तर कार्यक्रम | सालवसाली | | | प्रत्येक वर्ष सञ्चालन हुनेछ । |

## ४.३.८ जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यन्वयन मार्फत लक्षित उपलब्धि हासिल गर्न लागत प्रभावकारी कार्ययोजना तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक न्याय समावेशी प्रतिनिधित्वको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ | राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ।नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, तथा स्वास्थ्य समुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समेत समावेश गरिएको छ । गाउँपालिकामा कुल जनसङ्ख्याको ५७.६७ प्रतिशत महिलाले ओगटेको हुँदा महिलाहरूको सामाजिक तथा आर्थिक स्तरलाई विकासको महत्वपूर्ण सूचक मानिएको छ । समाजमा व्याप्त अन्ध विश्वास तथा रूढीवादी विचारधाराले गर्दा जनसहभागिता परिचालन कार्यमा अवरोध उत्पन्न हुन आएको छ।तसर्थ चौतर्फी विकास प्रक्रियामा देखापरेका समस्या तथा अवरोधहरूको क्रमशः निराकरण गरी विकास कार्यमा महिला सहभागिता बढाउने नीति रहेको छ । गाउँपालिका स्तरीय १ ओटा महिला सञ्जाल गठन भई क्रियाशील हुँदै आएको छ । ४ ओटा महिला सहकारी संस्था सञ्चालनमा आएका छन्। १३० ओटा स्वास्थ्य आमा समूह रहेका छन् । १४ वटा विद्यालय स्तरीय बालक्लब, १ वटा गाउँपालिका स्तरीय बाल सञ्जाल गठन भएको छ । वि.सं. २०८२ सम्ममा सबै वडालाई बालबिवाह मुक्त वडाको रूपमा घोषणा र वि.सं. २०८२ सम्ममा बालमैत्री स्थानीय शासन घोषणा गरी बालअधिकारका कार्यक्रमहरू सञ्चालन भएका हुने छन् ।

### ४.४.२ संभावना र अवसर

सामाजिक न्याय तथा सामाजिक सुरक्षामा सबैको पहुँच कायम गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधारका रुपमा लिई संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ ।

### ४.४.३ समस्या र चुनौती

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि नीतिगत तथा व्यवहारिक तहबाट प्रयत्नहरु भएता पनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी रहनुका साथै प्रभावशाली उपस्थिति हुन सकेको छैन ।बिपन्न बर्गको परिवारमा महिला हिंसा, बाल हिंसा तथा घरेलु हिंसाका घटना दिनहु घट्ने गरेका छन्। लक्षित वर्गको स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ। लक्षित वर्गको क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम प्रयाप्त हुन सेकेका छैनन् । गाउँपालिकामा बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा पर्याप्त पहुँच नहुनु, बालमैत्री वातावरणको कमी हुनु, विद्यालय बाहिर अझै बालबालिका हुनु, कानुनी नियन्त्रणका बाबजुद बालश्रम शोषणको अवस्था विद्यमान रहनु, बालविवाह निवारणको लागि पर्याप्त अभिभावकमा चेतना नहुनु र बालबालिकासँग काम गर्ने संस्थागत संरचनाको अभाव हुनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् ।

## ४.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### सोच

"सबै प्रकारका बिभेदमूक्त सभ्य, समतामूलक र समाबेशी गाउँपालिका"

### लक्ष्य

"गाउँपालिका क्षेत्रमा हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी लक्षित वर्गको क्षमता विकास, सामाजिक न्यायको स्थापना तथा सम्मानित जीवन यापनका अवसर सृजना गर्ने" ।

### उद्देशय

गाउँपालिकाको महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

१ आर्थिक-सामाजिक तथा सास्कृतिक रुपमा सिमान्तिकृत वर्गको क्षमता, सहभागिता र आत्मविश्वासमा अभिवृद्धि गर्नु, ।

२ महिला, बालबालिका तथा किशोर किशोरीहरुको विकास तथा सामाजिक सुरक्षाको सुनिश्चितता गरी भेदभाव मुक्त बनाउनु ।

### रणनीति

१ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ|

२ महिलाको हक अधिकार संरक्षण तथा लैङ्गिक समानता वृद्धि गर्ने ।

३ संबिधान प्रदत्त बाल अधिकारको संरक्षण तथा प्रबर्द्धन मार्फत बालमैत्री स्थानीय शासनको प्रत्याभूत गर्ने

४ ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु

५ अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्ने।

६ दलित, आदिवासी जनजाति लगायत आर्थिक सामाजिक रुपमा पिछडिएको वर्गलाई विकासको मूल प्रबाहमा समाहित गराउन समुदायसँगको सहकार्यमा संस्थागत संरचना तथा व्यावहारिक प्रयत्नलाई प्रभाबकारी बनाउने

७ लक्षित वर्गको क्षमता विकास गरी स्थानीय नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउने।

## ५.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना तथा सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| महिला, बालबालिका र सामाजिक समावेशीकरण | | | | | |
| नेतृत्वदायी पदमा महिला र लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/संरचना | प्रतिशत | २५ | ३० | ३८ | ४५ |
| सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | २५ | ३० | ४० | ५० |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | प्रतिशत | २२ | २५ | २८ | ३२ |
| घरेलु लैंगिक हिंसा | प्रतिशत | ३ | २.३ | १.८ | १.२ |
| वालबिबाह | प्रतिशत | ५ | ४ | ३ | २ |

### ४.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.४.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामा समाबेश गरिएका आयोजना तथा क्रियाकलापलाई एकीकृत गरी तयार गरिएको)

## तालिका ४.४.२ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवध(शुरु र समासी) | अनुमानित लागत्(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1 | लक्षित वर्ग स्वरोजगार र आयमूलक कार्यक्रम (सिमान्तिकृत समुदायका नागरिक) | स्थानीय स्तरमा रोजगार सृजना गरी आय आर्जन वृद्धि गने | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | विभिन्न स्वरोजगार र आयमूलक कार्यक्रमबाट लक्षित वर्ग तथा समुदायका व्यक्तिहरु लाभान्वित हुनेछन् |
| २ | मानव बेचविखन अन्त्य, लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण कार्यक्रम | सबै प्रकारका हिंसाको अन्त्य गर्न | सालवसाली | | | मानव बेचविखन अन्त्य, लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण भएको हुनेछ |
| ३ | लक्षित बर्ग केन्द्रित बिभिन्न बार्षिक कार्यक्रम | भेदभावको अन्त्य गर्न र लक्षित बर्गको सशक्तिकरण गर्ने | सालवसाली | | | गाउँमा सबै प्रकारका भेदभावमा कमि आहेको हुनेछ । |
| ४ | बालमैत्री गाउँ कार्यक्रम | बाल विकास लगायत वाल अधिकारको संरक्षण गर्ने | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | बाल विकास केन्द्र, बाल कक्षा तथा र मनोरञ्जनका क्रियाकलाप व्यवस्थित हुनेछन् |
| ५ | लक्षित वर्ग सञ्जाल परिचालन | लक्षित सामुदायिक, सहकारी भवन, चौतारी, अध्ययन केन्द्र, पुस्तकालय आदी निर्माण गर्ने | सालवसाली | | | बार्षिक २ वटाका दरले भवन, चौतारी, केन्द्र वा पुस्तकालय निर्माण भई संचालन हुनेछन |
| ६ | सामाजिक सुरक्षा कार्यक्रम संचालन | निरन्तर कार्यक्रम सञ्चालन गर्न | सालवसाली | | | लक्षित वर्ग लाभाविन्त हुनेछन् । |

## ४.४.८ जोखिम पक्ष तथा अनुगमन

माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

# ४.५ युवा तथा खेलकुद र नवप्रवर्तन

## ४.५.१ पृष्ठभूमि

नेपालको संविधानको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ। युवा शक्तिको पहिचान र परिचालन गर्नसकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन्। यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकतासँग सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भनिएको छ ।

## ४.५.२ संभावना र अवसर

खेलकुद क्षेत्रमा युवाहरुलाई समेटी स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी पालिकाको चौतर्फी विकासका साथै राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समेत खेलाडीलाई प्रतिस्पर्धामा उतारी पालिकाको र देशको नाम संसार भरि परिचित गराउन र खेलकुल तथा पर्यटन विकासमा समेत योगदान दिलाउन स्थानीय स्तर देखि नै युवाहरुलाई खेलकुद क्षेत्रमा आकर्षित गर्न प्रशिक्षण, पूर्वाधार र कार्याक्रमहरुको आयोजना गर्नु जरुरी छ । यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ । यस गाउँपालिका भित्र केहि स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको र हुँने क्रममा रहेको अवस्था छ । यस गाउँपालिकाका सबै वडामा भलिवल मैदान बनाउँने तथा गाउँपालिका भरीमा एक कभर्ड हाल र बृहत्तर खेलमैदान बनाई खेलकुद क्षेत्रको विकास गर्ने संभावना रहेको अवस्था छ ।

## ४.५.३ समस्या र चुनौती

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार आधारशीला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र अनुशिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रुपमा रहेका छन।

## ४.५.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालिन सोच

"सिर्जनशील र युवा प्रतिभायुक्त मालारानीको निर्माण" ।

### लक्ष्य

"युवा जनशक्तिका लागि व्यवसायिकता, नवप्रबर्तानमा आधारित रोजगारी, सदाचार र खेलमैत्री वातावरणको अवसर अभिवृद्धि गर्ने"

### उद्देश्य

गाउँपालिकाको युवा तथा खेलकुद र नवप्रवर्तन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

१ युवा वर्गको सृजनशिल तथा उद्यमशील क्षमता अभिवृद्धि र उपयोग गर्नु ।

२ खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

### रणनीति

युवा तथा खेलकुद र नवप्रवर्तन उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१ युवा वर्गमा अग्रसरता, नवप्रर्वतन तथा उद्यमशिल संस्कृतिको विकास गर्ने ।

२ क्षमता विकास तथा स्वरोजगारीका अवसरको माध्यमबाट युवा वर्गको आत्मविश्वास र सकारात्मक सोंचमा अभिवृद्धि गर्ने ।

३. खेलकुदका पूर्वाधार विकास तथा खेलाडी प्रोत्साहनमार्फत युवाको सृजनशिलता विकास गर्ने ।

## ४.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

युवा तथा खेलकुद विकास उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.५.१ युवा तथा खेलकुद विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| युवा तथा खेलकुद | | | | | |
| सक्रिय युवाक्लब, सञ्जाल तथा संस्था | संख्या | ९ | १० | १२ | १४ |
| क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ५०० | ६०० | ६८० | ८०० |
| उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | ३० | ३५ | ४० | ५० |
| कभर्ड हल तथा खेलकुद मैदान (न्यूनतम पूर्वाधार सहित १ वडा १ खेल मैदान) | संख्या | १ | ४ | ६ | ८ |
| जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | ५० | ६० | ६८ | ७५ |

## ४.५.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ४.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

युवा तथा खेलकुद विकास उपक्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.५.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामा समाबेश गरिएका आयोजना तथा क्रियाकलापलाई एकीकृत गरि तयार गरिएको छ )

**तालिका ४.५.२ युवा तथा खेलकुद र नवप्रबर्तन विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवध(शुरु र समासी) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| 5.1 | नवप्रबर्तनमा आधारित युवा रोजगार प्रवद्र्धन कार्यक्रम | युवा रोजगारी सृजना गर्ने | सालवसाली | | गाउँपालिकाको नीति तथा कार्यक्रम र प्रथम आवधिक योजनाको प्राथमिकता | करिब १५०० युवाहरु स्वरोजगार/रोजगार हुनेछन् ।प्रधानमन्त्री रोजगार कार्यक्रम समेत |
| 5.2 | खेलकुद पूर्वाधार विकास कार्यक्रम | गाउँपालिकामा खेलकुद विकास गर्न | सालवसाली | | | खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नति हुने |
| 5.3 | खेलकुद आयोजना, खेलाडी उत्प्रेरणा तथा प्रतिभा प्रवद्र्धन कार्यक्रम | खेलकुद प्रबद्धन गर्न | सालवसाली | | | प्रत्येक वडामा खेलकुद आयोजना हुनेछ । |

## ४.५.८ जोखिम पक्ष तथा अनुगमन

प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हासिल नहुन सक्छ ।

## ४.६ कला, भाषा, साहित्य र संस्कृति

### ४.६.१ पृष्ठभूमि

मालारानी क्षेत्र गाउँपालिका सँस्कृतिको हिसाबले धनी गाउँपालिका हो। ब्राह्मण र क्षेत्री, नेवार, मगर, बि.क, नेपाली, परियार लगायत विविध जातजाति तथा भाषा सँस्कृतिको सामाजिक संरचना रहेको छ |यी जातजातिहरूका—आफ्नो परम्परा, रीतिरिवाज, धर्म, भाषा, भेषभूषा, रहनसहन, खानपीन, जात्रापर्वहरू छन्। नेपालि भाषीहरुको बाहुल्यता रहेको गाउँपालिकामा मनाइने प्रमुख चाड दशैं, तिहार, माघेसंक्रान्ति, जनैपूर्णिमा, तीज, स्वस्थानी पूर्णिमा, मातातीर्थ औंशी, आदि पर्दछन् ।

### ४.६.२ संभावना र अवसर

नेपालको संविधानले सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ । सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ । साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवद्र्धन र विकास गर्ने स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ ।तसर्थ यस मालारानी गाउँपालिकाले साहित्य, कला, भाषा सम्पदा तथा साँस्कृतिक क्षेत्रमा गाउँपालिका क्षेत्रमा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित तिनीहरुको संरक्षण र प्रवद्र्धन गर्न सकिने संभावना प्रचूर मात्रामा छ ।

### ४.६.३ समस्या र चुनौती

गाउँपालिका भरी यत्रतत्र छरिएर रहेका सम्पदा, कला तथा स्थानीय रितिरिवाजहरु क्रमशः लोप हुँदै जानु, युवा पुस्ता आधुनिकताकानामा विदेशी संस्कार तथा रिवाज प्रति आकर्षित हुँदै जानु कला तथा संस्कृति क्षेत्रका विशेष चुनौतीहरु हुँन ।

### ४.६.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"जीवन्त संस्कृति सहितको मालारानी क्षेत्र"

**लक्ष्य**

"सम्पदा र संस्कृति संरक्षण र प्रबर्द्धन मार्फत सामाजिक बिशिस्टताको पहिचान सिर्जना गर्ने" |

**उद्देशय**

गाउँपालिकाको कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

"सम्पदा, कला, भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवद्र्धन गर्नु"|

**रणनीति**

कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१. स्थानीय साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्धन गरी पर्यटन विकाससँग आवद्ध गर्ने

### ४.६.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

भाषा,कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः ४.६.१ भाषा,कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| कला, भाषा र साहित्य | | | | | |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ० | १ | १ | २ |
| व्यवस्थित रुपले संरक्षित ऐतिहासिक सार्वजनिक स्थल | संख्या | ५ | ७ | ८ | ८ |
| स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ३ | ४ | ४ | ४ |

### ४.६.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.६.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामा समाबेश कार्यक्रम तथा क्रियाकलापलाई एकीकृत गरी तयार गरिएको)

तालिका ४.६.२ भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्र अवध (शुरु र समाप्ती) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| 1 | सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदा संरक्षण, प्रबर्धन तथा पहिचान | सम्पदाहरुको संरक्षण गर्ने | सालबसाली | | गाउँपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | विद्यमान साँस्कृतिक धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण, विकास, पहिचान, अध्ययन र अभिलेखन हुनेछ । |
| २ | मौलिक गीत, साहित्य तथा कला प्रतियोगिता र संरक्षण | मौलिक संस्कृतिको प्रबर्धन र प्रतिभा प्रस्फुटन गर्ने | सालबसाली | | | मौलिक संस्कृतिको प्रबर्धन र प्रतिभा प्रस्फुटन भएको हुनेछ |
| ३ | स्थानीय संस्कृतिको संरक्षण र प्रबर्द्धन कार्यक्रम | मौलिक संस्कृतिको प्रबर्धन | सालबसाली | | | मौलिक संस्कृतिको प्रबर्धन हुनेछ | |
| ४ | परम्परामा आधारित लोक संस्कृतिको पहिचान र संरक्षण | प्राचिन संस्कृतिको जगेर्ना हुने | सालबसाली | | | प्राचिन संस्कृतिको पहिचान र प्रचार प्रसार भएको हुनेछ |

## ४.६.८ जोखिम पक्ष तथा अनुगमन

माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

# परिच्छेद - ५
# पूर्वाधार विकास

## ५.१ सडक, पूल तथा यातायात

### ५.१.१ पृष्ठभूमि

दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार गरी सो मार्फत आर्थिक-सामाजिक विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुर्याउदछ। गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

विकास प्रतिफललाई गाउँ विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न मूलत सडक, पूल तथा यातायात विषय उपक्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ।

### ५.१.२ संभावना तथा अवसर

गाउँपालिका भित्र २१ कि.मि. कालोपत्रे, ६४.४ कि.मि. ग्राभेल सडक, र बाँकी २०० कि,मि कच्ची सडक र ८ कि.मि. कृषि सडक रहेको छ । सङ्घीय सरकार अन्तर्गतका सडक आयोजनाहरू मदन भण्डारी राजमार्ग ५ नं. वडा, आचार्यपाटा, देउराली, रतनमारे र गोखुङ्गा हुँदै गएको छ । गाउँपालिकाको वडा न.१, २, ३, ६ ८ र ९ हुँदै रिडी सुर्खेत सडक गएको छ । पश्चिम क्षेत्रको महत्वपूर्ण रणनीतिक सडकको रुपमा रहेको सालझण्डी -सन्धिखर्क -ढोरपाटन सडक रहेको छ । सालझण्डीदेखि ढोरपाटनसम्म सिधा सम्पर्क हुने गरी गाउँपालिकाको पश्चिम भाग हुँदै गएको छ । यो सडक सन्धिखर्कदेखि मालारानी गाउँपालिका क्षेत्र भित्र ३५ कि.मि. पर्दछ । प्रदेश सरकार अन्तर्गत सन्धिखर्क- हिले, देउराली, बाँगी, गुफा, खनदह हुँदै पीपलधारा गएको छ।यी सडकहरू रणनीतिक महत्वका भएकाले गाउँपालिकाको विकासमा महŒवपूर्ण टेवा पुग्ने देखिन्छ पदमार्ग अन्तर्गत जालकाँडा नुवाली टोलसम्म र मालारानी मन्दिरदेखि घेराको लेकसम्म रहेको छ । सङ्घ र प्रदेशस्तरीय रणनीतिक महत्वको सडक सञ्जालसँग गाउँपालिका जोडिएको छ ।

### ५.१.३ समस्या र चुनौति

गाउँपालिकाको क्षेत्रमा व्यवस्थित र सुरक्षित पार्किङ स्थल र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन। गाउँपालिका क्षेत्रमा सडक मापदण्ड लागू हुन नसक्दा मुख्य सडक बाहेक धेरैजसो भित्रि सडकहरु साँघुरो रहेका छन र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन भने सडकको दायावायाँ वृक्षारोपण गरी सुन्दरता कायम गर्न नसकेको देखिन्छ । गाउँपालिकामा पक्की, ग्राभेल र कच्ची सडकहरुमा विभिन्न स्थानमा खाल्डाखुल्टी रहेको र आवश्यक स्थानहरुमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको

छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ। गाउँपालिकामा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य गाउँ विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ | अधिकाँश भिरालो पहाडी भूभाग भएको यस गाउँपालिकाको सबै वडा केन्द्रसम्म सर्वयाम चल्ने सडक सुविधा पुऱ्याउनु, सन्तुलित, सुरक्षित, दिगो, वातावरणमैत्री र गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु, प्राकृतिक प्रकोपलाई समेत ध्यानमा राखी सडक संरचना निर्माण गर्नु, साना तिना सडक आयोजनाहरूमा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्नु, रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावरणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक निर्माणलाई ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्ग मैत्री बनाउनु, पर्यटकीय पदमार्ग र सडक विकास तथा व्यवस्थापन गर्नु, सडक तथा पदमार्गको संरक्षण र मर्मतसम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

## ५.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

"दिगो र सुरक्षित सडक तथा यातायात मार्फत आर्थिक र सामाजिक विकास"

### लक्ष्य

"वाताबरण मैत्री दिगो यातयात पूर्वाधारको निर्माण मार्फत अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउने"

### उद्देश्य

गाउँपालिकाका सडक,पूल तथा यातायात विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

१ आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याउने सडकहरू निर्माण गर्नु ।

२ निर्माण सम्पन्न र नयाँ निर्माण हुने यातायात पूर्वाधारको संरक्षण र संवद्र्धन गर्नु ।

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न यस उपक्षेत्र अन्तर्गत देहाय अनुसारका रणनीति अवलम्ब गरिनेछः

१ सडक अधिकार क्षेत्र र मापदण्ड तयार गर्ने |

२. दिगो यातायात पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति मार्फत नागरिकको पहुँच बृद्धि गर्ने |

३. रणनैतिक स्थानहरुमा पूल तथा पूलेसाहरुको निर्माण गरिने

### ५.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सडक,पूल तथा यातायात विकास उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.१ सडक,पूल तथा यातायात विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः सम्बन्धित शाखा )

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सडक तथा यातायात | | | | | |
| पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | ६० | ५० | ४० | ३० |
| १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ३२ | ४० | ५२ | ६० |
| पक्की/सुरक्षित घरमा बसोबास गर्ने परिवार | प्रतिशत | २५ | २८ | ३३ | ३७ |
| कच्ची सडकको लम्बाई | कि.मि | २९० | २५० | २३० | २०० |
| खण्डस्मिथ सडकको लम्बाई | कि.मि | ३० | ६० | ८० | १०० |
| पक्कि सडक निर्माण (गा.पा.) | कि.मि | ३ | ४ | ४ | ५ |
| पक्की पुल निर्माण | संख्या | १ | १ | १ | १ |
| नियमित मर्मत संभार भएको सडकको लम्बाई | कि.मि | ८० | ९५ | १०५ | १२५ |

### ५.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ५.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सडक,पूल तथा यातायात विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिका ५.१.२ मा प्रस्तुत गरिएको छ ।

तालिकाः ५.१.२ सडक, पुल तथा यातायात उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण (आबाधिक योजनामा समावेश आयोजना तथा क्रियाकलापलाई समावेश गरी एकीकृत गरिएको छ )

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|
| 1 | पक्की सडक निर्माण (गा.पा ले १० कि.मि. थप गर्ने) | गाउँपालिकाको भौतिक अवस्था र आवागमन व्यवस्थित गर्ने | निरन्तर | | प्राथमिकताक्रमको आधारमा गाउँ स्तरीय सडक १० कि.मि थप पक्की सडक निर्माण गर्ने (३ बर्ष भित्र) |
| 2 | संरचना सहित ग्राभेल सडक निर्माण (९० कि.मि. थप गर्ने) | ग्रामीण वस्ती र उत्पादन र यातायातलाई सहज र व्यवस्थित बनाउने | निरन्तर | | प्राथमिकताको आधारमा ९० कि.मि. सडक मापदण्ड अनुसार पूर्वाधार निर्माण गरी स्तरोन्नति भएको हुनेछ । |
| 3 | नयाँ ट्र्याक (सडक) निर्माण | गाउँको सवै स्थानमा सहँज यातायात पुर्याउन | सालबसाली | | गाउँका विभिन्न स्थानमा नयाँ सडक खोलिने छ |
| 4 | सडक पक्की पूल तथा कल्भर्ट निर्माण (१ वटा) | आवागमन सहज र सुलभ बनाउने | सालबसाली | | मोटरेवल पुल तथा कल्भर्ट निर्माण भई आवागमन सहज हुने |
| ५ | सडक मर्मत तथा स्तरोन्नति कार्यक्रम | आवागमन सहज र अन्ताराबद्धता कायम गराउने | सालबसाली | | नियमित मर्मत सम्भार तथा स्तरोन्नतिले आवागमन सहज भएको हुनेछ । |

## ५.१.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना वैंक तयार गर्ने र आयोजना वैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाको केन्द्रबाट सबै वडामा जोड्ने सडकको स्तरोन्नति गर्ने र कालोपत्रे गर्ने कार्य ५० प्रतिशत सम्पन्न भएको हुने छ । यातायात गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने छ । गाउँपालिकाभित्रका सबै सडक सर्वयाम सञ्चालनमा आएका हुने छन् । गाउँपालिकाको केन्द्र खनदहमा एक ओटा बसपार्क निर्माण भएको हुने छ।७० प्रतिशत ग्राभेल सडक सम्पन्न भएका हुने छन् । शतप्रतिशत सडकको सहज ट्र्याक खोलिएको हुने छ ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.२ आवास, वस्ती, भवन तथा शहरी विकास

### ५.२.१ पृष्ठभूमि

दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार गरी सो मार्फत आर्थिक-सामाजिक विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुर्याउदछ। विकास प्रतिफललाई गाउँ विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः आवास, बस्ती तथा शहरी/ग्रामिण विकास जस्ता विषय उपक्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ ।

### ५.२.२ संभावना तथा अवसर

स्थानीय सरकार गठन संगै गाउँपालिका क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजना संचालनमा तिव्रता आएको छ | गाउँपालिकामा बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ को मापदण्डमा आधारित भई गाउँपालिकाले योजना तथा भवन निर्माण मापदण्ड तयार गरी स्विकृत गरेको छ । साथै गाउँपालिकामा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड तयार भई कार्यान्वयनमा रहेको छ र यसै अनुसार घरनक्शा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य सञ्चालनमा रहेको छ । गाउँपालिकामा निर्माण हुने निजी भवनको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गर्नुपर्ने देखिन्छ । सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।

राष्ट्रिय भूउपयोग नीति २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमाजिम गाउँपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरुको बिचमा ग्रीन वेल्टको अवधारणा सहितको भूउपयोग क्षेत्रको खाका गर्न जरुरी देखिएको छ। यसको आधारमा भूउपयोग योजना र सो को आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरु कार्यान्वयन गर्नु पर्ने देखिएको छ। गाउँपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैला सुरक्षित व्यवस्थापन गर्न वडा ल्याण्डफिल साइट निर्माण गने प्रस्ताव तयार गरिएको छ। मालारानी गाउँपालिका क्षेत्र भौतिक, कृषि तथा पर्यटन पूर्वाधार विकासको प्रचुर सम्भाबना रहेको छ | यस गाउँपालिका क्षेत्रमा पूर्वाधार विकास कार्य सहज रहेको छ। गाउँपालिकलाई लुम्बिनी प्रदेशकै पर्यटकीय र आवासीय शहरको रुपमा विकास गर्न सकिने संभावना रहेको छ ।

### ५.२.३ समस्या र चुनौति

गाउँपालिकाको क्षेत्रमा व्यवस्थित र सुरक्षित बस्ती तथा आवास निर्माणमा चूनौति रहेको छ ।यस गाउँपालिका क्षेत्रमा भवन संहिता २०७२ लागू हुनु भन्दा अगाडि बनेका नीजि, व्यवसायिक, सरकारी र सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी भए नभएको एकिन गरी सो अनुसार नियमन हुन सकेको छैन। गाउँपालिकाको ग्रामीण

क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धीमूलक र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको एकीकृत भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल लगायतका भौतिक पूर्वाधारहरुको कमी रहेको छ ।

## ५.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

"वातावरणमैत्री पूर्वाधारयुक्त, सुरक्षित, व्यवस्थित र सहज वस्तीको विकास"

### लक्ष्य

"बसोबास, शहरी सुविधा तथा अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउने"

### उद्देश्य

गाउँपालिकाका आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

३ वातावरणमैत्री र व्यवस्थित बस्ती, सुरक्षित आवास र पर्यटकीय सुविधामा अभिवृद्धि गर्नु,

४ सुविधायुक्त सवल शहरी पूर्वाधार तथा बजार सुविधाको विकास र विस्तार गर्नु,

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको देहायअनुसारका रणनीति अवलम्ब गरिनेछ:

१ भवन संहिता पूर्ण रुपमा कार्यान्वयन गर्ने ।

२ भूउपयोग योजना क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्रको निर्धारण गरी ब्यबस्थित वस्ती विकास गर्ने ।

३ ब्यबस्थित, गुणस्तरीय, वातावरणमैत्री तथा उत्थानशिल वस्ती र पूर्वाधारको विकास एबम् विस्तार गर्न सहजताको लागि सार्बजनिक जग्गाको संरक्षण गर्ने ।

४ भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजनाको आधारमा सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने।

५ गाउँपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित शहरी/बजारको पूवार्धार विकास गर्ने।

## ५.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.२.१ आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोत: सम्बन्धित शाखा )

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | ९ | १० | ११ | १२ |
| सुरक्षित बस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | २५ | २८ | ३२ | ३७ |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | १०५ | १२५ | १३५ | १५० |

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ३२ | ३५ | ३८ | ४० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ५ | ६ | ८ | १० |
| व्यवस्थित नालाको लम्बाई | कि.मि. | ७ | १० | १५ | २० |

### ५.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ५.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिकाः ५.२.२ आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|
| १ | स्थानीय बसपार्क तथा पार्किङस्थल मर्मत, निर्माण, स्तरोन्नति र सञ्चालन | बढ्दै गएको सवारी साधनको पाकिङ्ग व्यवस्थित गरी आम्दानी गर्ने | सालवसाली | | गाउँ क्षेत्रको विभिन्न स्थानमा व्यवस्थित पार्किङ स्थल निर्माण भई संचालनमा आउने |
| २ | फोहोरमैला प्रशोधन तथा व्यवस्थापन | बसोबास विस्तार गर्ने एवं सुरक्षित र व्यवस्थित बनाउने | सालबसाली | | फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण हुनेछ । |
| ३ | सबै वडा कार्यालय भवन निर्माण | व्यवस्थित र सहज सेवा प्रबाह गर्न | २०७८/७९-२०८१/८२ | | सवै वडा कार्यलयको आफ्नै आधुनिक भवन हुनेछन्। |
| ४ | भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर लगायत प्राबिधिक क्षमता विकास तालिम सञ्चालन | रोजगारी सिर्जना र बलियो भवन निर्माणलाई प्रवर्धन गर्ने | सालवसाली | | कर्मचारी तथा स्थानीय इच्क्षुक युवालाई दक्ष बनाउने |
| ५ | ब्यबस्थित नाला निर्माण कार्यक्रम | सहज र ब्यबस्थित शहरी पूर्वाधार निर्माण गर्नु | सालबसाली | | शहरी क्षेत्र ब्यबस्थित भएको हुनेछ |
| ६ | सुरक्षित आवास तथा वस्ती विकास कार्यक्रम | सुरक्षित र ब्यबस्थित आवास एबम वस्तीको प्रत्याभूत गर्नु | सालबसाली | | नागरिकको व्यक्तिगत आवास तथा वस्ती सुरक्षित र ब्यबस्थित भएको हुनेछ । |
| ७ | शहरी आधारभूत मापदण्ड सहित पूर्वाधार विस्तार कार्यक्रम | सहज र ब्यबस्थित शहरी पूर्वाधार निर्माण गर्नु | सालबसाली | | शहरी क्षेत्र ब्यबस्थित भएको हुनेछ |

## ५.२.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना बैंक तयार गर्ने र आयोजना बैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार आवधिक खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ। यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढन सक्ने जोखिम रहन्छ । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# ५.३ विद्युत तथा वैकल्पिक उर्जा

## ५.३.१ पृष्ठभूमि

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो। नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासको लागि सर्ब सुलभ र दिगो बिधुत आपूर्ति अनिबार्य शर्त हो | गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी दिगो सुधार गर्न बिधुत उर्जालाई प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

विकास प्रतिफललाई गाउँ विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न विद्युत तथा वैकल्पिक उर्जा विषय उपक्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ ।

## ५.३.२ संभावना तथा अवसर

स्थानीय सरकार गठनसंगै गाउँपालिका क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजना संचालनमा तिब्रता आएको छ। यस गाउँपालिका क्षेत्रका सबै वडा र बस्तीहरुमा विद्युत सेवा उपलब्ध रहेको छ। गाउँपालिकाको लगभग शतप्रतिशत घरपरिवारले राष्ट्रिय प्रसारण लाईनबाट वितरित विद्युत सेवा उपयोग गरिरहेको देखिन्छ। गाउँपालिका क्षेत्रका विभिन्न स्थानहरुमा सोलार तथा बिधुतिय स्ट्रीट लाइट रहेको छ।

गाउँपालिकामा घरायसी ऊर्जाको मुख्य स्रोत दाउरा नै रहेको छ ।झिमरुक प्रसारण लाईनमार्फत बिजुली प्रयोग भएको छ ।धुवाँले स्वास्थ्यमा पार्ने नकारात्मक असर तथा वनजङ्गल जोगाउने नीतिले गर्दा यस्ता पदार्थको प्रयोग निरूत्साहित भएको र क्रमशः एलपी ग्याँस र मट्टितेलको प्रयोग बढ्दै गई ऊर्जामा परनिर्भरता बढेको छ । सन्धिखर्क, माटे, गुराँसे हुँदै हंसपुरसम्म र सन्धिखर्क, डिभर्ना, खन, खनदह हुँदै अर्घातोषसम्म हाइटेन्सन लाईन रहेको छ । २० ओटा ट्रान्सफर्मर र १ वटा हंसपुरमा सवस्टेन रहेको छ । ४१ ओटा सडक सोलार बत्ती, २७ ओटा मसानघाट मध्ये ४ ओटामा बत्ती पुगेको छ । ७ ओटा सोलारबाट र ८ ओटा विद्युतबाट लिफ्टिङ्ग खानेपानी योजना सञ्चालनमा आएका छन् ।

## ५.३.३ समस्या र चुनौति

गाउँपालिकामा वैकल्पिक ऊर्जा प्रविधि प्रवद्र्धन तथा प्रयोग सम्बन्धमा क्षमताको कमी हुनु, विद्युत लाईन भएको स्थानमा रूखहरू नकाटिनु, दुर्घटना बढ्नु र वैकल्पिक ऊर्जा घरायसी आधारभूत आवश्यकता परिपूर्तिमा मात्र केन्द्रित रहनु यस क्षेत्रका समस्याका रूपमा रहेका छन् । विद्युत प्रसारण लाईनमा अत्यधिक समस्या देखिनु, सबै वडामा एक पोलदेखि अर्को पोलको दुरी टाढा हुनु, स्थानीयमा कमजोर वाइरिङ्ग साथै, विद्युतमा प्राविधिक ज्ञानको कमी हुनु, गोबर र मानव मलमुत्रबाट बायोग्याँस प्लान्ट निर्माण र त्यसको उपयोगिता प्रति चासो कम हुनु यस क्षेत्रका चुनौती रहेका छन् ।उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ उर्जाको रूपमा गोवर ग्यास, वायो विक्रेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन।

### ५.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

"स्वच्छ उर्जाको सहज तथा नियमित उपलब्धता र दिगो उपयोग"

**लक्ष्य**

"नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँच वृद्धि गर्ने"।

**उद्देश्य**

गाउँपालिकाका विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेको छः

५ नियमित विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु ।

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न विद्युत तथा वैकल्पिक उर्जा देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

१ विद्युत आपूर्ति क्षमता र गुणस्तर वृद्धि गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने ।

२ नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने

### ५.३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.१.१ विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः सम्बन्धित शाखा )

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सडक वत्ती जडान भएका स्थान | संख्या | १८ | २१ | २४ | २७ |
| धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | ८५ | ८८ | ९० | ९३ |
| सोलार प्रणाली भएका घरपरिवार | प्रतिशत | २५ | २८ | ३२ | ३६ |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ४० | ५० | ५४ | ५७ |

### ५.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

**५.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिका ५.३.२ मा प्रस्तुत गरिएको छ ।

## तालिकाः ५.३.२ विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | विद्युत तथा स्वच्छ उर्जा | | | | |
| 1 | सडक वत्ती मर्मत, विकास र विस्तार | चोक, बजार र आवास क्षेत्रमा सडक बत्ति जडान गर्ने | सालवसाली | | सोलार प्रणालीमा आधारित सडक बत्ती जडान भई चोक, बजार र वस्तीमा उज्यालो कायम हुनेछ । |
| २ | ग्रामिण बिधुतिकरण कार्यक्रमको लागि सहकारी, समन्वय र सहजीकरण | दिगो बिधुतको आपूर्ति सुनिस्चित गर्नु | | | दिगो बिधुत सेवा प्राप्त भएको हुनेछ। |
| ३ | जिर्ण र काठे पोल प्रतिरुथापन कार्यक्रम | सम्भावित दुर्घटना न्यूनीकरण गर्ने | सालवसाली | | जिर्ण र काठे पोल प्रतिरुथापन भएको हुनेछ |
| ४ | सोलार, वायोग्यास र सुधारिएको चुल्हो जस्ता वैकल्पिक उर्जाको प्रवद्र्धन | स्वच्छ उर्जाको प्रयोग बढाउने | सालवसाली | | सार्बजनिक कार्यालय तथा घरधुरीमा वायोग्यास, सोलार विद्युतीय चुल्हो, सुधारिएको धुवारहित चुल्हो जडान भई संचालन हुनेछ । |
| ५ | कार्यालयमा पावर व्याकअप प्रणाली जडान | सहज तथा सुलभ सेवा प्रवाह गर्न | सालवसाली | | कार्यालयमा पावर व्याकअप प्रणाली जडान हुनेछ । |

### ५.३.८ जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा, सरोकारवाल निकायसँग प्रभावकारी समन्वय र सहकार्य हुनसकेमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना, संचार र प्रविधि

### ५.४.१ पृष्ठभूमि

सबै घरपरिवारमा मोबाइल सेवा पुगेको छ। ९ वटा नेपाल टेलिकम टावर, २ वटा स्काइ र २ वटा एनसेलका टावर गरी जम्मा १३ वटा टावर रहेका छन। वडा.न. ३, ४, ५ र ६ र गाउँपालिका कार्यालयमा सीम टिभी, वडा न. १, २, ६, ७ र ८ इन्फोनेट कम्पनीको इन्टरनेट सेवा सञ्चालनमा आएको छ । ६ नं. वडा र गाउँपालिका कार्यालय, आदर्श मावि खनदह र रतनमारे बजार क्षेत्रमा सिसि क्यामरा जडान भएको छ। १ वटा मालारानी एफ.एम. खनदहमा सञ्चालनमा रहेको छ । गाउँपालिकाको इन्टरएक्टिभ वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईनमार्फत सूचनाहरू नियमित रूपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ। टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

### ६.४.२ संभावना तथा अवसर

सञ्चार तथा सूचनासम्बन्धी अधिकार संविधानमा नै मौलिक हकका रूपमा लिपिबद्ध हुनु, सबै घरघरसम्म सञ्चार माध्यमहरूको पहुँचमा वृद्धि हुँदै जानु, गाउँपालिकामा इन्टरनेट सेवा प्रदायकहरूको सङ्ख्या बढ्दै जाँदा गुणस्तरमा समेत प्रतिस्पर्धात्मक अवस्था सिर्जना हुँदै जानु, डिजिटल साक्षरता बढ्दै जानु, शिक्षा क्षेत्रमा सञ्चार तथा सूचना प्रविधिको प्रयोग र आकर्षण तीव्र रूपमा बढ्नु, गाउँपालिकामा एक ओटा एफ.एम. रेडियोे हुनु र बहुसङ्ख्यक जनताको हातमा मोबाइल सेवा पुग्नु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ५.४.३ समस्या र चुनौति

सञ्चार माध्यम पूर्णरूपमा मर्यादित, जिम्मेवारी, जवाफदेही, उत्तरदायी र विश्वसनीय हुन नसक्नु, इन्टरनेट सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु, सबै विद्यालयमा द्रूतगतिको इन्टरनेट सेवा पुग्न नसक्नु र मोबाइल सेवा प्रभावकारी नहुनु समस्या रहेका छन् । ल्यान्डलाईन टेलिफोन सुचारू हुनु, साइवर सुरक्षाका लागि संस्थागत, प्राविधिक जनशक्तिको अभाव हुनु र सञ्चार तथा सूचना सम्बन्धमा कानुन निर्माण नहुनु चुनौतीका रूपमा रहेका छन।

### ५.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

"सञ्चार तथा सूचनाका माध्यमबाट आमनागरिकको जीवनस्तरमा परिवर्तन"

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गरी सूचना प्रविधिमैत्री सेवा प्रबाह सुनिस्चित गर्ने।

**उद्देश्य**

गाउँपालिकाका सूचना, संचार र प्रविधि उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेको छः

१ सूचना तथा संचार सुविधाको दिगो र विश्वसनीय उपभोगमा अभिवृद्धि गर्नु ।

२ सूचना तथा प्रविधिमा सबै नागरिकको पहुँच सहज बनाउनु ।

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न सूचना, संचार र प्रविधि उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

१: . विद्युतीय सुशासनको प्रवद्र्धन गर्ने ।

२ सार्बजनिक सेवा, सुरक्षा, रोजगारी, विपद जोखिम न्यूनीकरण लगायतका विषयमा पहुँच अभिवृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने ।

३ सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

## ५.४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सूचना, संचार र प्रविधि उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.४.१ सूचना, संचार र प्रविधि क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा )

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| **सूचना तथा संचार प्रविधि** | | | | | |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३५ | ४० | ४७ | ५१ |
| स्थानीय स्तरका प्रकाशन र प्रसारण | संख्या | २ | २ | ३ | ४ |
| ईन्टरनेट सञ्चालन रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय | वटा | ३० | ३५ | ४० | सबै |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ४५ | ४७ | ५० | ५५ |

## ५.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ५.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सूचना, संचार र प्रविधि क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिका ५.४.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.४.२.: सूचना, संचार र प्रविधि कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|
| | विद्युतीय सुशासन, सूचना र संचार | | | | |
| 1 | इन्टरनेट र टेलिफोन सेवाको क्षमता र पहुच विस्तार | सूचना प्रविधिमा आधारित सेवा र कार्य प्रणाली संचालन गर्ने | सालवसाली | | सबै वडा कार्यालय, स्थास्थ्य संस्था र माध्यमिक विधालयमा कप्युटर, प्रिण्टर र इन्टरनेट सूचना प्रणालीमा आधारित सेवा सुचारु हुनेछ |
| २ | प्रकाशन, प्रशारण र मिडिया परिचालन कार्यक्रम | नागरिकमा सुचना प्रवाह गर्न | सालवसाली | | प्रकाशन, प्रशारण र मिडिया परिचालन कार्यक्रम सञ्चालन गर्न |
| ३ | प्रबिधि मैत्री गाउँपालिका निर्माण कार्यक्रम | सूचना प्रविधिमा आधारित सेवा र कार्य प्रणाली संचालन गर्नु | सालवसाली | | प्रविधिको प्रयोग मार्फत कार्यक्षमता वृद्धि भएको हुने |

## ५.४.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना वैंक तयार गर्ने र आयोजना वैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा, सम्बन्धित सेवा प्रदयाक निकायसँग प्रभावकारी समन्वय हुन नसक्दा आयोजनाको लागत र समय बढन सक्ने तथा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

# परिच्छेद —६

# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन तथा जैविक बिबिधिता

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको ब्यबस्था गरेको छ। उल्लिखित संबैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

गाउँपालिकामा वन क्षेत्रफल ३१२७.३ हेक्टर रहेको छ । जसमा ६३ वटा सामुदायिक वन उपभोक्ता समूहलाई वन क्षेत्र हस्तान्तरण भएको छ । सर्वसाधारण जनताका लागि अत्यावश्यक दाउरा, स्याउला, काठ र पशुपंक्षी आहाराको आपूर्तिको समस्या टड्कारो देखिन थालेको छ।खोटेसल्लो, उत्तिस, लालीगुराँस, कुटमेरो, चिउरी, तिजु, चिलाउने, कोइरालो, रयेच, बाँझ, लाकुरी, फँडेल, पैयुँ र फाट्फुट्ट रूपमा साल यहाँ पाइने वनस्पति हुन् । घाँसमा अम्रिसो, बाबियो, सालिन र खर आदि पाइने गर्दछ । जडीबुटीका प्रजातिहरू टिमुर, तेजपात, काउलो, चिराइतो, कुट्की, जटामसी, ओखर, श्रीखण्ड, बोझो, अलैंची, झुल, चौतारी, सिम्लीकान, गुर्जो, कुरिलो, मुसलीगन्ध, अमला, आदि पाइने गर्दछन ।

### ६.१.२ संभावना र अवसर

नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम किसान तथा उद्यमीले नीजि तथा आवादी जग्गामा वृक्षरोपण गरी हुर्काएका रुखहरु कटान गरी विक्री वितरण गरे वापत गाउँपालिकाले राजस्व बढाउन सक्ने स्थिति समेत देखिन्छ ।वन, जमीन र जलश्रोत लगायत जलाधारका श्रोतको संरक्षण र व्यवस्थापनद्धारा गाउँपालिकामा आर्थिक विकास तथा वातावरणीय सन्तुलन कायम गर्न सकिने प्रचुर संभावना रहेको छ।

जैविक विविधताको दृष्टिकोणबाट महत्वपूर्ण रहेको मालारानी गाउँपालिका हरियालीयुक्त क्षेत्र अधिक रहेको तथा कृषि विकास लागि समेत उपयुक्त क्षेत्र रहेको यस गाउँपालिकामा पर्यापर्यटन तथा कृषि पर्यटन विकासको प्रचुर संभावना देखिन्छ। व्यक्तिका बाँझो जग्गालाई कृषि वन प्रणालीमा कार्य गर्न सकिनु, समुदायमा आधारित वन ब्यवस्थापनमार्फत संरक्षित भएका वन र सक्षम समूहहरूको बलियो उपस्थिति रहनु, वन, जलाधार, कृषि, पशुपंक्षी, सिँचाइ लगायतका निकायबिच सहकार्य, समन्वय तथा एकीकृत विकासको अवधारणामा योजना बनाई समृद्धिमा टेवा पुऱ्याउन सकिनु, बनमारालाई जैविक मल र ऊर्जासँग प्रयोग गर्नु, वन पैदावारमा आधारित उद्यम

गर्नु, सामुदायिक वनको क्षेत्र र यसमा आबद्ध समूहको सङ्ख्या उल्लेखनीय हुनु र जडीबुटीमा टिम्मुर प्रशस्त मात्रामा हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ६.१.३ समस्या तथा चुनौती

वन संरक्षण र व्यवस्थापनमा गाउँपालिका र वन कार्यालयसँगको समन्वय नहुनु, उपभोक्ता निष्कृय भइ हाम्रो हो भन्ने अपनत्व नहुनु, वन उपभोक्ता समितिको नियमित लेखापरीक्षण प्रतिवेदन र वार्षिक साधारण सभा समयमै नहुनु, पारदर्शिता नहुनु, गाउँपालिकाको अर्थतन्त्रमा योगदान पुग्ने गरी वन क्षेत्रको व्यवस्थापन र उपयोग गर्न नसक्नु, वन्यजन्तु र मानव द्वन्द्वलाई प्रभावकारी रूपमा नियन्त्रण एवम् व्यवस्थापन गर्न नसक्नु, अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनास, खण्डीकरण, वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण हुनु, वन तथा जैविक विविधतासम्बन्धी जनचेतनामा कमी हुनु, वन्यजन्तुबाट किसान पीडित हुनु, वन विकास र आय—आर्जन तथा रोजगारबिच सन्तुलन कायम गर्न नसक्नु समस्याका रूपमा रहेका छन् ।

वनमा उपलब्ध काठजन्य सामग्रीको पूर्ण सदुपयोग गर्नु, उपभोक्ता समूह र निजी क्षेत्रबिच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु, वन तथा जलाधारक्षेत्रका स्रोतहरूको क्षयीकरण हुनु, माटो र पानीको दिगो तथा एकीकृत संरक्षणबाट मात्र कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्नु, वन डढेलो रोक्नु, विकास निर्माणबाट हुने वनविनास रोक्नु, मानव र वन्यजन्तुको द्वन्द्व कम गर्नु, वन डढेलो न्यूनीकरण गर्नु, जैविक विविधता संरक्षण गर्नु, खोटेसल्लो र उत्तिसलाई दिगो रूपमा व्यवस्थापन गर्नु र बनमारा व्यवस्थापन गर्नु चुनौतीका रूपमा रहेको छ ।

## ६.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकाका वन तथा जैविक विविधता उपक्षेत्रको लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### सोच

"दिगो वन र जडीबुटी व्यवस्थापनद्वारा समृद्ध मालारानी निर्माण"

### लक्ष्य

- वन, वनस्पति र जडीबुटीको संरक्षण, व्यावसायीकरण प्रशोधन तथा बजारीकरण गरी आर्थिक आय—आर्जन गर्ने ।

### उद्देश्य

गाउँपालिकाका वन तथा जैविक विविधता उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१ वन, जडीबुटी र जैविक विविधता क्षेत्रमा सम्भाव्यता—अध्ययन, अनुसन्धान गरी वनमा आधारित जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्नु ।

२ खाली जमिनमा वृक्षारोपण गरी हरियाली प्रवद्र्धन गर्नु ।

## रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ हासिल गर्न केन्द्रित रही वन तथा जैविक विविधता उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१ वन क्षेत्रको दिगो व्यवस्थापन, उपयोगमा स्थानीय जनताको पहुँच बढाउने ।
२ वन क्षेत्रको दिगो व्यवस्थापन र संरक्षणमा समुदायको सहभागिता वृद्धि गर्ने ।
३ वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी जडीबुटी, आय—आर्जन र रोजगारीसँग आबद्ध गर्ने ।

## ६.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

वन तथा जैविक विविधता उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.१.१ वन तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| वन तथा जैविक विविधता | | | | | |
| वनबाट गाउँपालिकामा प्राप्त रोयल्टी | रु. हजारमा | २५० | २७५ | ३०० | ३५० |
| रुख विरुवाले ढाकेको/हरियाली क्षेत्र | हेक्टर | २६२८ | २६८० | २७२० | २७७५ |
| विपद् प्रभावित घरपरिवार (२०७७/७८) | संख्या | २६१ | २३० | १८० | १३० |
| अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | ३.५७ | ३ | २.५ | २ |
| दर्ता सामुदायिक वन | संख्या | ६३ | ६३ | ६३ | ६५ |
| वृक्षरोपण गरिएको क्षेत्रफल | हेक्टर | २९ | २९ | २९.१ | २९.७ |
| वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | १०० | १०८ | ११५ | १२३ |

## ६.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको आवधिक अनुमान

वन, वातावरण तथा विपद ब्यबस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

## ६.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वन तथा जैविक विविधता उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिका ६.१.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.३ वन तथा जैविक विविधता उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | वन, हरियाली र जैविक विविधता | | | | | |
| १ | हरियाली प्रवद्र्धन र वृक्षारोपाण कार्यक्रम | हरियाली क्षेत्रको विकास र विस्तार गर्ने | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | सार्वजनिक, नीजि र संस्थागत रुपमा ग्रामिण तथा शहरी क्षेत्रमा हरियालीको विकास हुनेछ । |
| २ | वन पैदावार चोरी निकासी नियन्त्रण अभियान | जैविक विविधता, वातावरण संरक्षण र विपद व्यवस्थापन शिक्षा प्रदान गर्ने | सालबसाली | | | वन, समूह, इको क्लब, सामुदायिक संस्था र टोल विकास संस्थामार्फत संचालन गर्ने |
| ३ | वन व्यवस्थापन कार्यक्रम | वन व्यवस्थापन तथा संरक्षण गर्ने | सालबसाली | | | वन व्यवस्थापन कार्यविधि निर्माण गर्ने |
| ४ | जैविक बिबिधिता पहिचान तथा प्राकृतिक संरक्षण कार्यक्रम | जैविक बिबिधिताको प्रकृति पहिचान गरि प्राक्रित्क अवास्थामनै संरक्षण गर्नु | सालबसाली | | | जैविक बिबिधता पहिचान र संरक्षण भएको हुने । |
| ५ | वन उद्यम प्रबर्धन तथा संरक्षण कार्यक्रम | वनमा आधारित व्यबसाय तथा रोजगारीलाई व्यबस्थित र प्रतिफलयुक्त बनाउनु | सालबसाली | | | उद्यम तथा व्यबसाय प्रबर्द्धन भएको हुने । |

### ६.१.८ जोखिम पक्ष तथा अनुमान

वन अतिक्रमण तथा डढेलो नियन्त्रण भई वन तथा वन्यजन्तुहरूको उचित संरक्षण भएको हुने छ । वन्यजन्तु तथा जैविक विविधताको सर्वेक्षण गरी अवस्था एकीन भएको हुने छ । वृक्षारोपण अभियानका रूपमा सञ्चालन भई हरियाली प्रवर्धन भएको हुने छ । टिमुरको उत्पादनमा वृद्धि गरी व्यावसायीकरण भएको हुने छ ।

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । अन्तरनिकाय समन्वय, स्थानीयसँगको साझेदारी तथा अन्तरतह समन्वय हुन नसकेको खण्डमा प्रस्तावित कार्यक्रम तथा आयोजना कार्यान्वयन हुन नसकी अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहेको छ ।

## ६.२ वातावरण संरक्षण तथा फोहोरमैला ब्यबस्थापन

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको ब्यबस्था गरेको छ। उल्लिखित संबैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

गाउँपालिकामा खनदह बजार व्यवस्थापन समिति, २०७५ मा स्थापना भएको छ । चोरकाटेमाथिको मौलो गाडेको पोखरा स्थानमा अस्थायीरूपमा फोहोर सङ्कलन हुँदै आएको छ । वातावरणीय विषयमा जनचेतना अभिवृद्धि, सरसफाइ एवम् फोहोरमैला व्यवस्थापन खनदह बजार, रतनमारे, सौतामारेमा र सबै वडा कार्यालयमा बाल्टिन वितरण गरिए तापनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।४ नं. वडा पूर्णसरसफाइ उन्मुख घोषणा भएको छ। वातावरण व्यवस्थापन एक जटिल र बहुआयामिक विषय भएकाले यसको व्यवस्थापनमा प्रत्येक व्यक्ति र सरोकारवाला निकायको सहयोग र सहकार्य हुनु आवश्यक छ।वातावरणीय सन्तुलन कायम राख्न फोहोरमैलाको असर न्यूनीकरण गर्दै हरित विकासको अवधारणालाई अवलम्बन गरिने छ।

### ६.२.२ संभावना र अवसर

स्वच्छ तथा स्वस्थ वातावरणलाई संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिनु, स्वच्छ तथा स्वस्थ वातावरणका लागि जनचेतनामा वृद्धि हुँदै जानु, सबै विकास साझेदारहरूको चासो रहनु, दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकार र गैरसरकारी संस्थालगायत सबै सरोकारवालाको सहयोग प्राप्त हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

इन्धनको उपयोगमा विद्युत तथा एलपी ग्यासको प्रयोग बढ्दै गएता पनि गाउँपालिकाका ग्रामीण क्षेत्रका परिवारले अझैपनि इन्धनको प्रमुख स्रोतको रुपमा दाउराको प्रयोग गर्ने गरेको देखिन्छ ।दाउरा प्रयोग गर्ने घर परिवारले सुधारीएको चुलो प्रयोग गर्ने गरेका छन।संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवद्र्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन्।राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र हरियाली व्यवस्थापनमा सचेतना वृद्धि हुँदै गएको छ।

### ६.२.३ समस्या तथा चुनौती

सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधको कमी देखिएको छ |स्थानीय आयोजना संचालनको सन्दर्भमा वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पूर्ण पालना हुन सकेको छैन। सरोकारवाला निकायहरु बीच समन्वय कमी हुनु र

यस सम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवको सिर्जनात्मक उपयोगमा कमी यस क्षेत्रफोहोर व्यवस्थापनका लागि आर्थिक समस्या हुनु, कर्मचारी र साधनको व्यवस्थापन नहुनु, पूर्वाधार विकास र वातावरणबिच सन्तुलन नहुनु, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत बढ्नु, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जङ्गलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र दिगो पूर्वाधार विकासबिच सामञ्जस्यता स्थापित हुन नसक्नु समस्याका रूपमा रहेका छन् ।

वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था नहुनु, वातावरणमैत्री विकास संस्थागत हुन नसक्नु, स्थानीय तहमा वातावरण संरक्षणसम्बन्धी सुपरिवेक्षण गर्ने निकायको संरचना प्रभावकारी गराउनु र नागरिक स्तरमा वातावरणसम्बन्धी दायित्वबोध गराउनु चुनौतीका रूपमा रहेका छन।

## ६.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकाका वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र बमोजिमको उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- "वातावरण संरक्षण तथा वातावरणमैत्री निर्माणः सन्तुलित तथा स्वच्छ मालारानी को सान"

**लक्ष्य**

"फोहोरमैला व्यवस्थापन र हरियाली प्रवद्र्धन गरी सफा र स्वस्थ वातावरण निर्माण गर्ने"।

**उद्देश्य**

गाउँपालिकाका वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको उद्देश्य देहाय अनुसार रहेको छः

- पर्यावरणीय सन्तुलन, सुन्दरता र वातावरणीय स्वच्छतामा अभिवृद्धि गर्नु, र
- फोहोरमैलाको बैज्ञानिक ब्यबस्थापन गर्नु,

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ।

१ वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने |

२ सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने |

३ फोहोरमैला ब्यबस्थापन सम्बन्धी व्यवस्था नियम पालनामा जनचेतना अभिबृद्धि गर्ने |

४ फोहोरमैलाको दिगो ब्यबस्थापनको लागि संस्थागत संरचना र पूर्वाधारको विकास गर्ने |

५ फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदायलाई सहयोग र सहजीकरण गर्नु ।

## ६.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.२.१ नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | १० | ११ | १३ | १५ |
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८५ | ८० | ७५ | ७२ |
| संचालित व्यवस्थित सार्वजनिक शौचालय | संख्या | ४ | ६ | ८ | १२ |
| स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए/ नभएको | भएको | भएको | भएको | भएको |
| नयाँ घरमा दुई विरुवा अभियानबाट रोपिएका विरुवा | संख्या | ० | ० | १०० | २०० |

## ६.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

वन, वातावरण तथा विपद ब्यबस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

## ६.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिका ६.२.२ मा प्रस्तुत गरिएको छ ।

## तालिका ६.२.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | वातावरण व्यवस्थापन | | | | | |
| १ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण तथा व्यबस्थापन कार्यक्रम | विसर्जन हुने फोहोर मैलाको वर्गीकरण, पुनप्रयोग, संकलन, भण्डारण, प्रशोधन गर्नु | २०७९/८०-२०८१/८२ | | गाउँपालिकाको प्रथम आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | फोहोरमैला वर्गीकरण, पुनप्रयोग, संकलन र भण्डारण, प्रशोधन र विसर्जनको व्यवस्था हुनेछ । |
| २ | वरपिपल, समी, लागायत बढी अक्सिजन उत्सर्जन गर्ने बिरुवा रोपण, पार्क तथा उद्यानको निमाण कार्यक्रम | गाउँमा हरियाली प्रबद्धन गर्न | सालबसाली | | | वरपिपल, समी, लागायत बृक्षा रोपण तथा पार्क निर्माण, संरक्षण र स्तरोन्नति कार्यक्रम सञ्चालन हुनेछ । |
| ३ | आयोजनाको वातावरणीय अध्ययन | वातारण अनुकलन वनाउन | सालबसाली | | | वातावरणीय अध्ययन प्रतिवेदन तयार हुनेछ |
| ४ | विद्यालयस्तरमा वातावरण, जलवायु, फोहोरमैला व्यवस्थापनसम्बन्धी सचेतीकरण | कार्यालयमा सरसफाई र वातावरण सुधार सम्बन्धी नमूना प्रस्तुत गर्ने | सालबसाली | | | विद्यालय लगायत सार्वजनिक कार्यालयमा व्यवस्थित् र स्वस्थ वातावरण सम्वन्धी जनाचेतना कार्यक्रम सञ्चालन हुनेछन् |
| ५ | समुदायस्तरमा वातावरण प्रवद्र्धन कार्यक्रमलाई सहयोग | हरियाली, वातावरणीय सेवा र प्रर्यटन प्रवद्र्धन गर्ने | सालबसाली | | | गाउँ क्षेत्रमा १ वोटानिकल गार्डेन समेत पार्क र होमस्टे स्थापना हुनेछ । |
| ६ | वन तथा वातावरण संरक्षण र प्रवर्धन सम्बन्धि सशर्त सहितका सालबसाली कार्यक्रम | निरन्तर कार्यक्रम सञ्चालन गर्न | सालबसाली | | | वन क्षेत्र विकास र वाताबरण संरक्षणमा प्रतक्ष्य सहयोग पुग्नेछ । |

## ६.२.८ जोखिम पक्ष तथा अनुमान

सबै वडामा वन उद्यान स्थापना भएको हुने छ । सबै किसिमका प्रदूषण रोकथाम र न्यूनीकरण गर्न पर्याप्त नीतिगत व्यवस्था र नियमनकारी संयन्त्रको विकास भएको हुने छ । वृक्षारोपणले हरियाली क्षेत्र बिस्तार भएको हुने छ । १ ओटा ल्यान्डफिल्ड साइड निर्माण भई फोहोरको उचित व्यवस्थापन भएको हुने छ । खनदह बजारमा फोहोर सङ्कलनका लागि १ ओटा ट्याक्टर/टिप्पर बजार व्यवस्थापन समितिलाई उपलब्ध भएको हुने छ ।

वाताबरण संरक्षण र फोहरमैला ब्यबस्थापनमा व्यक्ति देखि घर टोल समुदाय सम्मको सहयोग र साझेदारी आवश्यकता पर्दछ हाल यसो हुन नसक्नु यस क्षेत्रको अर्को चुनौतिको रुपमा रहेको छ | उल्लिखित जोखिम पक्षको सम्बोधन भएर प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ ।

# ६.३ भूसंरक्षण तथा जलाधार व्यबस्थापन

## ६.३.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्र भित्र रहेका खोला तथा नदिबाट सिंचाईको सम्भावना साथै नदी जन्य उत्पादन वालुवा, गिटी, ढुङ्गा र माछाको सम्भावना रहेको छ। नदी तथा खोलाको कटान क्षेत्र तथा जोखिमयुक्त स्थानमा तटवन्ध निमार्णको काम निरन्तर भइरहेको छ। सडक निर्माणमा नाला निर्माण गर्ने अभ्यासका साथै आवश्यक क्षेत्रमा जमिनको वर्तमान अवस्थामा ह्रास आउन नदिन रिटेनिङ वाल, ग्याबियन वाल, ब्रेष्ट वाल लगाउने अभ्यास हँदै गएकाले बाटो निर्माणपश्चात् सुरु हुने भू—क्षय नियन्त्रणमा कमी आउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। भू—संरक्षण, तटबन्धन तथा जमिनको स्थिरीकरणमा बायोइञ्जिनिरिङ विधिलाई प्रयोगमा ल्याउने योजना रहेको छ। गाउँपालिकामा जल उत्पन्न प्रकोपबाट वार्षिक २ सय ८५ घरपरिवार प्रभावित भएका छन् । जलाधार तथा उपजलाधार क्षेत्रहरू र तिनको संवेदनशीलताको पहिचान तथा नक्साङ्कन गर्ने, जनसहभागितामा जलाधार व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन गर्ने, पानीका स्रोतहरूको संरक्षण गर्ने जस्ता कार्यका लागि क्षमता विकास गर्नेतर्फ आवधिक योजनाको विशेष जोड रहेको छ । साना— ठुला गरी ८५ ओटा पहिरोको सङ्ख्या रहेका छन् ।

## ६.३.२ संभावना र अवसर

गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भुउपयोग योजनाका आधारमा समग्र गाउँपालिकाको बस्ती विकास तथा गाउँबासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षाण गरी नमुना गाउँपालिका बनाउने ठूलो संभावना रहेको छ। गाउँक्षेत्रमा उपलव्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

## ६.३.३ समस्या तथा चुनौती

परापूर्बकाल देखि प्रचलन र उपयोगमा रहेका ताल तलैया तथा पोखरीहरू संरक्षण र पुननिर्माणको अभावमा विस्तारै नासिदै जान थालेको छन। जलाधार क्षेत्र संरक्षणका लागि अध्ययन अनुसन्धानमा आधारित रही कुनै काम हुन सकेको छैन। जलाधार तथा भू—संरक्षणसम्बन्धी स्थानीय सरकारको अधिकार स्पष्ट नहुनु, गाउँपालिकामा कार्यविधि तयार भई नसक्नु, जोखिम नक्साङ्कन नहुनु, पहिरो रोकथाममा पहल नहुनु र सडक निर्माणमा बायोइन्जिनियरिङ प्रयोगमा ध्यान नदिनु समस्याका रूपमा रहेका छन् ।जलाधार संरक्षण गर्नु, जोखिमयुक्त भू—बनोट, अव्यवस्थित बस्ती, प्रकोप सम्भाव्य क्षेत्रको नक्साङ्कन गर्नु, जोखिम सूचना प्रणालीको व्यवस्था गर्नु, जलाधार क्षेत्रको संरक्षण गर्नु र जोखिमयुक्त क्षेत्रमा बस्ती विकास हुनु चुनौतीका रूपमा रहेका छन ।

## ६.३.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकाका भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

"दिगो संरक्षित जमिन तथा जलाधार, सुरक्षित मालारानी को आधार"

**लक्ष्य**

- भू-संरक्षण तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन मार्फत रोजगारी र उत्थानशिलता प्रवद्र्धन गर्नु ।

**उद्देश्य**

गाउँपालिकाका भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

- जल, जमीन र जलाधारको दिगो संरक्षण तथा उपयोगमा वृद्धि गर्नु,

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछः

१. सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू—संरक्षण तथा जलाधार व्यवस्थापन कार्य संचालन गर्ने

२. जलाधार व्यवस्थापन योजना अनुसार भू—क्षय हुने जमिनको स्थायीकरण, भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधारहरुको संरक्षण गर्ने ।

### ६.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिका ६.३.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ६.३.१ भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | १८ | २५ | ३२ | ४० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | ५ | ४ | ३.५ | ३ |
| नदि कटान र डुवानबाट प्रभावित क्षेत्र | हे. | २ | १.५ | १.२ | १ |
| सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ६३ | ६७ | ७० | ७४ |

### ६.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको आवधिक अनुमान

वन, वाताबरण तथा विपद ब्यबस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको समग्र खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

## ६.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तिन वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिका ६.३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| 1 | नदी, खोला खोल्सा नियन्त्रण तथा प्राकृतिक पोखरी एवं ताल तलैया संरक्षण कार्यक्रम | पहिरो र कटान लगायतका प्रकोपको जोखिम न्यूनीकरण गरी उर्वराशक्ती र विकासका पूर्वाधारको संरक्षण गर्ने | सालबसाली | | गाउँपालिकाको नीति तथा कार्यक्रम र प्रथम आवधिक योजनाको प्राथमिकता | प्राकृतिक जल पुनर्भरण पोखरी, ताल तलैया निर्माण तथा संरक्षण हुने , खोला, खहरे र गल्छी नियन्त्रण हुने र क्षतिग्रस्त भूमी पुनरुत्थान हुनेछ |
| २ | विकासका पूर्वाधार संरक्षण | विकासका पूर्वाधारलाई दीगो र व्यवस्थित बनाउने | सालबसाली | | | सडक, पुल, कुलो, बाँध तथा भवन लगायतका विकासका पूर्वाधारको दीगो संरक्षण र संचालन हुनेछ । |
| ३ | भू—उपयोग क्षेत्र पहिचान, निर्धारण तथा योजना तर्जुमा र कार्यान्वयन | जमीनको क्षमता, उपयोग र विकासको आवश्यकता अनुसार समोचित व्यवस्थापन र व्यवस्थित विकासको आधार तयार गर्ने | सालबसाली | | | निर्धारित भूउपयोगको क्षेत्र अनुसार भूमिको उपयोग र स्वरुपको र व्यवस्थापन हुनेछ । |
| ४ | भूमिगत पानीको पुनर्भरण तथा संरक्षण र आकासेपानी संकलन | पानीको संरक्षण तथा व्यवस्थापन गर्न | सालबसाली | | | भूमिगत पानीको पुनर्भरण तथा संरक्षण र आकासेपानी संकलन सुरुवात हुनेछ । |

### ६.३.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ ।

## ६.४ विपद ब्यबस्थापन तथा जलवायू परिबर्तन अनुकुलन

### ६.४.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले लिएको मूल उद्धेश्यलाई टेवा पुग्ने गरी स्थानीय सरकारले समेत विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील स्थानीय तह निर्माण गर्दै दीगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपदबाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य अनुरुप आयोजना तथा कार्यक्रम तय गर्ने र सोहि मुताबिक बजेट सुनिस्चितता गर्नुपर्ने आबश्यकता रहेको छ | गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण कार्ययोजना निर्माण भएको छ । भूकम्प, बाढी, पहिरो, आगलागी, सडक दुर्घटना, चट्याङ, सुख्खा, खडेरी लगायत विपद्जन्य घटनामा परी वार्षिक रूपमा मानवीय, आर्थिक, सामाजिक, वातावरणीय र भौतिक संरचनामा ठुलो क्षति हुँदै आएको छ ।

### ६.४.२ संभावना र अवसर

यस गाउँपालिका क्षेत्रमा पार्ने प्रभावका आधारमा विभिन्न विपद जोखिमहरु मध्ये आगलागी, सडक दुर्घटना र बाढी, पहिरो प्रमुख रुपमा देखिएका छन। विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक सम्बोधनको लागि गाउँपालिकामा गाउँस्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना भई सञ्चालनमा रहेको छ। विपद् व्यवस्थापन तीनै तहका सरकारको अधिकार सूचीमा रहनु, विपद् गाउँपालिकामा जोखिम कोष सञ्चालन कार्यविधि निर्माण हुनु, नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्नु, खुला क्षेत्र संरक्षण गर्नु र विपद् उत्थानशील जस्ता कार्य हुनु अवसरका रूपमा रहेका छन् ।

### ६.४.३ समस्या तथा चुनौती

सरोकारवाला निकायहरु बीच समन्वय कमी हुनु र यस सम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन्। गाउँपालिकामा भूकम्प, आगलागी, बाढी-पहिरो, हावाहुरी, सवारी दुर्घटना, बन्यजन्तुको आक्रमण, पशुजन्य तथा अन्य स्वास्थ्यसंग सम्बन्धित महामारी जस्ता विपदको जोखिम रहेको छ | विपद् प्रतिकार्यका लागि संस्थागत तथा सामुदायिक क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ। अधिकांश भाग उच्च पाहाडि भूबनौटमा रहेको तथा केहि भाग नदीको तटिय क्षेत्रमा पर्ने, पाहाडि भागबाट पनि थुप्रै खहरेहरु आउँने भएका हुँदा यो गाउँपालिकाका अधिकाँश भाग बाढी- पहिरो जस्ता विपत्तिको जोखिमा रहेको अवस्था छ ।

### ७.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकाका विपद व्यवस्थापन तथा जलबायू परिवर्तन अनूकुलन सम्बन्धी उपक्षेत्रको लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- "विपद ब्यबस्थापनमा सवल तथा जलबायु उत्थानशील गाउँको स्थापना"

**लक्ष्य**

"विपद उत्थानशिलता र जलवायू परिवर्तनका अनुकुलन कार्यक्रमको प्रवद्र्धन गर्नु"।

**उद्देश्य**

विपद व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

- विपद् जोखिम तथा विपद्जन्य क्षति नोक्सानीको दर न्यूनीकरण गर्नु,
- जलबायू परिवर्तन अनुकूलनका कार्यक्रमको प्रबर्द्धन गर्नु ।

**७.५.४ रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही विपद व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति अबलम्बन गरिनेछ।

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनकालागि आवश्यक नीतिगत तथा कानूनी ब्यबस्था सहित विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।
२. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने ।
३. जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

## ६.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.४.१ विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोत: आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विपद व्यवस्थापन | | | | | |
| तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | १८ | २५ | ३२ | ४० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | ५ | ४ | ३.५ | ३ |
| नदि कटान र डुवानबाट प्रभावित क्षेत्र | हे. | २ | १.५ | १.२ | १ |
| सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ६३ | ६७ | ७० | ७४ |
| स्थानीय विपद् व्यवस्थित सूचना केन्द्रबाट ज्ञान तथा सिकाई प्राप्त गर्ने व्यक्ति | जना | २ | ५ | ७ | ९ |
| विपद् व्यवस्थापन कोष रकम (बार्षिक) | रु. ००० | ४००० | ४५०० | ५००० | ५५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| सुरक्षित, व्यवस्थित आवास क्षेत्र/वस्ती | संख्या | १७ | १९ | २१ | २५ |

### ६.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

वन, वाताबरण तथा विपद व्यवस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

### ६.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिका ६.४.२मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.४.२ विपद व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | विपद् व्यवस्थापन | | | | | |
| 1 | गाउँ विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा तथा अद्यावधिक | गाउँपालिकाको कोभिड १९ समेत अन्य विपदको व्यवस्थापन र जलवायु उत्थानशिलतामा बृद्धि गर्ने | निरन्तर | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता<br>एबम नीति तथा कार्यक्रमको प्राथमिकता | विपद रोकथाम, न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभ र जलवायु उत्थानशिल सम्बन्धी लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र लगानी योजना तयार हुनेछ । |
| 2 | वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम सञ्चालन | विपद व्यवस्थापनमा वडा र समुदायको क्षमता विकास र उत्थानशिलता बृद्धि गर्ने | सालबसाली | | | सबै वडामा समुदायलाई लक्षित गरी विपद न्यूनीकरण, पूर्व तयारी, खोज उद्दार, कृत्रिम अभ्यास, प्राथमिक उपचार, खोज उद्दार तालिम र सामाग्री व्यवस्थापन हुनेछ। |
| 3 | महामारी, बाढी, पहिरो, आगलागीबाट हुने जोखिम क्षेत्र, पहिचान, नक्सांकन र पूर्व तयारी तथा प्रतिकार्य | गाउँ क्षेत्रका प्रमुख विपदको जोखिम पहिचान, नक्शांकन गरी जोखिम न्यूनीकरणको लागि पूर्व तयार गर्ने | सालबसाली | | | कोभिड १९ लगायत गाउँ क्षेत्रका प्रमुख विपदको जोखिम पहिचान र नक्शांकन गरी पूव तयारी कार्ययोजना तयार हुनेछ। |
| ४ | आपत्कालीन सामग्री भण्डारण तथा गोदाम घर निर्माण | विपद उद्धार तथा राहत सामग्री व्यवस्थापनलाई सहज र व्यवस्थित बनाउने | सालबसाली | | | गाउँपालिकामा विपद ब्यबस्थापनको लागि आवश्यक सामाग्रीको भण्डारण र सहज आपूर्तीको व्यवस्था हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | दमकल तथा एम्बुलेन्सको व्यवस्थापन | विपद् व्यवस्थापनमा सहज गर्न | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | दमकल तथा एम्बुलेन्सको व्यवस्थापन हुनेछ। |
| ६ | वन्यजन्तु (बाँदर, दुम्सी, चितुवा, बँदेल) बाट सुरक्षा कार्यक्रम | जंगलि जनावरको व्यवस्थापन गर्न | सालबसाली | | | वन्यजन्तु (बाँदर, दुम्सी, चितुवा, बँदेल) बाट सुरक्षा कार्यक्रम |
| ७ | विपद व्यस्थास्थापन कोष वृद्धि तथा सञ्चालन | विपदको प्रतिकार्य र राहतमा वृद्धि गर्ने | सालबसाली | | | स्थानीय विपद व्यवस्थापन कोष संचालन हुनेछ । |

### ७.४.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्। उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ। संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ। विपद् सचेतनासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने छ । पाँच वर्षमा कम्तीमा ४५ ओटा जोखिममा परेका बस्ती स्थानान्तरण भएका हुने छन् । आवश्यक विपद् उद्धार सामग्रीको खरिद भएको हुने छ । विपद् व्यवस्थापन कार्यमा क्षमता वृद्धि भएको हुने छ ।उल्लेखित रणनीति तथा कार्यक्रम प्रभावकारी कार्यन्वयन हुन नसकेको खण्डमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ |

# परिच्छेद- ७

# सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह

## ७.१ नीति, ऐन तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारको समेत रहेको हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन्।यसलाई मध्यनजर गर्दै गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून तथा कार्यविधि र सेवा प्रबाह मापदण्ड तर्जुमा र कार्यान्वयन मार्फत जनआकांक्षा सम्बोधन गर्नुपर्ने छ ।

### ७.१.२ विद्यमान स्थिति तथा संभावना

संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूची र धारा ९ मा रहेका सांझा अधिकार सूची तथा सो को आधारमा नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत कार्य बिस्तृतिकरण समेतको आधारमा स्थानीय तहको अधिकार तथा कार्य कार्यान्वयनका लागि गाउँपालिकाले आबश्यकता र पहिचानको आधारमा बिभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा रहेका छन।संविधान तथा प्रचलित कानून अनुसार गाउँ सभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन् । साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

गाउँपालिकाबाट आवश्यकता पहिचानको आधारमा ऐन, नियम, कार्यविधि तथा मापदण्ड तयारी प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयन मा रहेका छन् । आफ्नै भवन सहित आवश्यक उपकरण तथा जनशक्ति भएका कारण संस्थागत सुशासन कायम राख्ने विषयमा पर्याप्त कार्य गर्न सकिने अवस्था रहेको हुँदा यसलाई अवसरका रुपमा लिएको खण्डमा यस पालिकामा संस्थागत सुशासन मजबुत बनाउँन सकिने संभावना रहेको छ ।

### ७.१.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि सुशासन प्रबर्धन गर्ने समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै निर्वाचित

जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना हुन सकिरहेको छैन ।

२०७६ सम्ममा प्राप्त नमूना कानुन, विधि तथा नियमावली र आवश्यकताका आधारमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गरिएको । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना हुनु जरुरी छ ।

## ७.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको नीति, कानून तथा सुशासन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ।

**सोच**

"पारदर्शिता, जवाफदेहिता र कानुनी शासन : मालारानी गाउँपालिकाको चाहना सुशासन"

**लक्ष्य**

"गाउँपाालिकाबाट प्रवाह हुने सेवामा जनताको अपनत्व वृद्धि हुने गरी सुशासन सहित जनमैत्री बनाउने।"

**उद्देश्य**

गाउँपालिकाको नीति, कानून तथा सुशासन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

- स्थानीय सुशासन प्रबर्द्धनका लागि आवश्यक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्नु|

**रणनीति**

नीति, कानून तथा सुशासन उपक्षेत्रको देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१. स्थानीय शासन संचालनको लागि आवश्यक नीति, कानून तथा प्रणालीको विकास र कार्यान्वयन गरी निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र जनमुखी बनाउने |

२. सहभागितामूलक नीति, कानून तथा निर्णय तर्जुमा र कार्यान्वयन प्रणाली अवलम्बन गर्ने

## ७.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

नीति, कानून तथा सुशासन उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिका ७.१.१ मा प्रस्तुत गरिएको छ।

तालिका ७.१.१ नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य( स्रोत: सम्बन्धित शाखा)

| सूचक | इकाई | आ.व.०७९/८० सम्मकोउपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५८ | ६७ | ७१ | ८० |
| सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न/पिछडिएको/लक्षित वर्ग | प्रतिशत | ५० | ५५ | ५८ | ६० |

| | | | | | |
|---|---|---|---|---|---|
| गाउँपालिका क्रियाशिल र साझेदार गर्ने गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ३ | ४ | ५ | ६ |
| गाउँ विकासमा गैससको बार्षिक योगदान रकम | रु. हजारमा | १५००० | २०००० | २२५०० | २५००० |
| स्वीकृत भएका नीति र कानून | संख्या | ८५ | ८९ | ९३ | ९७ |
| –ऐन | संख्या | १३ | १४ | १६ | १७ |
| क –नियम तथा विनियम | संख्या | ६ | ८ | ९ | ११ |
| ख –निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ६६ | ६७ | ६८ | ६९ |
| ग-क्रियाशिल नीतिगत समिति तथा संयन्त्र | संख्या | १८ | २० | २२ | २२ |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारको प्रकार | प्रकार | ३ | ४ | ५ | ५ |
| स्थानीय कानून, नीति र योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण र सुझाव लिने माध्यम | प्रकार | २ | ३ | ४ | ४ |
| गाउँपाालिका पेश भएका नीति, योजना र सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो | प्रतिशत | ९० | ९२ | ९५ | ९६ |

### ७.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ७.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

नीति, कानून तथा सुशासन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत ३ बर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम तथा उपलब्धी सूचक देहायअनुसार तालिका ७.१.२ मा प्रस्तुत गरिएको छ | (आवधिक योजनामा समाबेश कार्यक्रम तथा क्रियाकलापलाई एकीकृत गरी तयार गरिएको छ)

## तालिका ७.१.२ नीति, कानून तथा सुशासन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानित लागत (रु.०००) | पृष्टयाईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | सुशासन तथा विकास नीति | | | | | |
| 1 | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, परिमार्जन तथा प्रकाशन | तर्जुमा गर्नुपर्ने र बाँकी रहेका विषयमा नीति ऐन, नियम र कार्यबिधि तर्जुमा गर्ने | सालबसाली | | संबैधानिक र कानूनी व्यवस्था पालना | आबश्यक नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा तथा परिमार्जन हुनेछ । |
| २ | सुशासन तथा जबाफदेहिता प्रवद्र्धन कार्यक्रम | सामाजिक जवाफदेहिता प्रवर्धन गर्ने | सालबसाली | | जनविश्वास अभिवृद्धि गर्न | सार्बजनिक जवाफदेहिताको औजारको अभ्यास हुनेछ। |
| ३ | सूचना प्रविधिमैत्री शासन प्रवर्धन | सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउने | सालबसाली | | राष्ट्रिय नीति र कार्यक्रम | सेवाग्राहीको संख्यामा बद्धि र गुनासोमा कमी आउनेछ । |
| ४ | मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप, न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम | कानूनी सचेतना बृद्धि गर्ने तथा सामाजिक मेलमिलाप र सद्भाव अभिबृद्धि गर्ने | सालबसाली | | कानूनी दायित्व पुरा गर्न | शान्तिपूर्ण प्रक्रियाद्धारा विवाद निरुपणमा २५ प्रतिशतले बृद्धि हुनेछ । |
| ५ | गाउँ कार्यपालिका बैठक, सभा र बिभिन्न समितिको बैठक संचालन | कानुन, नीतिगत निर्णय तथा बजेट एबं कार्यक्रम माथि छलफल र स्वीकृत गर्ने | सालबसाली | | नीति तथा कानूनी व्यवस्था | बैठक र सभा व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन हुनेछ । |
| ६ | वडा कार्यालय संचालन | प्रशासनिक कार्य, राजस्व र अनुगमन सम्बन्धी कार्य संचालन गर्ने | सालबसाली | | नीति तथा कानूनी व्यवस्था | वडा कार्यालयबाट सेवा सुचारु हुनेछ । |

## ८.१.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ | यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

# ७.२ संगठन तथा क्षमता विकास

## ७.२.१ पृष्ठभूमि

बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ। अबका दिनमा गाउँपालिकाले सगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ। यसलाई मध्यनजर गर्दै गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्न संगठन तथा क्षमता विकासमा विशेष जोड दिनुपर्ने आवश्यकता रहेको छ ।

## ७.२.२ विद्यमान स्थिति तथा संभावना

संविधान तथा प्रचलित कानून अनुसार गाउँ सभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन । गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न भई सहज सेवा प्रबाह भैरहेको अवस्था छ भने वडावाट हुने सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ ।एकीकृत सेवा सहितको गाउँकार्यपालिका, वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह भैरहेको र उपरोक्त कार्यालयहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ। कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ। संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल गाउँपालिकामा विषय क्षेत्रसँग सम्बन्धित कर्मचारी कार्यरत रहेका छन ।

## ७.२.३ समस्या तथा चुनौति

गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार प्राबिधिक, तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ। कार्यपालिका कार्यालयमा विषयगत शाखाहरु सञ्चालनमा आएको भएता पनि एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ। गाउँकार्यपालिका र अन्तर्गतका कार्यालयवाट हुने कतिपय सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाइएको भएता पनि सबै सेवालाई सूचना प्रविधिमा आधारित बनाउनु चुनौती रहेको छ | यसै गरि संस्थागत क्षमता विकासको लागि पर्याप्त लगानु बढाउन नसक्नु अर्को समस्याको रुपमा रहेको छ |

## ७.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको संगठन तथा क्षमता विकास उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- सवल, जनमैत्री, र सुशासनयुक्त गाउँ सरकारको स्थापना

**लक्ष्य**

- संस्थागत क्षमता विकास, तथा उच्च मनोबलयुक्त र नतिजामुखी मानव संसाधन ब्यबस्थापन मार्फत सार्बजनिक सेवा प्रबाह एवम् सुशासन प्रबर्धनमा गुणात्मक वृद्धि गर्नु

**उद्देश्य**

गाउँपालिकाको संगठन तथा क्षमता विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेको छः

- स्थानीय सेवाको व्यवस्थापन, संस्थागत क्षमता, गुणस्तरीय मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु

**रणनीति**

संगठन तथा क्षमता विकास उपक्षेत्रको देहायअनुसार रणनीति अबलम्बन गरिनेछ।

१. सार्बजनिक सेवा प्रवाहलाई पारदर्शी, गुणस्तरीय र जनमैत्री  बनाउने |

२. गाउँ कार्यपालिका तथा वडा कार्यालय र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारी तथा संगठनको क्षमता विकास गर्ने |

३. सक्षम र उच्च मनोबलयुक्त जनशक्ति विकास गर्ने ।

४. गाउँपालिका र अन्तर्गतका कार्यालयको संस्थागत क्षमता विकास गर्ने |

## ७.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

संगठन तथा क्षमता विकास उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिका ७.२.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ७.२.१ संगठन तथा क्षमता विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य( स्रोतः सम्बन्धित शाखा)

| सूचक | इकाई | आ.व.०७९/८० सम्मकोउपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| गाउँपालिका तथा वडा कार्यालय भवन | संख्या | ८ | ८ | ९ | ९ |
| संस्थागत क्षमता विकासको लागि बार्षिक लगानी (जम्मा बजेटको) | प्रतिशत | ३ | ३.५ | ४ | ४.५ |
| योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व | प्रतिशत | ३९ | ४३ | ४६ | ५१ |
| गाउँपालिकावाट बार्षिक संचालित क्षमता विकास तालिम | संख्या | ३ | ४ | ५ | ७ |
| जवाफदेहिता, क्षमता विकास कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | वटा | ५ | ६ | ६ | ७ |

## ७.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रवाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

संगठन तथा क्षमता विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.२.१ संगठन तथा क्षमता विकास उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | अनुमानितलागत (रु.०००) | पुष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | संगठन तथा क्षमता विकास | | | | | |
| 1 | कार्यालय व्यवस्थापन एवं भौतिक निर्माण तथा सुधार कार्यक्रम | संस्थागत क्षमता बिकास गर्नु | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | सबै विषयगत शाखा र वडा कार्यालयको न्यूनतम भौतिक सुविधा उपलब्ध हुनेछ। |
| 2 | स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन कार्यक्रम | संस्थागत क्षमता बिकास गर्नु | सालबसाली | | | संस्थागत स्वमूल्यांकनमा सुधार हुनेछ। |
| 3 | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिबृद्धि, अध्ययन अबलोकन कार्यक्रम | संस्थागत क्षमता बिकास गर्नु | सालबसाली | | | कार्य सम्पादनमा ३३ प्रतिशतले बृद्धि हनेछ । |
| ४ | टोल विकास संस्था गठन तथा परिचालन | संस्थागत क्षमता बिकास गर्नु | सालबसाली | | | टोल विकास संस्था विकास र परिचालन बृद्धि हुनेछ । |
| ५ | लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम | संस्थागत क्षमता बिकास गर्नु | सालबसाली | | | लक्षित वर्गको सहभागिता र विस्वासमा बृद्धि हुनेछ । |
| ६ | सालबसाली प्रशासनिक खर्च | संस्थागत क्षमता बिकास गर्नु | सालबसाली | | | कार्यालय प्रभावकारी रुपमा संचालन हुनेछ। |

### ७.२.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ | यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नागरिक बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभावमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.३ राजश्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन्। बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अवलम्बन गर्न जरुरी छ। गाउँपालिकाको आन्तरिक राजश्वलाई थप व्यबस्थित गरी बिस्तृत योजना मार्फत आन्तरिक आय वृद्धि गर्नु पर्नेछ | राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

### ८.३.२ विद्यमान स्थिति तथा संभावना

स्थानीय राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, घरवहाल कर तथा वहाल विटौरी शुल्क लगायत सिफारिस तथा प्रमाणित शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार कर तथा गैरकर राजश्व संकलन हुदै आएको छ | गाउँपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ। गाउँपालिकाको  वित्तीय स्रोत बढ्दै गएको र गाउँपालिकाको संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग र तदारुपता पनि क्रमशः बढदै गएको छ।

### ७.३.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध सिमित श्रोत —साधनको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने, प्रभावकारी र गुणस्तरीय विकास ब्यबस्थापन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि मानब स्रोत परिचालन गर्ने अवसर प्रदान गरेको भयता पनि संस्थागत क्षमता विकासको अभावले अपेक्षाकृत सफलता हासिल गर्न सकिएको छैन। स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी रहेको छ। गाउँपालिकाको आन्तरिक आय न्यून हुँदा विकासमा सङ्घीय र प्रदेश सरकारको अनुदानमा भर पर्नु पर्ने अवस्था रहेको छ।

### ७.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- सवल गाउँ सरकार स्थापनाः साधन स्रोतको उच्चतम ब्यबस्थापन

**लक्ष्य**

- आन्तरिक आम्दानी वृद्धि तथा उपलब्ध वित्तीय स्रोत साधनको बिबेकपूर्ण र प्रतिफलयुक्त परिचालन मार्फत सार्बजनिक वित्तको समुचित ब्यबस्थापन गर्ने

**उद्देश्य**

गाउँपालिकाको राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- आन्तरिक तथा वाह्य श्रोत परिचालनमा गुणस्तरीय वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु ।

**रणनीति**

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रमा देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१. राजस्वको दायरा बृधि गरी आन्तरिक आयमा बृद्धि तथा सवलिकरणमा गर्ने ।

२. स्रोतको प्राप्ति, राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने ।

३. सार्वजनिक सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने ।

४. स्रोत परिचालनका लागि गैसस, सरकारी तथा गैरसरकारी र निजी क्षेत्रका निकायसँग समन्वय साझेदारी विकास गर्ने ।

## ७.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.३.१ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य ( स्रोतः सम्बन्धित शाखा)

| सूचक | इकाई | ०७९/८० सम्मको उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| राजश्व तथा स्रोत परिचालन | | | | | |
| आन्तरिक आयमा बार्षिक वृद्धि | प्रतिशत | ७ | ११ | १३ | १७ |
| राजश्व परामर्श समितिको बैठक (बार्षिक) | संख्या | १ | ३ | ४ | ४ |
| राजस्व परामर्श समिति पदाधिकारी र राजस्व शाखामा कार्यरत कर्मचारीको क्षमता विकास तालिम | भए/नभएको | नभएको | भएको | भएको | भएको |
| राजश्व संकलन सुचना प्रविधिमा आधारित | भए/नभएको | नभएको | भएको | भएको | भएको |
| राजश्व सुधार कार्ययोजना तर्जुमा तथा परिमार्जन | भए/नभएको | भएको | भएको | भएको | भएको |

## ७.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रवाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.३.२ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानितलागत (रु.000) | पृष्टयाईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | राजस्व तथा श्रोत परिचालन | | | | | |
| 1 | आन्तरिक आयको संभाव्यता अध्ययन तथा प्रक्षेपण (राजश्व सुधार कार्ययोजना तर्जुमा तथा परिमार्जन र कार्यान्वयन) | कानून अनुसार कर तथा गैरकर राजस्व, दस्तुर स्रोतको दायरामा गुणात्मक सुधार मार्फत आन्तरिक आय बृद्धि गर्ने | सालबसाली | | | आन्तरिक आयमा कम्तिमा २५ प्रतिशतका दरले बार्षिक बृद्धि हुनेछ । |
| 2 | राजस्व व्यवस्थापन सूचना प्रणाली विकास तथा संचालन र करदाता शिक्षा तथा प्रोत्साहन कार्यक्रम | स्थानीय करको विषय क्षेत्र, दायरा, दर, छुट र भुक्तानी प्रक्रिया बारे जानकारी गराउने र असुली लाई सहज बनाउने | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | बिधुतिय भुक्तानी प्रणाली लागु भई कर असुली सहज हुनुका साथै करदाताको सहभागिता र सहयोगमा बृद्धि हुनेछ । |
| 3 | राजस्व राजस्व परामर्श समिति र शाखा संचालन तथा राजस्व परिचालन तथा अनुगमन र क्षमता विकास | कर प्रशासन र अभिलेख लाई सेवाग्राहीमैत्री र व्यवस्थित बनाउने | सालबसाली | | | राजस्व ब्यबस्थापन लाई प्रभावकारी हुनुकासाथै नागरिकको सन्तुष्टीको स्तरमा ४० प्रतिशतले बृद्धि हुनेछ । |

## ७.३.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ । यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.४ योजना र विकास ब्यबस्थापन

### ७.४.१ पृष्ठभूमि

गाउँपालिकाले सगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ ।यसलाई मध्यनजर गर्दै गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय योजना तथा विकास व्यवस्थापनलाई उच्चतम महत्व दिएको छ | योजना र विकास ब्यबस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

### ७.४.२ विद्यमान स्थिति तथा संभावना

स्थानीय तहको अधिकार तथा जिम्मेवारी कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यकता र पहिचानको आधारमा बिभिन्न योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

गाउँपालिकाको बिशिस्टता, आवश्यकता, प्राथमिकता, उपलब्ध स्रोत र संभावनालाई व्यवस्थित गर्न बिभिन्न क्षेत्रगत गुरुयोजना, तथा योजना तर्जुमा चरणमा रहेका छन् भने गाउँपालिकाको डिजिटल पार्श्वचित्र तयार गर्नु आवश्यक छ | बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियमा जनसहभागिता सुनिस्चित हुने गरी टोल एबम् बस्तीस्तरबाटै सहभागितामूलक योजना छनौट प्रक्रियाको अभ्यास भैरहेको छ ।गाउँपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ।गाउँपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ।

### ७.४.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध सिमित श्रोत —साधनको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने, प्रभावकारी र गुणस्तरीय विकास ब्यबस्थापन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि मानब स्रोत परिचालन गर्ने समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् ।

विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्र अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत कमजोर रहेको छ।संस्थागत संरचना, मानव श्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ।

गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, बस्ती तथा भौतिक विकास, यातायात, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा नहुँदा ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकताका

आधार र प्रक्रिया निर्धारण नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन ।

### ८.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- "योजना तथा बिकास ब्यबस्थापनमा गुणस्तर वृद्धि"

**लक्ष्य**

- योजना तथा विकास ब्यबस्थापनको प्रभावकारितामा गुणात्मक परिबर्तन मार्फत प्रतिफलयुक्त बनाउने ।

**उद्देश्य**

गाउँपालिकाको योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- योजना तथा विकास ब्यबस्थापन प्रणाली सूचना प्रविधिमा आधारित बनाउने,

**रणनीति**

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१ योजना व्यवस्थापन प्रक्रिया लाई सरल, सूचना प्रविधि तथा नागरिकमैत्री, सहभागितामूलक र पारदर्शी बनाउने ।

२ विकास ब्यबस्थापनका लागि गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

### ७.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिका ७.४.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ७.४.१ योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः सम्बन्धित शाखा)

| सूचक | इकाई | आ.व.०७९/८० सम्मकोउपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विकास व्यवस्थापन | | | | | |
| खण्डीकृत विषयगत र श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | नभएको | भएको | भएको | भएको |
| स्वीकृत स्थानीय गौरवका आयोजना | संख्या | ० | ० | १ | १ |
| नतिजामूलक ढाँचामा योजना तर्जुमा | भए/नभए | नभएको | भएको | भएको | भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुगमन तथा मूल्याङ्कन ढाँचा र योजना | भए/नभए | भएको | भएको | भएको | भएको |
| समयमा सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | ४९ | ५३ | ५८ | ७० |
| आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | २ | २ | ३ | ४ |
| योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व | प्रतिशत | ३५ | ३९ | ४५ | ५१ |

### ८.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रवाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.४.२ योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानितलागत (रु.000) | पृष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | योजना र विकास व्यवस्थापन | | | | | |
| १ | आवधिक योजना, मध्यमकालीन योजना तथा बिभिन्न बिषयगत रणनीतिक योजना निर्माण तथा कार्यान्वयन, समिक्षा, अध्यावधिक र पूर्व संभाव्यता अध्ययन एबं डिपिआर र आयोजना वैक तयारी | बार्षिक योजनालाई ठोस र उपलब्धी बनाउन आयोजना बैंक तयार गर्ने | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | आयोजना ब्यबस्थापन प्रभावकारी भई आयोजनाको संख्यामा ४५ प्रतिशतले कमी हुने र गुणस्तरीय आयोजना छनौट तथा कार्यान्वयन र सम्पन्न हुने आयोजनाको संख्यामा बृद्धि हुनेछ । |
| २ | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली संचालन | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, प्रभाव लेखाजोखा र यस सम्बन्धी ज्ञानलाई व्यवस्थित बनाउने | सालबसाली | | | योजना प्रणालीलाई नतिजा र श्रोतसँग आवद्ध हुनेछ । |
| ३ | उपभोक्ता समिति र टोल विकास संस्था गठन, क्षमता विकास तथा परिचालन कार्यक्रम | उपभोक्ता समितिबाट हुने अयोजना कार्यान्वयनलाई गुणस्तरीय, लागत प्रभावकारी र उपलब्धीमूलक बनाउने | सालबसाली | | | उपभोक्ता समितिले तोकिएको मापदण्ड र समयतालिका भित्र आयोजना सम्पन्न गर्न सफल हुनेछन् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | राहत कोष, मर्मतसंभार कोष र अन्य कोष स्थापना तथा संचालन | बार्षिक योजनालाई नतिजा मा आधारित प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउने | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | कोष संचालन सम्बन्धि बार्षिक योजना तर्जुमा हुनेछ । |
| ५ | सेवा प्रवाह सम्बनधी सफ्टवेयर प्रणाली सञ्चालन र सेवा प्रबाह, सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धि बिबिध कार्यक्रम | विद्युतीय माध्यमबाट नियमित रुपमा विना रोकाबाट सेवा र सूचना प्रवाह गर्नुका साथै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने | लवसाली | | | राजस्व, योजना, प्रशासन, व्यावसाय दर्ता र नविकरण, सम्पत्ती व्यवस्थापन सम्बन्धी सेवा प्रणाली सम्बन्धी सफ्टवयर संचालन भई सेवा अटोमेशन हुनेछ । |

# अनुसुचीहरु

## अनुसूची १ :

**अनुसूची १ : प्रति इकाई लागत अनुमान** लागत (रु. हजारमा)

| प्रतिफल | एकाई | प्रति एकाई लागत | कैफियत | |
|---|---|---|---|---|
| कृषि वन तथा भुमि सुधार | | | | |
| रासायनिक मल | | | अन्तराष्ट्रिय मुल्य, र विनिमय दर ओभरहेड खर्चको आधारमा औषत लागत | |
| युरिया | मे.टन | | | |
| डी.ए.पी. | मे.टन | | | |
| पोटास | मे.टन | | | |
| प्राङगारिक मल | मे.टन | बजार मुल्यको आधारमा निर्धारण हुने | | |
| कम्पोष्ट (धुलो) | क्विन्टल | | बजारमा उपलव्ध विभिन्न ब्रान्ड तथा गुणको प्रांगारिक मलको औषत मुल्यको आधारमा | |
| कम्पोष्ट (दानादर) | क्विन्टल | | | |
| भर्मी कम्पोस्ट | क्विन्टल | | | |
| बीउ | /के.जी क्विन्टल | | विभिन्न तरकारी तथा खाद्यन्न बिउहरुको उत्पादन लागत औषतको आधारमा | बिउको प्रकार उल्लेख गर्ने ) |
| फलफुल तथा तरकारी बिरुवा | गोटा | | विभिन्न फलफुल बिरुवाहरुको सरकारी मूल्यको औषतको आधारमा | बिरुवाको प्रकार उल्लेख गर्ने |
| साना कृषि यन्त्रहरु | गोटा | | | यन्त्रको प्रकार उल्लेख गर्ने |
| चिलिंग भ्याट | गोता/लिटर | | | |
| बिभिन्न प्रजातिका जनावर तथा कुखुरा वितरण | गोटा | | | प्रकार उल्लेख गर्ने |

| | | | | |
|---|---|---|---|---|
| बिभिन्न खोर तथा गोठ निर्माण | संख्या | | | प्रकार अनुसार लागत गणना गर्ने |
| बिभिन्न तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन | वटा | | कार्यक्रमको अबधि, सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताब तयार गरी यकिन गर्ने | |
| व्यवसायीक तथा सीप विकास तालिम | पटक | | कार्यक्रमको अबधि, सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताब तयार गरी यकिन गर्ने | |
| बिभिन्न चेतनामुलक कार्यक्रम | पटक | | | |
| भौतिक पुर्बाधार तथा यातायत | | | | |
| पिच सडक | कि.मि | | डबल लेन | |
| ग्रावेल सडक | कि.मि | | डबल लेन | |
| नयाँ ट्र्याक खोल्ने सडक | कि.मि | | डबल लेन | |
| पुल | प्रति मि. | | डबल लेन | |
| सिंचित क्षेत्र विकास कार्य | कि.मि | | | |
| नहर संचालन तथा र्ममत | प्र.श | | | |
| तटवन्ध निर्माण | कि.मि | | | |

*नोटः प्रत्येक आयोजना तथा कार्यक्रमको प्रकृति अनुरुप इकाई पहिचान गरी सोको आधारमा प्रति इकाई लागत अनुमान बस्तुपरक निर्धारण गरी सोहि आधारमा उपरोक्त कार्यक्रम तथा आयोजनाको जम्मा लागत निकाल्ने ।*

# अनुसूचि २

## श्रोत अनुमान तथा प्रक्षेपण

| क्र.स. | विवरण | आ.व. ०७८/७९ को यथार्थ | आ.व. ०७९/०८० को संशोधित अनुमान | मध्यमकालीन वजेट अनुमान र प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | तीन वर्षको कूल |
| १ | खर्च अनुमान | ६०७०७९ | ६८४५७२ | ६३१५५० | ६६३१२८ | ७२९४४० | २०२४११८ |
| | चालु खर्च | ३९५०२९ | ४८६८७४ | ४८४९७८ | ५०७४६४ | ५३२३३१ | १५२४७७३ |
| | पुँजीगत खर्च | १८६७६३ | १९७६९८ | १४६५७२ | १५५६६५ | १९७१०९ | ४९९३४६ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | 0 | |
| | कुल | ५८१७९२ | ६८४५७२ | ६३१५५० | ६६३१२९ | ७२९४४० | २०२४११९ |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | ६२९९ | ३९२३९ | ४६९४६ | ४९२९३ | ५४२२३ | १५०४६२ |
| २.२ | प्रदेश राजस्व बाँडफाँटबाट प्राप्त रकम | ६३४७ | ६८५८ | ४५९५ | ४८२५ | ५३०७ | १४७२७ |
| २.३ | संघीय राजस्व बाँडफाँटबाट प्राप्त रकम | ८६८४४ | ९५८५२ | ९३९२२ | ९८६१८ | १०८४८० | ३०१०२० |
| २.३ | रोयल्टी बाँडफाँट | ० | ० | ० | 0 | 0 | ० |
| | क. वन रोयल्टी | ० | ४३ | ४३ | ४५ | ५० | १३८ |
| | ख. खानी रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |
| | ग. विद्युत रोयल्टी | ० | ० | ० | 0 | 0 | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ङ. पानी तथा अन्य रोयल्टी | ० | ० | ० | 0 | ० | ० |
| 2.4 | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ४७३१२० | ५०६३२१ | ४६०५०० | ४८३५२५ | ५३१८७८ | १४७५९०३ |
| | समानिकरण अनुदान | ११२१०० | ११९९०० | १०४२०० | १०९४१० | १२०३५१ | ३३३९६१ |
| | शसर्त अनुदान (चालु र पुँजीगत) | ३४२०२० | ३६७४२१ | ३४०३०० | ३५७३१५ | ३९३०४७ | १०९०६६२ |
| | विषेश अनुदान | १३२०० | ७००० | ८००० | ८४०० | ९२४० | २५६४० |
| | समपुरक अनुदान | ५८०० | १२००० | ८००० | ८४०० | ९२४० | २५६४० |
| 2.5 | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ३४४६९ | ३६२५८ | २५५८७ | २६८६६ | २९५५३ | ८२००६ |
| | क.समानीकरण अनुदान | ५२३८ | ६४५८ | ७४३७ | ७८०९ | ८५९० | २३८३६ |
| | ख.सशर्त अनुदान (चालु र पुँजीगत) | ८५४४ | ८००० | ८१५० | ८५५८ | ९४१३ | २६१२१ |
| | ग. बिशेष अनुदान | ६००० | ६८०० | ० | ० | 0 | ० |
| | घ. समपूरक अनुदान | १४६८७ | १५००० | १०००० | १०५०० | ११५५० | ३२०५० |
| २.६ | जनसहभागिता | ० | ० | ० | ० | 0 | ० |
| ३ | मौज्दात रकम (आन्तरिक आयमा गणना गरिएको ) | ० | ० | ० | ० | 0 | ० |
| | कुल | ६०७०७९ | ६८४५७१ | ६३१५५० | ६६३१२८ | ७२९४४० | २०२४११८ |
| | बचत (–) न्यून (+) | | | | | | |

***स्रोतः आर्थिक प्रशासन शाखा***

# अनुसूचि ३

## बजेट खर्च तथा स्रोतको विषय क्षेत्रगत त्रिबर्षीय अनुमान

*नोटः संघ र प्रदेशवाट प्राप्त हुने राजश्व बाँडफाँटको रकम, रोयल्टी बापत प्राप्त रकम र घर जग्गा रजिस्ट्रेसन शुल्क समेत आन्तरिक आयमा गणना गरिएको छ ।*

१. आर्थिक विकास क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८०/०८१ | ३९१९६ | २७४३७ | ११७५९ | ५२२० | ३०४२६ | ३५५० | |
| २०८१/०८२ | ४५०७५ | 27045 | १८०३० | ६००३ | ३४९९० | ४०८३ | |
| २०८२/०८३ | ४९५८३ | २९७५० | १९८३३ | ६६०३ | ३८४८९ | ४४९१ | |
| जम्मा | **१३३८५४** | **८४२३२** | **४९६२२** | **१७८२६** | **१०३९०५** | **१२१२३** | |

२ सामाजिक विकास क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८०/०८१ | ३५३५५९ | ३०७५०६ | ४६०५३ | १००१० | ३४२५७९ | ९७० | |
| २०८१/०८२ | ३७१२३७ | ३२२८८१ | ४८३५६ | १०५११ | ३५९७०८ | १०१९ | |
| २०८२/०८३ | ४०८३६१ | ३३९०५० | ६९३३५ | ११५६२ | ३९५६७९ | ११२० | |
| जम्मा | ११३३१५७ | ९६९४३७ | १६३७४४ | ३२०८२ | १०९७९६६ | ३१०९ | |

३ पूर्वाधार विकास क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८०/०८१ | ८३७४७ | ४१८७ | ७९५६० | ८४११ | ५४९१८ | २०४१७ | |
| २०८१/०८२ | ८७९३४ | ४३९७ | ८३५३८ | ८८३२ | ५७६६४ | २१४३८ | |
| २०८२/०८३ | ९६७२८ | ४८३६ | ९१८९२ | ९७१५ | ६३४३० | २३५८२ | |
| जम्मा | २६८४०९ | १३४२० | २५४९९० | २६९५८ | १७६०१२ | ६५४३६ | |

४ वन, वातावरण तथा विपद व्यबस्थापन क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८०/०८१ | ३७६५ | २१२९ | १६३६ | ७०० | ३०६५ | ० | |
| २०८१/०८२ | ४५७३ | २२३५ | २३३८ | ९०० | ३६७३ | ० | |
| २०८२/०८३ | ५०२९ | २५५९ | २४७० | ९९० | ४०४० | ० | |
| जम्मा | १३३६७ | ६९२३ | ६४४४ | २५९० | १०७७८ | ० | |

५ सुशासन तथा संस्थागत क्षमता विकास

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८०/०८१ | १५१२८३ | १४३७१९ | ७५६४ | १२११२२ | २९५११ | ६५० | |
| २०८१/०८२ | १५४३०९ | १५०९०५ | ३४०४ | १२६४९१ | २७४९० | ३२७ | |
| २०८२/०८३ | १६९७४० | १५६१६० | १३५७९ | १३९१३९ | ३०२४० | ३६२ | |
| जम्मा | ४७५३३२ | ४५०७८४ | २४५४७ | ३८६७५२ | ८७२४१ | १३३९ | |